मितिः २०७८ कार्तिक २५ गतेको कार्यपालिकाको बैठकबाट स्वीकृत


# नगर शिक्षा योजना

## (२०७८-२०८७)

शिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**शिक्षा युवा तथा खेलकुद शाखा**
तलकोट, डोटी
सुदूरपश्चिम, नेपाल

# शिखर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# शिक्षा, युवा तथा खेलकुद शाखा
## तलकोट, डोटी

# नगर शिक्षा योजना २०७८–२०८७




# Municipal Education Plan 2078-2087

## Shikhar Municipality

## Office of the Municipal Executive

## Education, Youth and Sports Section

Talkot, Doti

# नगर शिक्षा योजना २०७८–२०८७


प्रकाशक : शिखर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
तलकोट, डोटी

प्रकाशन प्रति : ३५०



©सर्वाधिकार : प्रकाशकमा


*यो सामग्री शिखर नगरपालिकाका सम्पूर्ण विद्यालयहरु, सामुदायिक सिकाइ केन्द्र, क्याम्पस, विषयगत शाखाहरु, वडा कार्यालयहरुलाइ निःशुल्क वितरणका लागि प्रकाशन गरिएको हो । अन्य व्यक्ति एबम् संघसंस्थाहरुलाइ यसको मुद्रणीयकपी निःशुल्क प्राप्त गर्न कर लाग्ने छैन ।*

## नगर प्रमुखको मन्तव्य

कुनै पनि कार्यको लागि योजनाको आवश्यकता पर्दछ । योजनाले कार्यको मार्गनिर्देशन गर्दछ । योजना बिनाको कामबाट अपेक्षा गरेको फल प्राप्त गर्न सकिदैन । योजनाबद्ध ढंगले कार्य गर्न थाल्दा त्यस कार्यबाट सफलताका साथसाथै उपलब्धि पनि राम्रो पाईन्छ । त्यसैले नगरका सबै विकासका कार्य तथा योजनाका लागि पनि योजनाको आवश्यकता पर्दछ । बिना लगामको घोडा जस्तै बिना योजनाको कार्यले कहीँ न कहीँ गएर ठोक्किन पुग्छ । त्यसमा पनि समग्र पालिकाको विकास तथा भविष्यको लागि योजना बिनाको प्रस्थान गरे कागको कुहिरो झै हराउनुको विकल्प रहदैन ।

हाम्रो देशमा शिक्षाका योजना, नीति, ऐन बन्न थालेको इतिहास धेरै लामो छैन तर बन्न थाले पछि योजनाबद्ध ढंगले शैक्षिक क्षेत्र अगाडी बढेको छ । पछिल्लो समयमा देश संघीयतामा गए संगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधाारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय तहले अधिकार प्राप्त गर्दैमा शिक्षाले व्यक्ति, समाज, राष्ट्र सुहाउँदो प्रतिफल दिदैन त्यसका लागि स्थानीय तहले व्यवहारिक,आवश्यकता,उपयोगितामुखी शिक्षामा जोड दिनुपर्छ । शिक्षा क्षेत्रमा प्रगति तथा आमूल परिवर्तनका लागि योजनाबद्ध तरिकाले लागि पर्नुपर्छ ।

हामीले शिक्षा लाई व्यवहारिक,उपयोगी बनाउनका लागि स्थानीय ज्ञान, सीप संग जोडेर शैक्षिक योजना निर्माण गरेका छौ । व्यक्तिका दैनिक जीवनमा आईपर्ने समस्याको समाधान गर्न सक्ने खालको शैक्षिक क्षेत्र निर्माणका लागि योजनाबद्ध रुपमा अगाडी बढेका छौ । व्यक्तिको विकास शिक्षाले र समाज, राष्ट्रको विकास व्यक्तिले गर्ने हुँदा यस नगरको शैक्षिक क्षेत्रको विकासका लागि हामिले यो दश वर्षे योजनाको निमार्ण गरेका हौ । विगतलाई आधार बनाई वा भनौ विगतबाट पाठ सिकेर वर्तमानमा सिक्दै, सच्चयाउदै भविष्यका लागि शिखरलाई शैक्षिक क्षेत्रमा नै शिखर बनाउने अविरल प्रयत्न गरिरहेका छौ । शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी, शिक्षाप्रेमी सबैको सहयोग र सहकार्यमा यस शिखरलाई शैक्षिक विकासको उचाईमा पुऱ्याउनका लागि निरन्तर लागिरहने छौ ।

धन्यबाद ।

........................

सीताराम जोशी
नगर प्रमुख

## नगर उप प्रमुखको मन्तव्य

सही तरिकाले हिड्न नजान्दा सही काम पनि गलत हुनसक्छ । त्यसैले कुनै कार्यका लागि पनि योजना चाहिन्छ । योजनाबद्ध रुपमा अगाडी बढ्दा प्रभावकारीका साथै त्यो कार्यले राम्रो प्रतिफल दिन्छ र दिगो हुन्छ । हाम्रो समाजमा विभिन्न किसिमका कुप्रथा, अन्धविश्वास तथा विभेदले गहिरो जडा गाडेको छ । ती जरा काट्न शिक्षाको आवश्यकता पर्न जान्छ । समाजलाई सकारात्मक परिवर्तनको बाटो हिडाउनका लागि योजनाबद्ध शैक्षिक क्षेत्रको आवश्यकता पर्न जान्छ ।

महिला, वालवालिका ,पिछडिएका वर्ग, तथा सिमान्कृत समुदायको उत्थानका लागि शिक्षाको आवश्यकता पर्दछ । शिक्षा विना कुनै पनि व्यक्ति पूर्ण नहुने भएकाले शिक्षामा सबैको पहूंचयोग्य बनाउन जरुरी छ । पछिल्लो समयमा अशिक्षित वर्गले जुन असहजता महसुस गर्नुपरेको छ, त्यो असहजता भावी पुस्ताले व्यवहारिक, सीपमूलम तथा प्राविधिक शिक्षा आर्जन गर्न नसक्दा महसुस गर्नुपर्ने हुनसक्छ । त्यसैले सबै सरोकारवालाहरुले आ-आफ्नो क्षेत्रबाट शिक्षा क्षेत्रको विकासका लागि भूमीका खेल्नु जरुरी देखिन्छ ।

ज्ञान, सीपका साथै शिक्षाले संस्कार पनि सिकाउन सक्नुपर्छ । जसबाट सभ्य तथा आर्दश समाजको निर्माण हुन्छ । स्थानीय सरकारले शिक्षामा प्रशस्त लगानी लगाउनुका साथै उत्पादनमूखी बनाउनका लागि पनि योजनाको आवश्यकता पर्दछ । विभेदरहित समाजको निर्माणका लागि सबैलाई समान अवसर दिनुपर्छ । स्थानीय स्तरको कला, सीप, परम्परा, संस्कृति, प्रकृति, हावापानी, जीवनशैलीका साथसाथै वालवालिकाको रुची, आश्यकता तथा क्षमतालाई समेत ध्यानमा राखी  स्थानीय पाठ्यक्रम निर्माण गरेका छौ । जसबाट स्थानीय स्रोत साधनको परिचालनका साथै विकास पनि हुनमा टेवा पुग्दछ । यसरी हामीले आफ्नो तहबाट गर्न सक्ने कार्य तथा लगाउन सक्ने  लगानीमा कुनै कन्चुसी नगरी बढी भन्दा बढी जोड दिनुपर्छ । शिक्षाको लगानी  कहिल्यै पनि फजुल जादैन र अझै शिक्षाको विकासका लागि हामी कहिल्यै पछि नपर्ने अठोट प्रतिबद्धता गर्दैछौ ।

..............................

धौली देवी रावल
नगर उप-प्रमुख

## दुई शब्द

योजना विनाको काम सम्भव भएपनि सम्पन्न हुन जटिल हुन्छ । शिक्षा व्यक्ति, समाज तथा राष्ट्रकै गहना हो । समाजको दीर्घकालीन विकासका लागि व्यक्तिमा चेतनाको स्तर हुन जरुरी छ  जुन शैक्षिक क्षेत्रको विकासबाट मात्र सम्भव छ । हाम्रो समाजले अझै रुढीवादी, कुसंस्कार, अन्धविश्वास, विभेदको दलदलबाट उन्मुक्ति पाउन सकेको छैन । सभ्य, स्वस्थ, शिक्षित तथा प्रगतिशील समाजको निर्माणका लागि शिक्षा क्षेत्रलाई योजनाबद्ध रुपमा अगाडी बढाउनु पर्छ । एउटा नगरको मात्र होईन सिंगो राष्ट्रको विकास तथा गतिका लागि नीति, नियम, ,ऐन, कानुन तथा सम्रग योजना निर्माण बौद्धिक क्षेत्रबाटै निर्माण गरिने हुँदा शिक्षाको जग नै बलियो बनाउन आवश्यक हुन्छ  । जुन प्रयास हामीले नगरको दश वर्षे शैक्षिक योजनाबाट सुरु गरेका छौ ।

साच्चिकै भोलिको पुस्तामा बौद्धिक, आर्थिक, सामाजिक तथा चौतर्फि सबलताको लागि आजको शैक्षिक जगतलाई सान्दर्भिक, तथा व्यवहारिक बनाउनु पर्छ । आजको अवस्था तथा आवश्यकता के छ ? के व्यक्तिको दैनिक जीवनमा आईपर्ने समस्याको समाधान गर्नसक्ने हैसियत आजको शिक्षाले राख्दछ ? के हाम्रा वालवालिकाहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सामर्थ्य राख्न सक्छन ? जस्ता यावत प्रश्नहरुलाई मध्यनजर गर्दै शैक्षिक योजना निर्माण गरेका छौ । शैक्षिक क्षेत्रले देशको समग्र पक्षलाई ओगट्ने भएकाले शैक्षिक क्षेत्र संवेदनशिल हो । शिक्षाको विकासले मात्र सम्पूर्ण देश र जनताको विकास तथा सम्वृद्ध राष्ट्र निर्माण हुने हुदाँ शिक्षा क्षेत्रमा आर्थिक लगानी पनि बढाउनुपर्ने देखिन्छ ।

देश संघीयतामा गए संगै आधाारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाइ प्राप्त भयो । जसले पहुंचका साथै शिक्षा क्षेत्रको विकास गर्न पनि सहज भएको छ । स्थानीय स्तरको आवश्यकता पहिचान गरी सो अनुसार स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय स्तरको सीप, कौशलको विकास गर्नका लागि पनि योजना चाहिन्छ । दिगो सिकाई तथा विकासका साथसाथै चरणबद्ध कदमका लागि योजनाको आवश्यकता पर्दछ । यो दश वर्षे शैक्षिक योजना हाम्रो पहिलो प्रयास हो जसलाई निरन्तर अध्ययन, खोज तथा अनुसन्धानमुखी बनाई शैक्षिक क्षेत्रलाई बलियो र प्रभावकारी बनाउने प्रतिबद्धता गर्दछौ ।

.......................................

परमानन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## दुई शब्द

मानव विकासको ईतिहासलाई केलाउने हो भने मानव जातीले विकास, आविश्कार र परिवर्तनमा ठुलो फड्को मार्नुमा शिक्षाको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । शिक्षा आर्जन गर्ने विभिन्न तैर तरिकाहरु रहदै आएको भए पनि आर्जित शिक्षा मानव विकास तथा सुधारात्मक र सकारात्मक परिवर्तनहरुमा मेरुदण्डनै सावित भएको देखिन्छ । समाजमा हुने सबै किसिमका परिवर्तनहरु शिक्षा वा शैक्षिक वर्गहरुमा निर्भर रहेको देखिन्छ । मानव जातीकै सुरुवात संगै सुरु भएको शैक्षिक प्रक्रियाहरुले विभिन्न बाधा व्यवधानहरु पार गर्दौ आज शिक्षा आर्जन गर्न पाउनु हरेक व्यक्तिको नैसर्गिक अधिकार सिद्ध भएको छ । सैद्धान्तिकबाट प्राविधिक र व्यावसायिक तर्फ मोडिएको छ । शिक्षा प्रविधिमैत्री हुन पुगेको छ । शिक्षा सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विभिन्न किसिमका नीति निमार्ण तथा प्रतिवद्धताहरु गरिएका छन । हरेक राज्यहरुले आफना नारिकलाई शिक्षित बनाउन कानूनी दस्ताबेजहरु तयार गरी लागू गरी हरेका छन । शिक्षालाई समय सापेक्ष बनाउन र समय संगै शैक्षिक प्रक्रियाहरुमा परिमार्जन गर्न त्यतिकै चूनौतीपूर्ण छ । शिक्षा क्षेत्रका आफनै बाध्यता र विवसताहरु छन । शिक्षा क्षेत्रमा रहेका समस्या, चूनौती र बाध्यताहरुलाइ योजनाबद्ध रुपमा अगाडि बढेमा हल गर्न सकिन्छ । शिक्षा क्षेत्रका लागि सबै स्तरमा योजना आवश्यक देखिन्छ ।

मानव अधिकार सम्बन्धि घोषणा पत्र, सबैका लागि शिक्षा लगायत अन्य थुप्रै अन्तराष्ट्रिय दस्तावेजहरुले शिक्षा पाउनु सबैको आधारभूत अधिकारका रुपमा सुनिश्चित गरेको छ । ती दस्तावेजहरुलाई सबै राष्ट्रहरुले आत्मसात गरेको छ । नेपालले पनि हस्ताक्षर गरेका सबै प्रकारका अन्तराष्ट्रिय मान्यताहरुलाई कार्यान्वयन गर्दै आइरहेको छ । नेपालले शिक्षा लाई मौलिक हकका रुपमा नेपालको संविधानमा व्यवस्था गरी सोही अनुसारका कानूनहरु निमार्ण गरेको छ । आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथन माध्यमिक शिक्षा निशुल्क हुने गरी संविधानले व्यवस्था गरेको छ । नेपालको संविधान २०७२ को कार्यान्वयन संगै देश संघीय प्रणालीमा होमीए पछि तीन तहका सरकारहरु निमार्ण गरिएका छन । स्थानीय सरकारको काम कर्तव्य र अधिकार सुनिश्चित गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ निमार्ण गरी कार्यान्वयनमा ल्याइएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ .(२) ज. मा स्थानीय तहले गर्नुपर्ने आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी २३ वटा काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । नयाँ जन्म पाएका र सबै दृष्टिकोणबाट नयाँ पालिकाहरुमा यी २३ वटा शिक्षाका अधिकारहरुको कार्यान्वयन चूनौतीपूर्ण रहेको छ । यस शिखर नगरपालिकाले शिक्षाका काम कर्तव्य र अधिकारहरुको कार्यान्वयनका लागि पहल गर्दै आइरहेको छ । यस शिखर नगरपालिकामा रहेको शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत शिक्षा सम्बन्धि कार्य सम्पादन गरिदै आएको छ । बालबालिकाहरुका लागि गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न शिक्षा युवा तथा खेलकुद शाखाले आवश्यक नीति निमार्ण गरेको भए पनि शिक्षाको ठोस योजना नभएकाले नगर शिक्षा योजना निमार्ण गर्नु अपरिहार्य भएको छ ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रम दोस्रो (NEGRP) कार्यक्रम डोटी जिल्लामा लागू भए संगै शिखर नगरपालिकामा पनि यो कार्यक्रम कोसेढुंगा बनेको छ । शिक्षा योजना निमार्ण र योजना निमार्णका लागि

शिक्षा पाश्वचित्र निमार्ण लगायत प्रारम्भिक कक्षाका बालबालिकाहरुको पठन सिप विकास गर्न सन्दर्भ सामग्री तथा क्षमता विकासमा गरेको योगदान यस शिखर नगरपालिकाका लागि महत्वपूर्ण सावित भएको छ । शिक्षा पाश्वचित्र तथा नगर शिक्षा योजना निमार्णका लागि सरोकारवालाहरुलाई तालिम प्रदान गरी निरन्तर सहकार्य गरेर नगर शिक्षा निमार्णमा EGR II ले गरेको योगदानका लागि सो कार्यक्रमको सम्पूर्ण टिमलाइ हार्दिक धन्यबाद दिन चाहन्छौ । EGR II ले नगर शिक्षा योजना निमार्णमा पहल नचालेको भए अहिले नै नगर शिक्षा योजना बन्ने थिएन भन्नेमा दुइ मत छैन ।

शिक्षा योजना निमार्णका लागि तथ्यांकको संकलन र व्यवस्थापन गर्न शिक्षा पाश्वचित्र निमार्ण गरिएको थियो । तथ्यांकको उपलब्धता विना कुनै पनि योजना व्यावहारिक रुपमा निमार्ण गर्न नसकिने भएकाले नगर शिक्षा योजना निमार्णका लागि आवश्यक शिक्षा पाश्वचित्र निमार्णमा सहयोग गर्नुहुने जनप्रतिनिधि, कर्मचारी, शिक्षा समितिका पदाधिकारी, विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु र सामुदायिक सिकाइ केन्द्रहरुलाइ विशेष धन्यवाद । पाश्वचित्र निमार्ण भइ सके पछि योजना निमार्णका लागि अवस्था विश्लेषण र कार्यक्रमहरु तय गर्न सहज भएको थियो । यस शिखर नगरपालिकाको योजना निमार्णमा विशेष भूमिका निर्वाह गर्ने नगर शिक्षा योजना निमार्ण कार्यदललाइ विशेष धन्यबाद दिन चाहन्छु ।

नगर प्रमुख श्री सिताराम जोशी, नगर उपप्रमुख श्री धौली देवी रावल, सबै वडाका वडाध्यक्षहरु र प्रमुख प्रशासकीय अधिकृतको हौसला, सुझाव र साथ विना यो योजना बन्ने थिएन । योजना बनाउन देखि कार्यान्वयन गर्न सम्म उहाँहरु सबैको विशेष भूमिका रहेको छ । त्यसका लागि उहाँ धन्यबादका पात्र हुनु हुन्छ ।

यो योजना परिच्छदे एक देखि सात सम्म व्यवस्थित रुपमा तयार गरिएको छ । योजना निमार्णका लागि विविध पक्षको विश्लेषण गरिएको छ र सोही विश्लेषणका आधारमा १० वर्षे कार्ययाजना तयार गरिएको छ । योजना निमार्ण भए संगै सो योजनाको प्रभावकारी कार्यान्वयनमा योजना अनुसारको बजेटको आवश्यकता पर्ने गर्छ । बजेट विना योजना कागजमा मात्र सीमित हुने भएकाले यस नगर शिक्षा योजनाको कार्यान्वयनमा सबैले सकारात्मक भइ बजेट व्यवस्थापन गरेमा मात्र यस योजनाको औचित्य सावित हुन्छ । यस शिखर नगरपालिकाले यस १० वर्षे योजना पहिलो पटक निमार्ण गरेकोले यसको निमार्ण देखि कार्यान्वयन सम्म केहि कमजोरी रहन सक्छन । यस योजनामा रहेका कमी कमजोरीहरुलाइ आगामी दिनहरुमा सच्याउदै लैजाने र शिखर नगरपालिकाको नगर शिक्षा योजनालाइ वढी भन्दा बढी कार्यान्वयन योग्य बनाउने कार्यमा सधै प्रयत्नरत रहनेछौ ।

धन्यबाद ।

कार्त्तिक २०७८

.................................

शेरबहादुर कार्की
शिक्षा अधिकृत
शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

## विषयसूची

### परिच्छेदः एक परिचय


१.१ पृष्ठभूमि
१.२ नेपालको समग्र सन्दर्भ
१.३ शिखर नगरपालिकाको समग्र सन्दर्भ
१.४ शिखर नगरपालिकाको शैक्षिक सन्दर्भ
१.५ विद्यालय शिक्षा क्षेत्रका मुख्य चूनौतीहरू
१.६ विद्यालय शिक्षा क्षेत्रका अवसरहरू
१.७ नगर शिक्षा योजना निमार्ण प्रक्रिया


### परिच्छेदः २ (दुई) दूरदृष्टि, ध्येय, उद्धेश्य, रणनीति तथा लक्ष्य


२.१ परिचय
२.२ दूरदृष्टि
२.३ लक्ष्य
२.४ उद्धेश्य
२.५ रणनीतिहरू
२.६ अपेक्षित मुख्य उपलब्धिहरू
२.७ मुख्य कार्य सम्पादन सूचक


### परिच्छेदः ३ (तीन) शिक्षाका मुख्य उपक्षेत्रहरू


३.१ परिचय
३.२ प्रारम्भिक बालबिकास शिक्षा
३.३ आधारभूत शिक्षा
३.४ माध्यमिक शिक्षा

३ . ५  प्राविधिक तथा व्यावसायिक शिक्षा..........................................................................

३ . ६  उच्च शिक्षा..........................................................................

३ . ७  पाठ्यक्रम र मूल्याङ्कन..........................................................................

३ . ८ शिक्षक व्यवस्थापन र विकास ..........................................................................

३ . ९ विद्यालय व्यवस्थापन ..........................................................................

३ . १० अनौपचारिक शिक्षा तथा आजीवन सिकाई ..........................................................

३ . ११ गुणस्तरीय सार्वजनिक शिक्षा ..........................................................................

३ . १२ शिक्षामा सूचना तथा संचार प्रविधि ..................................................................

३ . १३ शिक्षामा कमजोर वर्गको पहुँच ..........................................................................

३ . १४ शैक्षिक समता तथा समावेशीकरण ..................................................................

परिच्छेदः ४ (चार) संस्थागत संरचना र क्षमता विकास

परिच्छेदः ५(पाँच) लगानी तथा श्रोत व्यवस्थापन

परिच्छेदः ६ (छ) कार्यक्र कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, समन्वय र सहजकिरण

परिच्छेदः ७ (सात) मुख्य मुख्य क्रियाकलाप र उपलधि सूचक

सन्दर्भ सामग्री

अनुसूचीहरू

## कार्यकारी सारांश

शिक्षालाई पूर्वाधारको पनि पूर्वाधारका रुपमा लिईन्छ । जुन सुकै क्षेत्रको विकासका लागि दक्ष जनशक्तिको आवश्यकता पर्दछ । दक्षता विना गरिएका कामहरु दीगो र भरपर्दा हुदैनन । दक्ष व्यक्तिबाट सम्पादन हुने कार्य र अदक्ष व्यक्तिहरुबाट हुने कार्यहरुमा त्वाक्तिक भिन्नता हुन्छ । दक्ष जनशक्ति विना अपेक्षित लक्ष्य हासिल गर्न सकिदैन । कुनै क्षेत्रमा निश्चित लक्ष्य हासलि गर्नु परेमा सबै भन्दा पहिले दक्ष जनशक्तिको व्यवस्थापन गर्नु जरुरी हुन्छ । सबै क्षेत्र र कामका लागि दक्ष जनशक्ति उत्पादन गर्ने काम गुणस्तरीय शिक्षाले गर्दछ । शिक्षा प्रणालीमा सुधार नगरुन्जेल अन्य क्षेत्रको सुधार गर्न असम्भव हुन्छ । शिक्षा प्रणालीमा सुधार गर्नु शिक्षासंग सरोकार राख्ने सवै निकायहरुको जिम्मेवारी हो । नेपालको संविधान २०७२ को कार्यान्वयन संगै तीन तहका सरकारबाट राज्य सञ्चालन गरिने संघीय गणतन्त्र आयो । शिक्षा क्षेत्रलाइ सबै तहको एकल र साझा गरी तीनै सरकारको दायित्व भित्र राखियो । जव सम्म शिक्षामा सुधार गर्नका लागि तीनै तहका सरकारहरु सक्रिय बन्दैनन तव सम्म शिक्षामा अपेक्षित उपलब्धि हासिल गर्न सकिदैन । स्थानीय तहहरुले पनि शिक्षामा जति लगानी लगाउनु पर्थ्यो त्यति लगाएको देखिदैन । तर पनि माध्यमिक तथा आधारभूत तह सम्मको शिक्षा स्याथीय तहको अधिकार क्षेत्र भित्र पर्ने भए पछि स्थानीय तहहरुले निश्चित लक्ष्यका साथ शिक्षा सम्बन्धि कार्यान्वयनयोग्य र व्यवस्थित शिक्षा योजना निमार्ण गरी लागु गर्नु जरुरी छ । कुनै पनि कार्यमा सफलता हासिल गर्न उदेश्य लिएकै हुनु पर्दछ । गन्तव्यमा पुग्नका लागि योजना अपरिहार्य हुन्छ । योजनाले हिजोको स्थिति, वर्तमानको यथार्थ र भविष्यको सपनालाई बोध गराएको हुन्छ । जसको अध्ययनबाट हिजोका दिनको ज्ञान, सीप र अनुभवलाई आत्मसाथ गर्दै वर्तमानमा भविष्यको आशाका लागि काम गर्न सघाउँछ । यस शिखर नगरपालिकाले पनि विगतमा शिक्षा क्षेत्रको सुधारका लागि विभिन्न प्रयासहरु गरेको भए पनि नगर शिक्षा योजना निमार्ण गरेको थिएन । विगतका अनुभवबाट पाठ सिक्दै भविश्यको गन्तव्य तय गर्नका लागि शिखर नगरपालिकाले यो दश वर्षे नगर शिक्षा योजना निमार्ण गरी कार्यान्वयन गर्ने निर्णय गरेको छ । अवको दश वर्षमा शिखर नगरपालिकाले शिक्षा क्षेत्रमा हासिल गर्नु पर्ने लक्ष्य र उद्देश्यहरुको निक्यौंल गरी ती लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न विभिन्न रणनीतिहरु तय गरी अगाडि बढ्ने सोच राखेको छ । तीनै तहका सरकारहरु संग आवश्यक समन्वय र सहयोगको वातावरण सिर्जना गरी शैक्षिक सुधारका लागि पहल गर्नु आवश्यक भएकाले सो कार्यलाइ समेग अगाडि बढाइ निर्धारित लक्ष्य हासिल गर्न यो योजना निमार्ण गरिएको छ । यसमा शिखर नगरपालिकाको समग्र शैक्षिक विकासका योजनाहरु के, कसरी, कसद्वारा, कुन स्रोत सामग्रीको उपयोग गरेर शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने भन्ने कुरालाई मुख्य मुद्दाका रुपमा प्रस्तुत गरीएको छ । यसका साथै शिक्षामा नवीनतम सूचना सञ्चार प्रविधिको प्रयोग, बालमैत्री विद्यालय वातावरण र शिक्षकको पेसागत विकास र गुणस्तरीय सिकाइ जस्ता प्राथमिक मुद्दाहरुलाई समेत समेटेर यस शिखर नगरपालिकाले वि. सं. २०७८ देखि वि. स. २०८७ साल सम्मको यो १० बर्षे शिक्षा योजना तयार पारेको छ ।

पूर्वाधारको पनि पूर्वाधार भनिएको शिक्षा क्षेत्र तमाम समस्याहरुले ग्रस्त बनेको छ । राज्यबाट शिक्षा उपेक्षित भएको छ भनिएको सन्दर्भमा तीनै तहका सरकारहरु शिक्षा क्षेत्रलाइ माथि उठाउन अनइच्छुक जस्तै देखिएका छन । जुन सुकै परिवर्तनका लागि पनि पहिलो शर्त भनेकै शिक्षामा लगानी भए पनि शिक्षा क्षेत्रले प्रशस्त लगानी र राज्यको ध्यान पाउन सकेको छैन । भौतिक, आर्थिक तथा जनशक्तिका हिसावले

थला परेको शिक्षा क्षेत्रलाइ माथिल्लो देखि तल्लो निकायहरुले पहिलो प्राथमिकतामा राखी सुधार गर्ने प्रतविद्धताका साथ शैक्षिक विकासका योजना तथा कार्यक्रमहरु नल्याए सम्म शैक्षिक उन्नयनको अपेक्षा गर्नु आकासका फल आखाँ तरी मर जस्तै हो । यस शिखर नगरपालिकामा सञ्चालित १०३ वटा शैक्षिक संस्थाहरु पनि विभिन्न किसिमका समस्याहरुबाट बञ्चित हुन सकेका छैनन् । विद्यालय तथा अन्य शैक्षिक संस्थाहरुका समस्याहरु पहिचान गरी समस्या समाधानका उपाय खोजिनु जरुरी छ । विद्यालयहरुमा कक्षागत र विषयगत आधार एवम विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नुपर्नेछ । विद्यालयको चौतर्फि विकासका लागि प्रभावकारी ढंगबाट अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न सकिएको छैन । विद्यालयहरुको नियमित अनुगमन मूल्याङ्कन भई अनुगमन मूल्याङ्कनको प्रतिवेदन अनुसार कार्यक्रम सञ्चालन हुने परिपाटी बसेको पाईदैन । पाठ्यक्रम, पाठ्यपुस्तक तथा अध्यावधिक शैक्षिक कार्यक्रम सम्बन्धमा शिक्षकहरुलाई दक्ष बनाउन पर्याप्त अध्ययन तालिमका अवसर जुटाउन सकिएको छैन, भएका तालिम कार्यक्रमहरु समेत सैद्धान्तिक कक्षा क्रियाकलापमै सिमित रहेका छन । साक्षरताको दर शतप्रतिशत पुग्याउन अझ धेरै मेहनेत गर्नु पर्ने देखिन्छ । सबै बालबालिकाहरुको विद्यालयमा भर्ना तथा भर्ना भएका विद्याथीको विद्यालयमा टिकाउने कार्यमा थुप्रै समस्याहरु रहेका छन । पालिकाका सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्याउन नसकेको अवस्था रहेको छ । भौगोलिक विकटताको कारण विद्यालय नक्साङ्कन मापदण्ड अनुसार विद्यालय समायोजन गर्न नसकिएको । पालिकामा प्राविधिक शिक्षामा पहुँचमा न्युनता रहेको । बालविकास केन्द्रमा न्युनतम मापदण्डहरु अनरुपको सेवा सुविधा उपलब्ध गराउन नसकेको अवस्था छ । विद्यालय तथा शिक्षामा लगानी लगाउन अभिभावकहरुलाइ सचेत गराउन सकिएको छैन । शिक्षासंग सरोकार राख्ने सबैलाइ शिक्षाको महत्व बुझाइ शिक्षा क्षेत्रको सुधारका लागि सक्रिय बनाउन सकिएको छैन । जनशक्ति व्यवस्थापन कार्य निकै चुनौती पूर्ण रहेको छ । प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षाको प्रत्याभूति दिन, सबै विद्यालयहरुमा बालमैत्री भौतिक संरचना निर्माण गर्न, कक्षागत र विषयगत रुपमा पर्याप्त शिक्षक संख्याको व्यवस्था गरी शिक्षकहरुको ज्ञान, सीप र क्षमतालाई अध्यावधिक गरी गुणस्तर सिकाइ क्रियाकलाप सञ्चालनका खातिर उपयोग गर्न पेशागत तालिमको सञ्चालन एवम निरन्तरता, सबै अभिभावकहरुमा बालबालिकाको भविष्य प्रतिको आस्था जगाउन, वर्तमान युग सुहाउँदो सूचना तथा सञ्चार प्रविधिको संरचना विकास गरी शिक्षकरविद्याथीको पहुँचमा पुर्याउनु, विद्यालय शिक्षाको गुणस्तर विकासका लागि अपरिहार्य पुस्तकालय, विज्ञान प्रयोगशालाको समुचित प्रयोग हुने सुनिश्चितता सहित उचित व्यवस्था गर्न ,गुणस्तरीय प्राविधिक तथा व्यवसायीक शिक्षामा सबैको पहुँच विस्तार गरी सीपयुक्त सक्षम नागरिक उत्पादन गर्न यस नगरपालिकाले ठुलै संघर्ष गर्नु परेको अवस्था छ । शिक्षामा विकास नगरी अन्य क्षेत्रको विकास सम्भव नभएकाले अवका दिनमा सबै तहका सरकारहरुले शिक्षाका लागि व्यवस्थित योजना वनाइ अगाडि बढ्नु जरुरी छ । यस शिखर नगरपालिकाले आफ्नो पालिका तहमा रहेका शिक्षा सम्वन्धि सबै समस्याहरु हल गर्न नगर शिक्षा योजना निमार्ण गरी लागु गर्ने निधो गरेको छ ।

## परिच्छेद १(एक): परिचय

### १.१ पृष्ठभूमि

मानव जाति को सुरुवात संगै शिक्षाको पनि सुरुवात भएको मानिन्छ । मानवीय जीवन निर्वाह गर्न, सचेत, प्रस्तिपर्धी तथा दक्ष जनशक्ति उत्पादन गरी समाज तथा देशको विकास गर्नका लागि शिक्षाले महत्वपुर्ण भूमिका खेलको हुन्छ । गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नु राज्यको कर्तव्य हो । गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि नेपालले पनि विभिन्न अन्तराष्ट्रिय र राष्ट्रिय दस्तावेजमा हस्ताक्षर गरेको छ । नेपालको संविधान २०७२ ले सबै नगारिकलाइ शिक्षामा पहँचको सुनिश्चितता गरेको छ । समाज तथा राष्ट्रको दिगो विकास, शान्ति सुशासन, विकास तथा समृद्धिका निर्माणका लागि गुणस्तरीय शिक्षा अपरिहार्य छ । यसकारण शिक्षालाई वैज्ञानीकरण, प्रतिस्पर्धी, व्यवसायिक तथा जिवन निर्वाहमुखी बनाईनु पर्दछ । विशेष गरी नेपालले केही दशकयता शिक्षा क्षेत्रमा उल्लेखनीय उपलब्धी हासिल गरेको भएपता पनि बालवालिकाको गुणात्मक शिक्षा तथा उनीहरुको सिकाई उपलब्धीमा अपेक्षित नतिजा हासिल गर्न सकेको छैन । अझै पनि धेरै जोखिम तथा अपाङता भएका बालवालिकाका विद्यालयको पहुँच भन्दा बाहिर रहेका छन। यसकारण यस गाउँपालिकाले जोखिम तथा अपाङता तथा अन्य सबै बालवालिकहरुको विद्यालयको पहुँचमा ल्याई गुणस्तरीय तथा समतामुलक शिक्षा प्रदान गर्दै, बालवालिकाको कक्षा छोड्ने तथा कक्षा दाहोऱ्याउने क्रमलाई न्युनीकरण गर्दे, बालवालिकाको सिकाई उपलब्धीमा वृद्धि गर्दै, बालबालिकाको तह पुरा गर्ने दरमा वृद्धि गर्दै समग्र नगरपालिकाको शैक्षिक सुधार गरी जिल्लाको शिक्षा क्षेत्रको अग्रणी नगरपालिका बनाउने उद्धेश्यका साथ यस शिक्षा योजना तयार गरिएको हो।

संविधानले प्रदत्त गरेका अधिकारको प्रयोग तथा कार्यान्वय गर्दे जनताको सबैभन्दा नजिकको सरकारको हैफियतले सबै नागरिकलाई समतामुलक, गुणस्तर तथा प्रतिस्पर्धी शिक्षा प्रदान गर्नु सरकारको दयित्व हुन आउदछ। नेपालको संविधान २०७२ ले देश संघिय गणतन्त्रात्मक राज्यव्यवस्थामा प्रवेश गरिसके पछि देशमा तीन तहको सरकार क्रियाशशिल रहेका छन । यी तीनै तहको सरकारको जिम्मेवारीमा शिक्षा क्षेत्रका अधिकार बाँडिएको छ। संविधानको अनुसुची ५ मा संघिय सरकारको क्षेत्रभित्र पर्ने अधिकारका बारेमा उल्लेख गरिएको छ भने अनुसुचीमा ६ मा प्रदेश सरकारको अधिकारको सुची उल्लेख गरेको छ। संविधानको अनुसुची ७ मा संघ र प्रदेशले प्रयोग गर्ने संयुक्त अधिकार साझा अधिकारको अधिकार समेटिएको छ। संविधानको अनुसुची ८ मा २२ वटा विषय समेटी स्थानीय तहको अधिकारको सुची उल्लेख गरिएको छ। संविधानको अनुसुची ९ मा उल्लेखित संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको विषयमा उल्लेख गरेको छ जसमा साझा सुचीको रुपमा शिक्षा खेलकुद तथा पत्रपत्रिका उल्लेख रहेको छ भने शिक्षा सबै तहका सरकारको साझा अधिकारको रुपमा रहेको।

अनिवार्य तथा निःशुल्क आधाभूत शिक्षा ऐन २०७५ तथा यस सम्बन्धि नियमावली २०७७, राष्ट्रिय शिक्षा निती २०७६ तथा बालवालिका ऐन पनि कार्यान्वयनमा आईरहेका छन। यी सबै ऐनले संविधानले प्रत्याभुत गरेको शिक्षाको मौलिक हकलाई कार्यान्यन गर्न सहजीकरण गरेको छ ।

यसै गरी नेपाल सरकारले दिगो विकास लक्ष्य कार्यान्यन गर्न सहमति जनाएको अवस्था रहेको छ उक्त दिगो विकास लक्ष्यमा १७ वटा निर्धारण गरेको र लक्ष्य ४ शिक्षा सम्बन्धि सम्बन्धित छ । चाथो उद्धेश्यमा सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षाको  सुनिश्चिचता तथा आजीवन सिकाईका अवसरहरुमा प्रोत्साहित गर्ने उद्धेश्य राखेको छ ।  नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोण सहित पन्धौ योजना २०७७/२०८७–२०८३/२०८३ तयारी गरी शिक्षाको विकासका लागि नीतिगत प्राथमिकता उल्लेख गरेको छ ।

नेपाल सरकारले  शिक्षा विकास सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धतामा हस्ताक्षर सहित ती दस्तावेजहरु लागु गरेको छ । संयुक्त राष्ट्रसंघको महासभाबाट सन् १९८९ नोभेम्बर २० तारिखका दिन महासन्धि घोषणा भए अनुसार महासन्धिको धारा २८, २९ र ३२मा शिक्षा प्राप्त गर्ने बालबालिकाकोअधिकार कम्तिमा प्राथमिक शिक्षा अनिवार्यर र निःशुल्क गराउने दायीत्व, शिक्षा बालबालिकाको व्यक्तित्व र बौद्धिक क्षमताको विकासतर्फ निर्देशित हुनुपन र स्वास्थ्य शिक्षा र विकासमा हानी पुग्ने प्रकारले काममा लगाएर बाल श्रम गर्न नहुने उल्लेख गरीएकोछ ।

विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नुका साथै गुणस्तर सुधारका निमित्त नेपालसरकारले विगतमा सात वर्षे विद्यालय क्षेत्र सुधार योजना (SSRP) कार्यान्वयनमा ल्याएको थियो । यस योजनाबाट प्राप्त उपलब्धीलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्ताव सहित २०७३ साउन देखि २०८० असार मसान्त (सन २०१६जुलाई देखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना (SSDP) निर्माण गरीएकोछ। योजनाको प्रथम पाँचवर्ष २०७३साउन देखि २०७८ असार (सन २०१६ देखि २०२१) सम्मका लागि स्रोत सहितको कार्ययोजना तयार गरीएको छ । वि.सं. २०७९ (सन २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामूलक पद्धतिबाट यसयोजनाको तर्जुमा गरीएको हो । दिगो विकासका लक्ष्य हासिल गरी वि.स. २०८७ (सन २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हाँसिल गर्ने महत्वपूर्ण साधनकारूपमा पनि यस योजनालाई हेरिएको छ ।

नेपालमा शिक्षा विकासको लागि विभिन्न आवधिक योजनाहरुमा विविध प्रयासहरु बएको पाइन्छ । चालु पञ्चवर्षिय योजना (२०७६।७७-२०८१।८२) ले पनि शिक्षाबाट सामाजिक आर्थिक रुपान्तरणका लागि मानव संशाधनको विकास गर्ने सोच राखेको छ । साथै उक्त योजनाले गुणस्तरीय शिक्षा मार्फत प्रगतिशिल, दक्ष, प्रतिस्पर्धि, उत्पादनशिल र नव प्रवर्तनशिल मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ । सो लक्ष्य प्राप्तिको लागि सो योजनाले जम्मा ५ वटा उद्धेश्य, १४ वटा रणनिति र ५५ वटा कार्यनितिको व्यवस्था गरेको छ । सो योजनामा उक्त योजनाको अवधिभर १५ वर्षमाथिको साक्षरता दर ९० प्रतिशत, युवा साक्षरता दर ९९ प्रतिशत, आधारभुत तहको खुद भर्नादर ९९.५ प्रतिशत, माध्यमिक तहको भर्नादर ६५ प्रतिशत, प्रारम्भिक वालविकासको खुद भर्नादर सतप्रशित, उच्च शिक्षाको खुद भर्नादर २२ प्रतिशत, काम गर्ने उमेर समुहका तालिम प्राप्त जनसंख्या ६० प्रतिशत, मातृभाषामा पठनपाठन हुने विद्यालयको संख्या २० प्रतिशतले वृद्धि भएको हुने जस्ता अपेक्षित उपलब्धीहरु राखेको पाईन्छ ।

नेपालको संविधान २०७२ को धारा १६ देखि ४८ सम्म मौलिक हक र कर्तव्य खण्ड अर्न्तगत धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरीएको छ । त्यसै गरी धारा ३९ मा बालबालिकाको हक अर्न्तगत

बालबालिकालाई परिवार र राज्यबाट शिक्षा तथा प्रारम्भिक बालविकासको हक हुनेछ भन्ने व्यवस्था गरीएको छ । साथै भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति र दायीत्व अर्न्तगत -(ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिहरुको व्यवस्था गरिएको छ । नागरीकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र पर्वर्द्धन गर्ने नेपालको संविधान (२०७२) कोअनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्था र अनुसुचि ९ को संघ, प्रदेश र स्थानीयतहको अधिकारको साझा सूचीमा शिक्षा, खेलकुद र पत्रपत्रिका सम्बन्धी व्यवस्था गरीएको छ ।

स्थानीय सरकार सञ्चालनऐन, २०७४ को परिच्छेद ३ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी २३ वुदामा व्यवस्था उल्लेख गरीएको छ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५ मा तपसीलका व्यवस्थाहरू गरीएको छ।

परिच्छेद २. शिक्षामा नागरीकको पहुँच र राज्यको दायीत्व अर्न्तगत

दफा ३. शिक्षा प्राप्त गर्ने अधिकार,

दफा ४. शिक्षा प्रदान गर्ने राज्यको दायीत्व हुने

दफा ५. नागरीकको कतर्व्यको व्यवस्था,

परिच्छेद ३ अनिवार्य तथा निःशुल्क शिक्षा अर्न्तगत

दफा ६. अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने,

दफा ७. बालबालिका भर्ना गराउनु पर्ने,

दफा ८. पायक पर्ने विद्यालयबाट शिक्षा प्राप्त गर्नुपर्ने, र

दफा ९. भर्ना गर्न इन्कार गर्न नहुने ।

नेपाल सरकारले मिति २०७६ कार्तिक १८ गते नेपालको राष्ट्रिय शिक्षा नीति स्वीकृत गरी जारी गरेको छ । यो नीतिमा दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति, नीति र कार्यनीति उल्लेख गरीएको छ । यसमा ५५ ओटा नीतिहरू विस्तृतरूपमा उल्लेख गरी संघीय, प्रदेश र स्थानीय सरकारको जिम्मेवारी पनि तोकिएको छ । यसले समेटेका केही मुख्य मुख्य प्रावधानहरू देहाय बमोजिम छन । उक्त नीतिमा शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्तिस सामाजिक न्याय, रुपान्तरण र समृद्धि को दुरदृष्टि र सबै तहको शिक्षालाई प्रतिस्पधी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखिएको छ ।

राज्यको समग्र विकासका लागि शिक्षामा सुधार ल्याउनु जरुरी छ । जव सम्म पूर्वाधारको पनि पूर्वाधार मानिएको शिक्षामा लगानी लगाइदैन अन्य क्षेत्रको सुधारमा अपेक्षा गर्नु बालुवामा पानी जस्तै हुन्छ । शिक्षाले सबै क्षेत्रलाइ प्रभाव पारे जस्तै शिक्षा क्षेत्रको विकासमा पनि समाजका सबै क्षेत्रको प्रभाव हुन्छ त्यसैले शिक्षा सम्बन्धि योजना निमार्ण गर्दा यी सबै क्षेत्रको समीक्षा गर्नु जरुरी हुन्छ । नेपालको समग्र र यस शिखर नगरपालिकाको सबै पक्षको समीक्षा यसप्रकार छ ।

## १.२ नेपालको समग्र सन्दर्भ

नेपालको संविधान २०७२ को कार्यान्वयन संगै देशमा संघीय गणतन्त्रात्मक राज्य व्यवस्थाको प्रारम्भ भयो । तीन तहका सरकारबाट राज्य सञ्चालनको संयन्त्र तयार गरियो । शिक्षाको अधिकार क्षेत्र पनि तीनै

तहलाइ साझा र एकल गरी सबै तहलाइ प्रदान गरियो । नेपालले गुणस्तरीय शिक्षाका लागि अन्तराष्ट्रिय दस्तावेजहरुमा पनि विगत देखि वर्तमान सम्म हस्ताक्षर गर्दै आइरहेको छ । तर पनि नेपालले हस्ताक्षर गरे अनुसार शिक्षामा लगानी गरेको देखिदैन । लामो द्वन्दलाइ सामना गरेको राज्यले हाल तुलनात्मक रुपमा स्थिरताको स्वाद चाख्न पाइरहेको अनुभूति भएको छ । शिक्षा क्षेत्रलाइ प्राथमिकतामा राखि गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नका लागि देशमा राजनीतिक स्थिरता हुनु जरुरी हुन्छ । सन २०३० सम्म बिकासशील मुलुकमा प्रवेश गर्ने लक्ष्य नेपालले लिएको छ । सन् २०१९ को आँकडा अनुसार मानव विकास सूचकाङ्कका दृष्टिले १८९ मुलुक मध्ये १४२ औं स्थानमा रही न्यूनबाट मध्यम सूचकाङ्क भएको मुलुकमा प्रवेश गरी सकेको छ ।

## १.३ शिखर नगरपालिकाको समग्र सन्दर्भ

नेपालको संविधान २०७२ अनुसार देश संघिय संरचनामा गईसके पछि देशमा संघिय संरचनाको स्वरुप अन्तरगत नै नेपालको प्रदेश नं. ७ को डोटी जिल्लामा शिखर नगरपालिकाको स्थापना भएको हो । राज्य संघियतामा गए पछि नयाँ जन्मा पाएको शिखर नगर पालिकाको नामाकरण यस नगरपालिकाको दक्षिणी भेकमा अवस्थित उच्च स्थान र घना जङ्गलले ढाकेको सुन्दर महाभारत लेक, जसलाई शिखर लेक पनि भनिन्छ; यसैको नामबाट नगरपालिकाको नामाकरण भएको हो । शिखर भन्नाले अग्लो शिर, चचुरा भन्ने बुभिन्छ यस नगरपालिकाको दक्षिणी भूभागमा पूरै महाभारत (शिखर) लेक फैलिएको हुँदा पनि यसको नामाकरणमा न्यायोचितता तथा सुहाउँदो पन रहेको छ । शिखर नगरपालिकामा साविकका ९ वटा गाउँ विकास जसमा कपल्लेकी, मुडेगाउँ, मुडभरा, तिजाली, पचनाली, लाटामाण्डौ, जिजोडामाण्डौ, वन्लेक र वारपाटा गा.वि.स.हरु समाहित भएका छन् । यस नगरपालिका अन्तर्गत ९ वटा गा.वि.स.हरुलाई ११ वटा वडाहरुमा विभाजन गरिएको छ । यसमा कपल्लेकी पुरै गा.वि.स. १ नं. वडा, मुडेगाउँ गा.वि.स. २ नं. वडा, मुडभरा गा.वि.स. ३ र ४ नं. वडा, तिजाली गा.वि.स. ५ नं. वडा, पचनाली गा.वि.स. ६ नं. वडा, लाटामाण्डौ गा.वि.स. ७ र ८ नं. वडा, जिजोडामाण्डौ गा.वि.स. ९ नं. वडा, वन्लेक गा.वि.स. १० नं. वडा र वारपाटा गा.वि.स. ११ नं. वडाहरुमा विभाजन गरिएको छ ।

### १.३.१ नगरपालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ

यस नगरपालिकाको सम्पूर्ण क्षेत्रमा लेखनको रुपमा नेपाली भाषाको प्रयोग गरिन्छ भने बोलाईमा भने डोटेली भाषा कै प्रयोग गरिन्छ । यस नगरपालिकामा लगभग शत प्रतिशत बोलाईमा प्रयोग हुने भाषाको रुपमा डोटेली भाषा नै प्रयोग हुने तथ्याङ्क घरधुरी सर्भेक्षण २०७६ ले पनि देखाएको छ । यस नगरपालिकामा लगभग शत प्रतिशत घरधुरीमा हिन्दु धर्म मान्ने गर्दछन भने केही व्यक्तिहरूले मात्र अन्य धर्म अपनाएको देखिएको छ । यस नगरपालिकामा ब्राह्माणमा जोशी, पनेरु, रोस्यारा, पन्त, ओझा, भट्ट, भण्डारी, पुजारा, जैशी, शर्मा, विष्ट, विनाडी, फुलारा, नौन्याल, अवस्थी रहेका छन् । क्षेत्रीमा बोगटी, बलायर, रावल, कठायत, कुँवर, कार्की, राउत, साउँद, महरा, महर, बोहरा, पुन्याल, ऐर, बाग, देउका, थापा, बिष्ट, नेगी, मण्डी, दाडिमाना, महत, देउवा, साफरी, भाट, धामी, खडका, बडैला, जोरा, भण्डारी, भुत्याल, अधिकारी, शाहु, खत्री, बुढाऐर, सुतारा, रोकाया, ठगुन्ना, किमाडी, पछेरा, तोले आदि को बसोवास रहेको छ । ठकुरीमा शाही, मल्ल र सिंह जातिको बसोबास रहेको छ । दलित जातिमा पार्की, टमाटा, भुल, दमाई, नेपाली, वि.क., लुहार, कामी, नागरी, चुनारा, बराल, कोली, आउजी, तिरुवा, दास, सार्की, रैकाल,

ताम्राकार, घिमिरे, सेवा, जागरी, पौडेल आदि को बसोवास रहेको छ । त्यस्तै यस नगरपालिकामा भारती, पुरी, गिरी, योगी, नाथ को बसोबास रहेको छ भने र जनजातीमा गुरुङ्ग र लामाको पनि बसोबास रहेको छ । यस नगरपालिकाको रहन सहन तथा भेषभुषा निकै सरल रहेको छ । परम्परागत रहन सहन तथा कार्यहरू यहाँका दैनिक कार्य भित्र पर्ने गर्दछन् । यस नगरपालिकाका सांस्कृतिक संस्कारहरु पनि परम्परागत रुपमा चलीआए अनुसार नै छन । जन्म संस्कार, कपाल मुण्डन, व्रतबन्ध, विवाह संस्कार, मृत्यु संस्कार, तन्त्रमन्त्र, धामी-झाँक्री र भूतप्रेत जस्ता संस्कारहरुमा पुरानै चलिरहेको चलन अनुसार गरिने गरिन्छ भने यस नगरपालिकामा विभिन्न चाडपर्वहरु जस्तैः बिसौं, जनै पूर्णिमा, नाग पञ्चमी, तीज, ओल्के, गमरा, बूदी पोल्ली, सोह्र श्राद्ध, दशैं, तिहार, जाँत, भुवा, माघे संङ्क्रान्ति, उत्तराइनी, श्रीपञ्चमी, शिवरात्री, होली र चैते दशैं मनाइने गरिन्छ ।

### १.३.२ आर्थिक सन्दर्भ

संघियता पछि नयाँ जन्म पाएको नगरपालिका भएकाले आर्थिक विकासमा यसका थुप्रै चूनौतीहरु छन । आन्तरिक श्रोतको सिमितता रहेकाले संघिय सरकारको अनुदार र राजश्ज बाँडफाडमा मात्र भर पर्नु पर्ने अवस्था रहेको छ । यस शिखर नगरपालिकामा वसोवास गर्ने आम समुदायका लागि कृषि तथा पशुपालन नै पहिलो पेशा भएता पनि कुनै पनि व्यक्तिले यसलाई व्यवसायिकरुपमा लागू गर्न सकेको अवस्था छैन । तथापी यस कृषि मार्फत आफनो दिनचर्या चलाईरहेको पाइन्छ । यस नगरपालिकाबाट मौसमी बसाईसराईको रुपमा भारत जाने गरेका र लामो अवधि सम्मका खाडीमुलुक लगायत अन्य देशहरुमा रोजगारीको रुपमा गएका घरपरिवारहरुको संख्या पनि बढ्दो छ । नगरपालिकाका सम्पूर्ण घरधुरीहरु मध्ये ४१३२ घरधुरीहरुको बैकल्पिक रोजगारीको व्यवस्थापन भारतमा गएर हुने गरेको देखिन्छ । त्यसका अतिरिक्त कत्तारमा १०१ जना, मलेसियामा ७६ जना, दुवई ७५ जना, साउदी अरव ४१ जना, गएको देखिन्छ भने अन्य देशमा ६३ जना अध्ययन तथा रोजगारीको लागि गएको देखिन्छ । नगरपालिका भर्खर मात्र स्थापना भएको कारण नगरपालिका स्तरिय उद्योग वाणिज्य संघको विस्तृत संरचना तयार भैसकेको नभएता पनि हालै मात्र टेक बहादुर बोहराको अध्यक्षतामा एउटा तदर्थ समिति गठन गरिएको छ ।

### १.३.४ नगरपालिकाको भौगोलिक तथा जनसाङ्किक स्वरुप

शिखर नगरपालिकाको पूर्वमा दिपायल सिलगढी नगरपालिका, पश्चिम तिर डडेल्लधुरा जिल्लाको गन्यापधुरा गाउँपालिका, दक्षिणमा के.आई.सिंह गाउँपालिका र जोरायल गाउँपालिका र उत्तरमा आदर्श गाउँपालिकाको सिमाना जोडिएको छ । शिखर नगरपालिका भौगोलिक दृष्टिकोणका हिसाबले पहाडी भू-भागले ढाकेको छ र मिश्रित जातिहरुको बसोबास रहेको पाईन्छ । यस शिखर नगर पालिकाको कुल क्षेत्रफल 285.39 वर्ग किलो मिटर रहेको छ । शिखर नगर पालिका सेती नदीको किनारा फाँट देखि समुद्री सतहबाट लगभग ५७० मीटर देखि महाभारत शिखर लेक २६०० मीटर उचाई सम्म रहेको छ । के.आई.सिंह राजमार्ग यस नगर पालिकाको लगभग मध्य भागबाट विस्तार भएको छ र सम्पूर्ण वडाहरुमा कृषि सडकहरु विस्तार भएका छन् भने केही सडकहरुमा ग्राभल विछ्याउने कार्य समेत भएको छ । यस नगर पालिकामा विभिन्न ऐतिहासिक महत्व बोकेका धार्मिक स्थलहरु तथा नाग मल्लको पालामा बनेको देवल, गुफाहरु, खानीहरु अध्ययन तथा अनुसन्धानको श्रोतहरु हुन, भने सेती नदीका रमणीय स्थल तथा महाभारत लेकको मनोरम दृष्य र स्थलहरु पर्यटनका दृष्टिकोणले निकै आकर्षक छन् जसले यस नगरी

लाई पर्यटकीय क्षेत्रको रुपमा विकास सम्भावना बोकेको क्षेत्र मान्न सकिन्छ । यस नगरपालिकाको जम्मा जनसंख्या ३९०८७ छ । जस मध्ये १९२९७ महिला र १९७९० पुरुषहरुको संख्या रहेको छ । प्रतिशतमा हेर्दा पुरुषको जनसंख्या महिला भन्दा १.२६ प्रतिशतले बढी छ । यस नगरपालिकाको वडागत जनसंख्या यस प्रकार रहेको छ ।

नगरपालिकाको २०७६ र २०६८ को समग्र जनसंख्या तथा घरधुरी विवरण

| २०७६ र २०६८ को जम्मा जनसंख्या तथा घरधुरीको तुलनात्मक विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७६ | | | | | २०६८ | | | |
| वार्ड नं. | जनसंख्या | | | **घरधुरी** | जनसंख्या | | | **घरधुरी** |
| | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा | |
| 1 | 2417 | 2367 | 4784 | 825 | 2,212 | 1,633 | 3,845 | 753 |
| 2 | 1569 | 1559 | 3128 | 533 | 1,363 | 1,004 | 2,367 | 462 |
| 3 | 1143 | 1168 | 2311 | 405 | 1113 | 780 | 1893 | 366 |
| 4 | 1927 | 2014 | 3941 | 644 | 1617 | 1248 | 2865 | 604 |
| 5 | 1338 | 1414 | 2752 | 482 | 1,204 | 930 | 2,134 | 441 |
| 6 | 1857 | 1876 | 3733 | 592 | 1,798 | 1,203 | 3,001 | 647 |
| 7 | 1696 | 1788 | 3484 | 561 | 1520 | 1153 | 2673 | 584 |
| 8 | 1279 | 1385 | 2664 | 464 | 1344 | 1011 | 2355 | 520 |
| 9 | 1062 | 1043 | 2105 | 351 | 1,113 | 840 | 1,953 | 393 |
| 10 | 2535 | 2624 | 5159 | 907 | 2,875 | 2,020 | 4,895 | 1,037 |
| 11 | 2474 | 2552 | 5026 | 827 | 2,222 | 1,598 | 3,820 | 858 |
| **जम्मा** | 19297 | 19790 | 39087 | 6591 | 18381 | 13420 | 31801 | 6665 |

स्रोत : घरधुरी सर्वेक्षण २०७५ र जनगणना प्रतिवेदन २०६८

जातिगत, उमेरगत, भाषागत र विद्यालय उमेर र तहगत जनसंख्या संख्या र प्रतिशतमा यसप्रकार छ ।

| विवरण | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जम्मा जनसंख्या | १९२९७ | ४९.३७ | १९७९० | ५०.६३ | ३९०८७ | १०० |
| ब्राम्हण/क्षेत्री | १३२७५ | ४९.२४ | १३६८५ | ५०.७६ | २६९६० | ६८.९६ |
| दलित | ५८८० | ४९.७४ | ५९४३ | ५०.२६ | ११८२३ | ३०.२५ |
| जनजाति | १० | ५० | १० | ५० | २० | ०.०६ |
| अन्य | १३२ | ४६.४८ | १५२ | ५३.५२ | २८४ | ०.७३ |
| भाषाका आधारमा | | | | | | |
| डोटेली बोल्ने | १९२९७ | ४९.३७ | १९७९० | ५०.६३ | ३९०८७ | १०० |
| समावेशिताका आधारमा | | | | | | |
| अपाङ्ग | १८ | ३२.७३ | ३७ | ६७.२७ | ५५ | ०.१४ |

| उमेरका आधारमा | | | | | | |
|---|---|---|---|---|---|---|
| ०-४ वर्ष उमेर समुहको जनसंख्या | १९२६ | ४६.८१ | २१८९ | ५३.१९ | ४११५ | १०.५३ |
| ५-९ ” | २०७७ | ४७.६५ | २२८२ | ५२.३५ | ४३५९ | ११.१६ |
| १०-१४ ” | २२८१ | ४८.०२ | २४६९ | ५१.९७ | ४७५० | १२.१६ |
| १५-१८ ” | १८७७ | ४६.७२ | २१४१ | ५३.२८ | ४०१८ | १०.२८ |
| १९-४४ ” | ७२०६ | ४९.२५ | ७४२६ | ५०.७५ | १४६३२ | ३७.४४ |
| ४५-५९ ” | २०८१ | ५२.१७ | १९०८ | ४७.८३ | ३९८९ | १०.२० |
| ६०+ ” | १८४७ | ५८.५१ | १३१० | ४१.५० | ३१५७ | ८.२३ |
| उमेर अनुसार विद्यालयमा भर्ना भएका विद्यार्थी संख्या | | | | | | |
| विवरण | छात्रा | | छात्र | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-४ वर्ष उमेर समुह संख्या | ७१२ | ४५.१८ | ८६४ | ५४.८२ | १५७६ | ३८.३० |
| ५-९ ” | २०५५ | ४७.१९ | २२६० | ५२.१८ | ४३५५ | ९८.९९ |
| १०-१४ ” | २२३२ | ४८ | २४१८ | ५२ | ४६५० | ९७.८९ |
| १५-१८ ” | १८२० | ४७.६५ | २००० | ५२३५ | ३८२० | ९६.३६ |
| विद्यालय बाहिर रहेका बालबालिका संख्या | | | | | | |
| आधारभूत तह | १८ | ७२ | ७ | २८ | २५ | ०.४३ |
| माध्यमिक तह | १६० | ७८.४४ | ४४ | २१५६ | २०४ | २.४१ |

स्रोत: नगर शिक्षा पाश्वचित्र २०७७

## १.४ शिखर नगरपालिकाको शैक्षिक सन्दर्भ

संघिय राज्य निमार्ण पश्चात शिक्षाका अधिकार क्षेत्रहरुको पनि विभाजन गरियो । आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षाको अधिकार नेपालको संविधान २०७२ ले स्थानीय तहलाइ दियो । हाल एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार बर्ष उमेरका बालबालिका सहभागी हुने व्यवस्था छ । त्यसै ५-१२ उमेर समुहका बालबालिकाहरुले आधारभूत र १३-१६ उमेर समूहका बालबालिकाले माध्यमिक शिक्षामा सहभागी हुन व्यवस्था गरिएको छ । आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क र माध्यमिक सम्मको शिक्षा निशुल्क हुने प्रावधानको व्यवस्था संविधानले सुनिश्चित गरेको छ । सो को कार्यान्वयन गर्नु तीनै तहका सरकारको मुख्य दायित्व हो । निशुल्क आधारभूत र माध्यमिक शिक्षाको संविधानले परिकल्पना गरे पनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरु सञ्चालन भइरहेका छन ।

### १.४.१ नगरपालिका भित्र सञ्चालित शैक्षिक संस्थाहरु

यस शिखर नगरपालिकामा तीन प्रकारका विद्यालयहरु सञ्चालनमा रहेका छन । जम्मा ७५ विद्यालय मध्ये ६४ सरकारको लगानीमा चलेका सामुदायिक विद्यालय, १ आफ्नै स्रोतबाट सञ्चालित गुरुकुल/धार्मिक विद्यालय र १० निजी क्षेत्रको लगानीमा सञ्चालन गरिएका संस्थागत विद्यालयहरुरहेका छन । यस नगरपालिकमा ५ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन भने १ बहुमुखी क्याम्पस हरेको छ। यी सबै शैक्षिक संस्थाहरु यसप्रकार छन ।

शिखर नगपालिका अन्तर्गत सञ्चालित शैक्षिक संस्थाहरुः

| क्र.स. | संस्था | | संख्या | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यालय | सामुदायिक | ६४ | ७५ | आधारभूत ५२ र माध्यमिक १२ |
| | | संस्थागत | १० | | आधारभूत ७ र माध्यमिक ३ |
| | | धार्मिक | १ | | आधारभूत |
| २ | सामुदायिक सिकाइ केन्द्र | | ५ | ५ | |
| ३ | बालबिकास केन्द्ररु | विद्यालयमा आधारित | ४८ | ७० | |
| | | समुदायमा आधारित | २२ | | |
| ४ | प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालय | | २ | २ | श्री सिताराम मा वि र श्री राधाकृष्ण मा वि गोपघाट |
| ५ | क्याम्पस | | १ | १ | स्नातक तह संचालनमा रहेको |
| जम्मा शैक्षिक संस्थाहरु | | | | १०३ | |

### १.४.२ नगरपालिकाका शिक्षा क्षेत्रमा उल्लेख्य उपलब्धि

पछिल्लो समय शिक्षामा लगानी र जन चासो बढेका कारण शैक्षिक उपलब्धिहरु पनि उल्लेख्य रुपमा बृद्धि भएका देख्न सकिन्छ । पहुँचका हिसावले कुनै पनि बालबालिकाले विद्यालय बाहिर वस्नु पर्ने वाध्यता कम हुदै गइरहेको छ । विद्यार्थी भर्ना दर, कुल र खुद भर्ना दर र विद्यार्थीको उपलब्धि स्तरमा सुधार भएको स्पष्ट देख्न सकिन्छ । यस शिखर नगरपालिकामा जम्मा ७० वटा बालकिास केन्द्र र ७५वटा विद्यालयहरु छन । नगरपालिकामा सबै वडामा विद्यालयहरु खुलेका छन भने लगभग सबै टोलहरुमा पनि विद्यालयहरु रहेका छन । वडा न ३ र ११ बाहेक सबै वडाहरुमा माध्यमिक विद्यालयहरु सञ्चालित रएकाले विद्यार्थी भर्नादरमा सुधार भएको देखिन्छ । यस नगरपालिकामा विद्यालय शिक्षाको पहुँच, गणस्तर र सक्षमताको अवस्था यस प्रकार रहेको छ र यसमा अझै सुधार गर्दौ जानु पर्ने देखिन्छ ।

विद्यार्थी भर्नादर

| विद्यार्थी भर्ना | सामुदायिक (प्रतिशत) | | | | निजी (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | लैंगिक समता सूचांक (GPI) | जम्मा | छात्रा | छात्र | लैंगिक समता सूचांक (GPI) |
| प्रारम्भिक बाल विकास शिक्षा | 1320 | 48=4 | 51=59 | 0=94 | 599 | 33=39 | 66=61 | 0=50 |
| प्रारम्भिक कक्षा (१-३) | 3312 | 53=66 | 46=34 | 1=16 | 526 | 37=27 | 62=73 | 0=59 |
| **आधारभूत** | | | | | | | | |
| कक्षा १-५ | 4689 | 54=7 | 45=32 | 1=21 | 803 | 25=28 | 74=72 | 0=34 |
| कक्षा ६-८ | 2606 | 53=8 | 46=2 | 1=16 | 207 | 28=02 | 71=98 | 0=39 |
| **माध्यमिक** | | | | | | | | |
| कक्षा ९-१० | 1507 | 48=9 | 51=1 | 0=96 | 60 | 31=67 | 68=33 | 0=46 |
| कक्षा ११-१२ | 856 | 52=22 | 47=8 | 1=09 | | | | |

पहुँच

| सूचकाङ्क | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| प्रारम्भिक बाल विकास शिक्षामा अनुभव लिइ कक्षा १ मा नवप्रवेशीको प्रतिशत | 66 | 74 | 70 |
| कक्षा १ मा कूल भर्ना दर (GER) | 128=5 | 121=5 | 125 |
| कक्षा १ मा खूद भर्ना दर (NER) | 96=7 | 93=3 | 95 |
| आधारभूत तहमा कूल भर्ना दर (GER) | | | |
| कक्षा १-५ | 118=5 | 121=5 | 120 |
| कक्षा ६-८ | 114=8 | 107=2 | 111 |
| आधारभूत तहमा खूद भर्ना दर (NER) | | | |
| कक्षा १-५ | 95=2 | 97=8 | 96=5 |
| कक्षा ६-८ | 91=25 | 96=75 | 94 |
| आधारभूत तहमा खूद भर्ना दर (GER) | | | |
| कक्षा ९-१० | 72=25 | 67=75 | 70 |
| कक्षा ११-१२ | 61=35 | 58=65 | 60 |
| आधारभूत तहमा खूद भर्ना दर (NER) | | | |

| | | | |
|---|---|---|---|
| कक्षा ९-१० | 46=35 | 49=65 | 48 |
| कक्षा ११-१२ | 40=79 | 43=21 | 42 |

गुणस्तर

अनिवार्य विषयहरुको सिकाइ उपलब्धि

| क्र स | विषय | कक्षा ३ (%) | | | कक्षा ५(%) | | | कक्षा ८(GPA) | | | कक्षा १० ( GPA) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | नेपाली | 54=6 | 57=4 | 56 | 54=3 | 56=1 | 54=79 | 2=3 | 2=4 | 2=4 | 2=42 | 2=73 | 2=59 |
| २ | अंग्रेजी | 53=8 | 56=4 | 55=2 | 47=6 | 51=4 | 49=5 | 2=3 | 2=3 | 2=3 | 2=18 | 2=63 | 2=42 |
| ३ | गणित | 52=3 | 52=9 | 52=8 | 46=1 | 49=7 | 48=2 | 1=7 | 1=9 | 1=8 | 1=69 | 2=17 | 1=97 |
| ४ | विज्ञान | 60=8 | 60=5 | 60=7 | 41=4 | 43=6 | 42=7 | 2=7 | 2=3 | 2=2 | 2=21 | 2=66 | 2=47 |
| ५ | सामाजिक | 57=3 | 60=3 | 59=2 | 50=2 | 55=2 | 53=14 | 2=2 | 2=5 | 2=3 | 2=32 | 2=5 | 2=46 |

सक्षमता

| सूचकाङ्क / तह | | टिकाउदर(%) | कक्षा उत्तिर्णदर(%) | कक्षा दोहोऱ्याउने दर(%) | कक्षा छोड्नेदर(%) |
|---|---|---|---|---|---|
| कक्षा १-५ | छात्रा | 92=5 | 95 | 4=5 | 1=5 |
| | छात्र | 95=5 | 96 | 2=5 | 0=5 |
| | जम्मा | 94 | 95=5 | 3=5 | 1 |
| कक्षा ६-८ | छात्रा | 76 | 77=2 | 16 | 5=5 |
| | छात्र | 88 | 82=8 | 14 | 4=5 |
| | जम्मा | 82 | 80 | 15 | 5 |
| कक्षा ९-१० | छात्रा | | 63 | 17=5 | 20 |
| | छात्र | | 65 | 18=5 | 16 |
| | जम्मा | | 64 | 18 | 18 |
| कक्षा ११-१२ | छात्रा | | 31 | 30 | 40 |
| | छात्र | | 51 | 22 | 26 |
| | जम्मा | | 41 | 26 | 33 |
| जम्मा | छात्रा | | 75 | 20 | 15 |
| | छात्र | | 70=3 | 21=4 | 18=6 |
| | जम्मा | | 79=7 | 13=5 | 16=5 |

साक्षरता

| वार्ड नं. | साक्षरता प्रतिशत | | वार्डको साक्षरता | निरक्षरता प्रतिशत | | वार्डको निरक्षरता |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | | महिला | पुरुष | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | 83.81 | 94.36 | 89.04 | 16.19 | 5.64 | 10.96 |
| 2 | 89.31 | 95.00 | 92.20 | 10.69 | 5.00 | 7.80 |
| 3 | 70.86 | 94.29 | 82.55 | 29.14 | 5.71 | 17.45 |
| 4 | 71.87 | 89.31 | 80.80 | 28.13 | 10.69 | 19.20 |
| 5 | 86.25 | 97.84 | 92.50 | 13.75 | 2.16 | 7.50 |
| 6 | 72.03 | 91.26 | 81.97 | 27.97 | 8.74 | 18.03 |
| 7 | 77.57 | 93.85 | 85.83 | 22.43 | 6.15 | 14.17 |
| 8 | 59.21 | 85.88 | 72.86 | 40.79 | 14.12 | 27.14 |
| 9 | 81.43 | 90.10 | 85.94 | 18.57 | 9.90 | 14.06 |
| 10 | 84.22 | 93.76 | 89.05 | 15.78 | 6.24 | 10.95 |
| 11 | 71.13 | 87.16 | 79.67 | 28.87 | 12.84 | 20.33 |
| **जम्मा** | 77.43 | 91.94 | 84.90 | 22.57 | 8.06 | 15.10 |

### १.४.३ नगरपालिकाका असल अभ्यासहरु

यस शिखर नगरपालिकाको स्थापना भए संगै शिक्षा क्षेत्रमा सुधार गर्नका लागि केहि विभिन्न प्रयासहरु भए पनि सुरुका वर्षहरुमा शिक्षा क्षेत्रलाइ प्राथमिकता दिन नसकिएको देखिन्छ । शिक्षामा गुणस्तरको सुनिश्चितता गरी बालबालिकाको सर्वाङ्गिण विकासका लागि पछिल्ला वर्षहरुमा थुप्रै प्रयासहरु भएका छन । विद्यालयको भौतिक, शैक्षिक र आर्थिक पक्ष बलियो बनाउन पालिका तर्फबाट विविध प्रयत्न गरिएको छ । शिक्षकहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिएका छन । बालबाविकाहरुको सिकाइमा सहभागिता सुनिश्चित गर्ने विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएका छन । यस शिखर नगरपालिकाले शिक्षा क्षेत्रमा गरेका असल प्रयासहरु यसप्रकार छन ।

- दुई विद्यालयहरु एक अर्कामा समायोजन गरिएका छन र अन्य विद्यार्थी कम भएका विद्यालयहरु पनि समायोजनका क्रममा रहेका छन ।
- पाँच समुदायमा सञ्चालित बालबिकास केन्द्रहरुलाइ नजिकको विद्यालयमा गाभिएको छ । अन्य बालबिकासहरु पनि यसै गरी गाभिने प्रक्रियामा रहेका छन ।
- दरबन्दी मिलानको कार्य अगाडि बढाइएको छ र दरबन्दी न्युन र विद्यार्थी संख्या धेरै भएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन अनुदानको व्यवस्था गरिएको छ ।
- शिक्षकहरुको क्षमता विकासका लागि समय समयमा गोष्ठी, तालिम र बैठकहरु आयोजना गरिएका छन ।
- विद्यालय अनुगमनलाइ प्रभावकारी बनाइएको छ । र कक्षा अवलोकन गर्ने कार्य पनि गरिएको छ ।
- विपन्न विद्यार्थीहरुलाइ सहुलियतका कार्यक्रमहरु सञ्चालित गरिएका छन भने अभिभावकहरुलाइ सचेतना गर्ने कार्य गरिएको छ ।
- विद्यालयहरुमा खानेपानी, पुस्तकालय, प्रयोगशाला र शैक्षिक सामग्रीका लागि अनुदान र अनुगमनको व्यवस्था गरिएको छ ।

- बालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि समय समयमा अतिरिक्त क्रियाकलाप आयोजना गर्ने गरिएको र बालबालिका प्रतिभा पहिचान र विकास कार्यक्रमालाइ निरन्तरता दिइएको छ ।
- राम्रो कार्य सम्पादन भएका शिक्षकहरुलाइ सम्मान गरिएको छ । उत्कृष्ट विद्यालय कर्मचारी र बालबिकास सहजकर्तालाइ रु १०००० प्रोत्साहन को व्यवस्था गरिएको छ ।
- कक्षा ८ मा ४ जि पि ए ल्याउने नगर भरीका विद्यार्थीहरुलाइ उचित पुरष्कार सहित सम्मान गर्ने गरिएको छ ।
- नगर पालिकाबाट शैक्षिक कालेण्डर निमार्ण गरी लागु गर्ने गरिएको छ ।

### १.४.४ बिगतका योजनाहरुको कार्यान्वयन अवस्था

यस शिखर नगरपालिकाकाले शिक्षा क्षेत्रको सुधारका लागि विविध प्रयास गरेको भए पनि नगर शिक्षा योजना निमार्ण गरी कार्यान्वयन गरेको अवस्था थिएन । बालबालिकाहरुको सिकाइमा गुणस्तर कायम गर्न पाँच वर्षे समता रणनीति तयार गरेको थियो । सो रणनीति हाल कार्यान्वयनको अवस्थामा रहेको छ । सो रणनीतिले विद्यालय बाहिर रहेका बालबालिकाहरुलाइ विद्यालयमा ल्याउने र विद्यालयमा टिकाउने र सिकाउने परिकल्पनाका साथ कार्यान्वयनको चरणमा रहेको छ । सो कार्यक्रम अन्तर्गत शैक्षिक सत्र २०७७ मा विद्यालय बाहिर रहेका १० जना बालबालिकाहरुलाइ विद्यालय भर्ना गरिएको थियो भने अन्य २० जना बालबालिकाका अभिभावक र प्र अ संग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । विद्यालय र बालबिकास केन्द्रहरुमा मनोरञ्जनात्मक बाताबारण बनाउन विविध सामग्रीहरु समेत वितरण गरिएको थियो । उक्त समता रणनीतिलाइ पनि यस नगर शिक्षा योजनाको एक भाग बनाएर अवको १० वर्ष सम्म त्यस कार्यक्रमलाइ निरन्तरता दिए विद्यालय शिक्षामा समता कायम गर्न सकिने देखिन्छ ।

विगतमा योजना विहिन भएर शिक्षाको सुधार गर्ने प्रयास गरिएकाले अपेक्षित उपलब्धि हासिल गर्न नसकिएको अवस्थामा अवका दिनमा कार्यान्वयनयोग्य, वस्तुगत र प्रभावकारी योजना बनाई अगाडि बढ्नु अपरिआर्य छ ।

### १.५ विद्यालय शिक्षा क्षेत्रका मुख्य चूनौतीहरु

संघीय गणतान्त्रिक राज्य भए पछि तीन तहका सरकार बने र सबैको आफ्नो एकल र साझा अधिकार क्षेत्रहरु पनि संविधानका व्यवस्था गरिए । शिक्षालाइ पनि सवै तहको एकल र साझा अधिकारमा राखियो । यसरी संघिय संरचनामा शिक्षा सबैको हुन तर कसैको पनि नहुने अवस्था सिर्जना भयो । संघीय संरचनामा शिक्षा झन चूनौतीपूर्ण र अन्योलग्रस्त बनेको छ । स्थानीय तहको अधिकार क्षेत्र आधारभूत र माध्यमिक तहको शिक्षा भनिए पनि आधारभूत र माध्यमिक शिक्षालाइ वहन गर्ने क्षमता स्थानीय तहहरुमा देखिदैन । अन्य विद्यालय शिक्षा क्षेत्रका चूनौतीहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- विद्यालयहरुमा तहगत र विषयगतहरुमा शिक्षक दरबन्दीको व्यवस्था गर्नु,
- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थामा गुणात्मक सुधार गर्नु,
- शिक्षकहरुको कार्य दक्षता अभिवृद्धि गरी सिकाइ उपलब्धि वढाउनु,
- गुणस्तरीय सिकाइका लागि दक्ष बालबिकास सहजकर्ताको व्यवस्था गर्नु,

- विद्यालयमा बालमैत्री बातावरण तयार गर्नु,
- अनिवार्य र निःशुल्क शिक्षाको सुनिश्चित गर्नु,
- विद्यालयहरुको नक्साङ्कन, समायोजन र दरबन्दी पुनर्वितरण गुर्न,
- सबै तहका बालबालिकाहरुमा व्यवहारकुशल सीपको विकास गर्नु,
- समाज, परिवेश र प्रविधि सुहाउदो पाठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्था गरी कार्यान्वयन गर्नु,
- विद्यालयहरुमा आवश्यक सबै शैक्षिक र शैक्षणिक सामग्रीहरुको व्यवस्था मिलाउनु,
- प्राविधिक तथा व्यावसायिक शिक्षाको सुनिश्चित गर्नु,
- प्रकोप रहित संरचना तयार गर्नु
- विद्यालयमा भय रहित बातावरण सिर्जना गरी समावेशीता सुनिश्चित गर्नु,
- पालिका स्तरमा शिक्षा हेर्ने दक्ष जनशक्तिको व्यवस्था गर्नु,
- अहिले अवस्थामा बालबालिकाहरुको पढाइ प्रति वितृष्णा हटाइ असल सिकारुका रुपमा विकास गर्नु,
- सार्वजनिक शिक्षाममा अभिभावकको सहभागिता बढाउनु ।

## १.६ विद्यालय शिक्षा क्षेत्रका अवसरहरु

संघीय संरचना शिक्षा क्षेत्रका लागि चुनौतीपूर्ण वन्नुका साथसाथै अवसरहरुको पनि सम्भावना बढाएको छ । शिक्षा सबैको अधिकार क्षेत्रमा पर्ने भएकाले शिक्षाम सबैले लगानी गर्ने हो भने शिक्षा क्षेत्रका धेरै अवसरहरु छन । माथि उल्लेखित चूनौतीहरु समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरु उपलब्ध हुनेछन ।

- तीनै तहबाट शिक्षामा लगानी गरी शिक्षा क्षेत्रका सबै समस्या हल गर्न सकिने,
- शिक्षा क्षेत्रको सुधारका लागि आवश्यक नीति नियम निर्माण तथा बजेटको व्यवस्थापन गर्नु सकिने ।
- नीतिगत रुपमा निशुल्क र अनिवार्य शिक्षाको प्रावधान रहेको,
- नेपालले विभिन्न अन्तराष्ट्रिय दस्तावेजहरुमा हस्ताक्षर गरेको,
- हाल देशमा द्धन्दको अवस्था नरहेको,
- विद्यालयका अधिकाँस संरचना निमार्ण भइ सकेका,
- समुदायले हाल शिक्षाको महत्व बुझी शिक्षामा लगानी गर्न तयार रहेको अवस्था छ
- शिक्षा हेर्ने विविध निकायहरु खडा गरिएका,
- शिक्षामा सुधारका लागि वैदेशिक सहायता मिलिरहेको
- स्थानीय सरकारले शिक्षा सम्बन्धी संघिय सरकारको शैक्षिक नीति नियम मापदण्डसँग नबाँझिने गरी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन र अनुगमन गर्ने व्यवस्था हुनु ।
- संघिय संरचना अनुसार संचालनमा रहेका सबै तहमा स्थानीय तह स्वायत्त हुनु ।
- योजना तथा बजेट निर्माणमा स्थानीय तह स्वायत्त हुनु ।

- राष्ट्रिय शिक्षा नीति २०७६ निर्माण हुनु ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन हुनु ।
- स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत समग्र शिक्षाको गुणस्तर र सेवा प्रवाह प्रभावकारिता अभिवृद्धि सम्बन्धी योजनाबद्ध सुरुवात हुनु ।
- स्थानीय सरकारले आवश्यकताका आधारमा आधारभूत तहमा संरचनामा तोके बमोजिम स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रि विकास गर्न सक्ने प्रावधान हुनु ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहका लागि शिक्षा सम्बन्धी २३ वटा अधिकारहरुको व्यवस्था भएको हुनु ।
- स्थानीय तहमा शिक्षा सम्बन्धी समस्या पहिचान,समाधानको लागि योजना निर्माण,कार्यान्वयन गर्ने कार्यमा सरोकारवालाको सहभागिता गराउन सकिन्छ ।

## १.५ योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य व्यवस्थित र कार्यान्वयनयोग्य योजना विना सफल हुन सक्दैन । योजना हरेक गन्तव्यको सहज गोरेठो हो । राम्रो योजना बन्नु भनेको धेरै कार्य सम्पन्न गर्नु हो । शिक्षा क्षेत्रको आमुल परिवर्तनका लागि व्यवस्थित तथा संरचनागत कार्यक्रम आवश्यकता पर्दछ । योजना निमार्ण पनि योजनावद्ध हुनु पर्दछ । योजनालाई सर्वस्वीकार्य तथा सबै वर्गको सहभागीता, सुनिश्चित हुने बनाउन देहायबमो प्रक्रिया अबलम्बन गरिएको छ ।

1. राष्ट्रिय प्रारम्भिक कक्षा कार्यक्रमबाट सामाजिक विकास समिति संयोजक, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख तथा योजना शाखाका पदाधिकारीलाई शिक्षा योजना निर्माणका लागि ५ दिने तालिम प्रदान।
2. नगर शिक्षा योजना निमार्णका शिक्षा समिति र प्र अ बैठकमा छलफल गरी शिक्षा पाश्वचित्र निमार्ण ।
3. नगर शिक्षा समिति बाट शिक्षा अधिकृत शेरबहादुर कार्कीको संयोजकत्वमा नगर शिक्षा योजना मस्यौदा निमार्ण कार्यदल गठन । सो समितिकालागि नगर प्रमुख र नगर उपप्रमुख सल्लाहाकार ।
4. मस्यौदा निर्माणका लागि सदस्यहरुमा विषयगत जिम्मेवारी बाँडफाँड र कार्यदलका सदस्यहरुलाइ अभिमुखीकरण
5. मस्यौदा निमार्ण सम्पन्न र उक्त मस्यौदा माथि शिक्षा समितिमा छलफल र सुझाव संकलनका लागि सबै विद्यालयहरुलाइ वितरण ।
6. कार्यपालिकाबाट अनुमोदन र प्रमाणीकरण गरी सके पछि कार्यान्वयन सुरु । शिक्षा समितिबाट गाउँ शिक्षा योजना निर्माण कार्य अगाडी बढाउन निर्णय गर्ने ।
7. मस्यौदाको अन्तिमीकरण र अनुमोदनका लागि कार्यपालिकामा पेश ।
8. नगर कार्यपालिकाबाट शिक्षा योजना स्वीकृत । शिक्षा शाखाबाट छपाई, वितरण र कार्यान्वयन ।

## परिच्छेद २ (दुई): दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य

### २.१ परिचय

शिक्षाको दश वर्षे योजना निमार्ण गर्दै गर्दा विगतका अनुभव र सिकाइहरुलाइ आधार मानेर अवका वर्षहरुमा कस्ता चुनौती कसरी सामना गर्न सकिन्छ भनी वस्तुगत र तथ्यपरक योजना बनाएर अगाडि बढ्नु पर्छ । शिक्षा क्षेत्रमा जति चूनौतीहरु रहेका छन त्यैति नै अवसरहरु पनि छन । त्यसैले अवसर र चूनौतीहरुको पहिचान गरी समय र अवधि अनुसार कुन चूनौती लाइ सामना गर्न सकिन्छ र कुन अवसर ग्रहण गर्न सकिन्छ भन्ने विषयमा गहन विश्लेषण गरी अगाडि बढेमा शिक्षा क्षेत्रका लक्ष्यहरु हासिल गर्न सकिन्छ । यस सन्दर्भलाइ दृष्टिगत गरी यस शिक्षा सम्बन्धि दश वर्षे योजनाबाट शिखर नगरपालिकाले २०८७ सम्म हासिल गर्नु पर्ने उपलब्धिहरुलाइ समेट्ने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरु, रणनीति तथा प्रमुख उपलब्धि सूचकहरु प्रस्तुत गरिएको छ ।

### २.२ दूरदृष्टि (Vision)

"शिक्षित, समुन्नत र स्वस्थ नगर; सभ्य र समृद शिखर" सामाजिक रुपान्तरणको माध्यमबाट सु-संस्कृत समाज निमार्ण गर्न योगदान गर्ने ।

### २.३ लक्ष्य (Mission)

आभारभूत र माध्यमिक शिक्षालाइ पतिस्पर्धी, पविधिमैत्री, उत्पादनमुखी र गुणस्तरीय बनाई दक्ष मानव संशाधन विकास गर्ने ।

### २.४ उद्धेश्य (Objectives)

१. बालबिकास केन्द्रहरुलाइ पूर्वाधारसहित बालमैत्री बनाइ प्रभावकारी सिकाइ सुनिश्चित गर्ने ।
२. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाइ विद्यालयमा ल्याइ विद्यालयमा टिकाउने र सिकाउने ।
३. सबै तहका शिक्षकहरुलाइ तालिम प्रदान गरी प्रविधिमैत्री र दक्ष बनाउने ।
४. विद्यालयमा अभिभावकहरुको सहभागिता र लगानी बढाउने ।
५. बालबालिकाहरुको सर्वाङ्गिण विकासकालागि शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा बढोत्तरी दिने ।
६. प्रारम्भिक कक्षाका बालबालिकाहरुको पठन सीपका साथसाथै व्यावहारिक सीपको विकास गर्ने ।
७. सबै तहका बालबालिकाहरुको भाषाका चारै सीप विकासमा जोड दिने ।
८. प्राविधिक तथा व्यावसायिक शिक्षाम बालबालिकाहरुको पहुँच बढाउने ।
९. शिक्षा संग सरोकारवाला सबैलाइ शिक्षा प्रति उत्तरदायी बनाइनेछ ।
१०. विषयगत शिक्षकको व्यवस्था गर्ने र कार्य सम्पादनका आधारमा शिक्षक वृत्ति विकासका अवसर प्रदान गर्ने ।
११. विद्यालयहरुलाइ प्रविधिमैत्री र अपाङ्गमैत्री बनाउदै लैजाने ।
१२. स्थानीय पाठ्यक्रम बनाइ लागु गर्ने ।

१३. अनिवार्य र निशुल्क शिक्षाको सुनिश्चित गर्ने । सबैलाइ जीवनपर्यन्त सिकाइका अवसर प्रदान गर्ने ।

१४. विद्यालयहरुका भौतिक, आर्थिक र शैक्षिक पक्षमा सुधार ल्याइनेछ ।

## २.५ रणनीतिहरु (Strategies)

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि देहायबमोजिम रणनीतिहरु अवलम्बन गरिनेछन ।

१. बालबिकासमा आवश्यक पर्ने सबै किसिमका शैक्षिक तथा शैक्षणिक सामग्रीहरु बालविकास केन्द्रहरुलाइ उपलब्ध गराइनेछ र बालबिकास सहजकर्ताहरुलाइ शिक्षण कौशल सम्बन्धि तालिमको व्यवस्था गरिनेछ । बालबिकास केन्द्रहरुको कार्य सम्पादनका आधारमा ग्रेडिङ गरी उत्कृष्ट बालबिकास केन्द्रहरुलाइ प्रोत्साहन गरिनेछ ।

२. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुको पहिचान गरी अभिभावक सचेतना र बालबालिकाहरुर्लाइ पोशाक, शैक्षिक सामग्रीहरु उपलब्ध गराइ प्रोत्साहन गरिनेछ ।

३. शिक्षकहरुमा विषयगत शिक्षक समुह निमार्ण गरी अनुभव आदान प्रदान तथा शिक्षकको आवश्यकता पहिचान गरी तालिम, अभिमुखीकरण, गोष्ठि र बैठकहरु आयोजना गरिनेछ । सबै विद्यालयहरुमा विषयगत शिक्षकको व्यवस्था गरिनेछ । राम्रो उपलब्धि हासिल गर्ने शिक्षकहरुलाइ सम्मान गरिनेछ ।

४. विद्यालयहरुको सुधारका लागि अभिभावक सहयोग जुटाइनेछ । विद्यालयलाइ योगदान दिने अभिभावकलाइ सम्मान गरिनेछ ।

५. बालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि शैक्षिक तथा अतिरित्त क्रियाकलापहरु सञ्चालन गरिनेछ र बालबालिका प्रतिभा पहिचान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. माध्यमिक विद्यालयहरुलाइ प्राविधिक धार तर्फ लैजाने र बालबालिकाहरुलाइ प्राविधिक विषय पढ्न प्रोत्साहन गर्ने ।

७. कम्प्युटर, फोटो कपी मेसिन, नेट नभएका विद्यालयहरुलाइ यी सबै उपलब्ध गराइनेछ र विद्यालयका कार्यहरुलाइ प्रविधिमुखी बनाउन प्रोत्साहन गरिनेछ ।

८. सामुदायिक सिकाइ केन्द्रहरुलाइ सक्रिय बनाइ अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र साक्षरता कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गरिनेछ ।

९. विद्यालयहरुमा भौतिक तर्फका समस्याहरु पहिचान गरी आवश्यकताका आधारमा भौतिक सुधार गरिनेछ । सबै विद्यालयहरुमा उचित घेरवारको व्यवस्था मिलाइनेछ । सबै विद्यालयमा सुद्ध खानेपानी र पूर्ण सरसफाइको अभियान सञ्चालन गरिनेछ ।

१०. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निमार्ण गरी कार्यान्वयन गरिनेछ ।

## २.५ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्यमा (२०८७) सम्ममा निम्नानुसार उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ ।

१. बालबिकास केन्द्रहरुलाइ पूर्वाधारसहित बालमैत्री बनाइ प्रभावकारी सिकाइ सुनिश्चित हुनेछ ।

२. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाइ विद्यालयमा हुनेछन ।

३.	सबै तहका शिक्षकहरुलाइ तालिम प्रदान गरी प्रविधिमैत्री र दक्ष हुनेछन ।
४.	विद्यालयमा अभिभावकहरुको सहभागिता र लगानी बढेको हुनेछ ।
५.	बालबालिकाहरुको सर्वाङ्गिण विकास भएको हुनेछ ।
६.	प्रारम्भिक कक्षाका बालबालिकाहरुको पठन सीपका साथसाथै व्यावहारिक सीपको विकास भएको हुनेछ ।
७.	सबै तहका बालबालिकाहरुको भाषाका चारै सीप विकास भएको हुनेछ ।
८.	प्राविधिक तथा व्यावसायिक शिक्षामा बालबालिकाहरुको पहुँच बढेको हुनेछ ।
९.	विषयगत शिक्षकको व्यवस्था गर्ने र कार्य सम्पादनका आधारमा शिक्षक वृत्ति विकासका अवसर प्रदान गरिएको हुनेछ ।
१०.	विद्यालयहरुलाइ प्रविधिमैत्री र अपाङ्गमैत्री हुनेछन ।
११.	अनिवार्य र निशुल्क शिक्षाको सुनिश्चित भएको हुनेछ । सबैलाइ जीवनपर्यन्त सिकाइका अवसर हरु उपलब्ध भएको हुनेछ ।
१२.	विद्यालयहरुका भौतिक, आर्थिक र शैक्षिक पक्षमा सुधार भएको हुनेछ ।
१३.	गुणस्तरीय शिक्षाको सुनिश्चित भएको हुनेछ ।

## २.७ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनाका मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्नबमोजिम निर्धारण गरिएको छ :

| क स | सूचकहरु | आधार वर्ष (२०७७) को अवस्था | लक्ष्य | |
|---|---|---|---|---|
| | | | २०८२ | २०८७ |
| **१. प्रारम्भिक बालबिकास तथा शिक्षा** | | | | |
| १.१ | कूल भर्नादर | ९० | १०० | १०२ |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | ७०.२ | ९२ | १०० |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९८ | १०० | १०० |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९४.५ | १०० | १०० |
| १.५ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालबिकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ७० | ८५ | १०० |
| **२. आधारभूत शिक्षा** | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | १२५ | ११० | १०० |
| २.२ | कक्षा १ मा खूद प्रवेशदर | ९५ | ९८ | १०० |
| २.३ | कक्षा १-५ मा कूल भर्नादर | १२० | ११० | १०५ |
| २.४ | कक्षा १-५ मा खूद भर्नादर | ९६.५ | ९८ | १०० |
| २.५ | कक्षा १-८ मा कूल भर्नादर | १११ | १०६ | १०२ |
| २.६ | कक्षा १-८ मा खूद भर्नादर | ९४ | ९६ | ९८ |

| | | | | |
|---|---|---|---|---|
| २.७ | कक्षा १-८ मा खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | १.०० | १.०० |
| २.८ | कक्षा ८ मा टिकाउदर | ८२ | ८८ | ९५ |
| २.९ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ८१.२ | ८५ | ९२ |
| २.१० | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ३.२ | १ | ० |
| **३. माध्यमिक शिक्षा** | | | | |
| ३.१ | कूल भर्नादर कक्षा ९-१० | ८० | १०० | १०५ |
| ३.२ | खूद भर्नादर कक्षा ९-१० | ६८ | ८५ | ९५ |
| ३.३ | खूद भर्नादर कक्षा ९-१२ | ४२ | ६० | ७० |
| ३.४ | कूल भर्नादर कक्षा ९-१२ | ६० | ७५ | ९० |
| ३.५ | कूल भर्नादर कक्षा ११-१२ | ४५.७ | ६५ | ८५ |
| ३.६ | खूद भर्नादर कक्षा ११-१२ | ३० | ५० | ७० |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६७.५ | ७५ | ८५ |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | ३३ | ४५ | ६० |
| ३.९ | कक्षा १-१२ मा खूद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | ०.९७ | १.०० | १.०० |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ८४.९ | ९० | ९८ |
| ४.२ | १५-२४ वर्षको साक्षरता दर | ९५ | ९८ | १०० |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ८० | ९० | ९५ |
| **५. महिला शिक्षक प्रतिशत** | | | | |
| ५.१ | आधारभूत तह | ४३.५६ | ४५ | ५० |
| ५.२ | माध्यमिक तह | ५.५६ | १० | १५ |
| **६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पुरा गरेका विद्यालय प्रतिशत** | | | | |
| ६.१ | प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द्र | | | |
| ६.२ | आधारभूत विद्यालय | | | |
| ६.३ | माध्यमिक विद्यालय | | | |
| **७. नगरको बजेटमा शिक्षा क्षेत्रको बजेट प्रतिशत** | | ३.६८ | ८ | १५ |

## ३. परिचय

नगर शिक्षा योजना २०७८-२०८७ ले शिक्षाका सबै उपक्षेत्रहरु समेटेर अपेक्षित सुधारका लाागि उचित प्रावधानको व्यवस्था गर्नु पर्छ । १० वर्षे नगरपालिकाको शिक्षाका लागि दूरदृष्टि, ध्येय, उद्देश्यहरुका आधारमा मुख्य क्रियाकलाप निर्धारण र लक्ष्य आँकलन गरी लागत अनुमान सहित योजना तयार गरिएको छ । यस अगाडिका परिच्छेदमा शिक्षाको अवस्था, चूनौती, अवसरहरु, र नगरपालिकाको शैक्षिक गन्तव्यको समीक्षा गरिएको छ । यसले विद्यालय क्षेत्र योजनाको आवश्यकता तथा प्राथमिकता महिचान गर्ने आधार तयार गरेको छ । परिच्छेद दुइमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरु पहिचान गरिएको छ । यस परिच्छेदमा विद्यालय क्षेत्र अन्तर्गतका विभिन्न उपक्षेत्रहरु: प्रारम्भिक बालबिकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिश शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरु पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन जस्ता सबैजसो उपक्षेत्रसंग अन्तर विषयहरुको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरुलाइ दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरु सामना गर उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरु र प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु निर्धारण गरिएको छ । शिक्षाका सबै उपक्षेत्रहरुको विश्लेषण गरी योजना तयार गरिएको छ । शिक्षा सम्बन्धि सबै नीतिगत व्यवस्थाहरुको अवलम्बन गरी योजनाको खाका तयार गरिएको छ ।

यस परिच्छेदमा प्रारम्भिक बालबिकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरु पहिचान गर्नुका साथै योजनाका लागि सम्बन्धित उपक्षेत्रका उद्देश्य, रणनीतिहरु, प्रमुख नतिजाको आँकलन, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु समावेश गरिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास शिक्षा

### ३.१.१ परिचय

नेपालको संविधान २०७२ को धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर शिखर नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले बालशिक्षालाई विद्यालय पाठ्यक्रमको अंगमा समेटेको छ त्यस्तै स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ 'ज' मा बालविकास केन्द्र देखि विद्यालय तह सम्म

स्थानीय तहले रेखदेख , सञ्चालन तथा व्यवस्थापन गर्न अधिकार दिए बमोजिम साविकको विभिन्न जिल्लाका विभिन्न गा.वि.स र हालको ७५३ वटै स्थानीय तहहरुमा बालविकास केन्द्रको स्थापना गर्ने क्रममा यस शिखर नगरपालिकामा पनि विभिन्न वडाका विभिन्न स्थानहरुमा केहि मात्रमा बालविकास केन्द्रहरुको स्थापना भएको छ । शिखर नगरपालिका आफैमा भौगोलिक विकटता भएको कारण विद्यालय जान उमेर पुगेका बालबालिकाहरुलाई बालशिक्षामा समावेश गर्न चुनौतिको विषय बनेको छ तथापी नेपाल सरकारवाट आंशिक रुपमा सुविधा पाउने गरी केहि विद्यालयहरुमा बालविकास केन्द्र स्थापना भएका छन ।

### ३.१.२ वर्तमान अवस्था

शिखर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको तथ्याङ्क अनुसार यस शिखर नगरपालिकामा जम्मा ७० वटा बालविकास केन्द्रहरु स्थापना भएका छन जम्मा ७० जना शिक्षकहरु मध्ये २ पुरुष र ६८ महिला नियुक्ति भई शिक्षण कार्य सञ्चालन गरिएका छन त्यस्तै ७६५ केटीहरु र ८१७ केटाहरु गरी जम्मा १५८२ बालबालिकाहरुले अध्ययन गरिरहेका छन । वडागत तथ्याङ्कलाई हेर्ने हो भने कुनै पनि वडाहरु वलविकास विहिन छैन । केही विद्यालयमा बालविकास केन्द्र नभएका कारण कतिपय केटाकेटीहरु वालविकास केन्द्रमा जान बाट बञ्चित भएको कारण सहजै देखिने भर्नादर ६९.०५ प्रतिशत देखिन्छ । यस नगरपालिकाको बालबिकासको अवस्था देहायबमोजिम रहेको छ ।

| १. प्रारम्भिक बालबिकास तथा शिक्षा | | आधार वर्ष २०७७ को अवस्था |
|---|---|---|
| १.१ | कूल भर्नादर | ९० |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | ७०.२ |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९८ |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९४.५ |
| १.५ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालबिकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ७० |

शिखरनगरपालिका आफैमा एक बहुधार्मिक , बहुसांस्कृतिक र प्राकृतिक रुपले आफ्नै परिचय बोकेको नगरपालिका हो । तथापी भौगोलिक विकटता, आर्थिक विपन्नता का कारण शैक्षिक विकासमा असर परेको छ । भौगोलिक विकटता र आर्थिक विपन्नताले यहाँ विकासको प्रमुख बाधक तत्व बनेको छ जसले शैक्षिक क्षेत्रमा पनि प्रत्यक्ष प्रभाव पारेको छ । विशेष गरी यस नगरपालिकाको वडाहरुमा मातृभाषा (डोटेली) बोल्ने गरिन्छ । जसले केन्द्र स्तरमा निर्माण भएको पाठ्यक्रम अनुसार शिक्षण गर्न कठिन भइरहेको छ । त्यस्तै फरक जनजाति र धर्म प्रति आस्थावन व्यक्तिहरु विच आन्तरिक रुपमा मनमुटाब भएको पनि पाइन्छ, त्यस्तै भर्ना भएका पनि विचमै कक्षा छोड्नेदर वृद्धि हुनु प्रमुख समस्या मानिन्छ । आर्थिक विपन्नताका कारण विद्यालय छोडी कम उमेरमै बालमजदुर प्रति संग्लन हुने गरेका पाइन्छन । त्यस्तै चेतना अभाबका कारण स्थानिय स्तरमै उत्पादित Organic खानाहरु भन्दा Junk (unhygienic Food ) लाई बढी प्राथमिकता दिइएको पाइन्छ । र केहि विशेष क्षमता भएका बालबालिकाहरु भौगोलिक विकटको कारण

विद्यालयवाट वञ्चित भएका छन । त्यसैले यस नगरपालिकामा समता रणनिति योजना कार्यक्रम संञ्चालन गरी सम्पूर्ण वालवालिकाहरु लाई विद्यालय शिक्षा मा समाहित गर्न निम्न चुनौतिहरु देखिएका छन । यो कार्यक्रम सञ्चालन गर्दा विशेषत वालविकास केन्द र आधारभुत तह लाई केन्द्रित गरी योजना बनाइएको छ ।

### ३.१.३ उद्देश्यहरु

यस योजनाकाको प्रमुख उद्देश्य सबै बालबालिकाको निशुल्क र गुणस्तरीय प्रारम्भिक शिक्षा नैसर्गिक अधिकार सुनिश्चित गर्नु रहेको छ । र अन्य उद्देश्यहरु निम्न छन ।

1. गर्भदेखि चार वर्षसम्मको उमेर समूहका बालबालिकालाई पोषण, सुरक्षा र विकासका लागि अभिभावकहरूलाई सहयोग र सचेत गराउने ।
2. चार वर्षको उमेर समूहका सबै बालबालिकालाई १ वर्षको बालविकास शिक्षा कार्यक्रमको माध्यमबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, नैतिक सृजनात्मक पक्षको विकास गराई कक्षा १ मा प्रवेशका लागि तयार गराउनु ।
3. बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउने ।

### ३.१.४ रणनीतिहरु

योजनाका उद्देश्य हासिल गर्नकालागि देहायबमोजिम रणनीतिहरु अवलम्बन गरिनेछ ।

1. स्थानीय तहले समुदायमा सञ्चालीत बालविकास केन्द्र लाइ विद्यालयमा समायोजन गर्ने । सम्भव नभएमा संघीय सरकारमार्फत नयाँ बालविकास केन्द्र खोल्न माग गर्ने । यसरी बालविकास समायोजन गर्दा भौगोलिक हिसाबले पिछडिएको ठाउँमा रहेका विद्यालयहरुलाई पहिलो प्राथमिकता दिने । यो कार्यले बालविकास केन्द्रहरुमा केटाकेटीहरुको पहुँच बढाउने छ ।
2. उमेर, शारीरिक तथा मानसिक अवस्था अनुसार केटाकेटीहरुलाई पक्षपातरहित व्यावहारिक ज्ञान दिनको लागि अभिभावक शिक्षा सञ्चालन गर्ने । विद्यालयले महिनाको एक पटक अनिवार्य रुपमा अभिभावकलाई बोलाई बालमनोविज्ञानका विषय वस्तु तथा अन्य चेतनामूलक सन्देश दिइ केटाकेटीहरुलाई गर्ने व्यावहारको जानकारी दिने । यो कार्यले बालविकास केन्द्रहरुमा केटाकेटीहरुको पहुँच, सहभागीता र सिकाइ उपलब्धी बढाउने ।
3. केटाकेटीहरुप्रति व्यावहारिक वातावरण बनाइराख्न शिक्षकहरुलाई प्रोत्साहन गर्ने, नगरपालिकामार्फत सो कार्यका लागि उपर्युक्त पुरस्कारको व्यवस्था गर्ने, उत्कृष्ट शिक्षक घोषणा गर्ने, उत्कृष्ट बालविकास केन्द्र, र तालिम तथा भ्रमणको व्यवस्था मिलाउने र सरोकाकारवालाहरु र जिम्मेवार निकायहरुले निरिक्षण तथा अनुगमन गर्ने । यो कार्यले बालविकास केन्द्रहरुमा केटाकेटीहरुको पहुँच, सहभागीता र सिकाइ उपलब्धी बढाउने ।
4. बालविकास केन्द्र भएका हरेक विद्यालयलाई रमाइला खेलकुदका सामग्री, कक्षा सजावट, बसाई व्यवस्थापन लगायतका कार्यहरुमा सहजीकरण गरी खेलकुदमय वातावरण सृजना गर्ने । यो कार्यले बालविकास केन्द्रहरुमा केटाकेटीहरुको पहुँच, सहभागीता र सिकाइ उपलब्धी बढाउने ।
5. राज्यले अनुमोदन गरेको निशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई आधार मानेर बालविकास केन्द्रलाई पनि सोही अनुरुप निशुल्क तथा अनिवार्य गराउन घरदैलो कार्यक्रम गर्ने र भर्ना

अभियानलाई सघन रुपमा लिएर जाने । यसका लागि हरेक विद्यालयको सेवाक्षेत्र तोक्ने र सो विद्यालयलाई आफनो सेवाक्षेत्र भित्र भएको बालविकास केन्द्र उमेरका केटाकेटीहरुलाई विद्यालयमा अनिवार्यरुपमा ल्याउन लगाउने । यो कार्यबाट बालविकास केन्द्रमा केटाकेटीहरुको पहुँच बढ्ने ।

6. पुर्नताजकी तालीम सञ्चालन गर्ने ।
7. बालबालिकाको सर्वाङ्गिण विकासका लागि सुरक्षित बाल उद्यान कार्यक्रम ।
8. असहाय, अनाथ, गरिब अपाङ्गता भएका बालबालिकालाई स्थानीय तहले संरक्षण गरी, समतामूलक शिक्षा प्रदान गर्ने ।

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धि (Outcomes)

सबै बालबालिकाको निशुल्क र गुणस्तरीय प्रारम्भिक शिक्षा नैसर्गिक अधिकार सुनिश्चित हुने ।

### ख) प्रमुख नतिजाहरु (Key Results)

1. स्थानीय तहले समुदायमा सञ्चालीत बालविकास केन्द्र विद्यालयमा समायोजन हुने । बालविकास केन्द्रहरुमा केटाकेटीहरुको पहुँच बढ्ने ।
2. बालविकास केन्द्रहरुमा केटाकेटीहरुको पहुँच, सहभागीता र सिकाइ उपलब्धी बढ्ने ।
3. बालविकास केन्द्रहरुमा केटाकेटीहरुको पहुँच, सहभागीता र सिकाइ उपलब्धी बढ्ने ।
4. बालविकास केन्द्र मा खेलकुदमय र मनोरञ्जनात्मक वातावरण सृजना हुने ।
5. यसका लागि हरेक विद्यालयको सेवाक्षेत्र तोक्ने र सो विद्यालयलाई आफनो सेवाक्षेत्र भित्र भएको बालविकास केन्द्र उमेरका केटाकेटीहरुलाई विद्यालयमा अनिवार्यरुपमा ल्याइने।
6. सहजकर्ताहरुको कार्य दक्षतामा सुधार आएको हुने ।
7. बालबालिकाको सर्वाङ्गिण विकासका लागि सुरक्षित हुने ।
8. असहाय, अनाथ, गरिब अपाङ्गता भएका बालबालिकालाई स्थानीय तहले संरक्षण गरी, समतामूलक शिक्षा सुनिश्चित हुने ।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क स | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | समुदायमा सञ्चालित बालविकास केन्द्रहरु लाइ विद्यालयमा समायोजन गर्ने | वटा | ५ | ५ | ५ | ५ | | २० | २० | |
| २ | बालबिकास नभएका टोल र विद्यालयहरुमा नगरबाट बालबिकास केन्द्रहरु स्थापना गर्ने | बालबिकास केन्द्रहरु | २ | २ | २ | | | ६ | १० | |
| ३ | बालविकास केन्द्रमा न्यूनतम मापदण्डहरु विकास गर्ने | बालबिकास केन्द्रहरु | ५ | ५ | ५ | १० | १० | ३५ | ८० | |
| ४ | बालबिकास केन्द्रहरुमा मनोरञ्जनात्मक र स्वस्थ वातावरण सिर्जना गर्ने | बालबिकास केन्द्रहरु | ५ | ५ | १० | १० | १० | ४० | ८० | |
| ५ | सघन भर्ना अभियान सञ्चालन गर्ने | वडाहरुमा | १ | १ | २ | २ | २ | ८ | ११ | |
| ६ | बालबिकास सहजकर्ताहरुकालागि तालिम र पुर्नताजकी तालीम सञ्चालन गर्ने | सहजकर्ता | ७० | | | | | | ८० | |
| ७ | अभिभावक शिक्षा दिने | टोलमा | ५ | ५ | १० | १० | १० | १० | १०० | |
| ८ | बालविकास केन्द्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्ने | ५ | ५ | ५ | १० | १० | १० | ४० | ८० | |
| ९ | बालबालिकाहरुको अभिलेखीकरण व्यवस्थित गर्ने | ५ | ५ | ५ | १० | १० | १० | ४० | ८० | |
| १० | बालबिकास केन्द्रहरुको सर्वपक्षीय अनुगमन नियमित गर्ने र अनुगमनका | ७० | | | | | | ८० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारमा सम्मान गर्ने | | | | | | | | | |
| **११** | बालबिकास केन्द्रहरुमा सरोकारवालाहरुको सहभागिता र चासो बढाउने | ५ | ५ | ५ | १० | १० | १० | ४० | ८० | |

### ३.२ आधारभूत शिक्षा :

### ३.२.१ परिचय :

मानव जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान सिप आर्जन गरी घर परिवार तथा समुदायमा आफ्ना विचार अभिव्यक्त गर्न र समाजमा घुलमिल तथा आफुलाइ सामाजिक परिवेशमा समायोजन गरी सामाजिकीकरणमा सहज बनाउने कक्षा १ देखि कक्षा ८ सम्मको आठ वर्षको अवधिलाई आधारभूत शिक्षा भनिन्छ । यसले बालबालिकाको मस्तिष्क विकासको साथै सर्वाङ्गीण विकासका दृष्टिले र माथिल्लो तहको शिक्षाको सक्रिय सदस्यको रुपमा चाहिने ज्ञान सिप प्रदान गदर्छ । सबैका लागी शिक्षा (२०००-२०१५), सहश्राब्दी विकास लक्ष्य, दिगो विकासका लक्ष्यहरु, इनचोन घोषणा २०१५-२०३०, संयुक्त राष्ट्र संघ, मानव अधिकारको विश्वव्यापी घोषणा–पत्रको धारा २६, शिक्षा सम्बन्धि ऐन २०७५ मा आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुनेछ भनी उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज)मा आधारभुत तथा माध्यमिक तहको २३ वटा अधिकार स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने कुरा उल्लेख गरिएको छ । यस तहको अवधिलाई अन्तर्राष्ट्रिय स्तरमा समेत अनिवार्य र निःशुल्क गरिएको छ । नेपालको संविधानले आधारभूत तहको शिक्षा अनिवार्य र निशुल्क गरी मातृ भाषामा दिने व्यवस्था गरेको छ । सिकाइ उपलब्धीदर बढाउने, विद्यालय बाहिर रहेका बालबालिका न्यून पार्ने, कक्षा छाड्ने दर घटाउने, र कक्षा दो हाऱ्याउने दरमा कमी ल्याउने लक्ष्य लिएको छ । शिखर नगरपालिकाले पनि आधारभूत शिक्षाको राष्ट्रिय लक्ष्यलाई कमी हुन नदिई नगर भित्रको भर्ना दर  र सिकाई उपलब्धी दरमा वृद्धि गरी कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दरमा कमी ल्याउने लक्ष्य लिएको छ । आधारभूत शिक्षालाइ मौलिक अधिकारको रुपमा नेपालको संविधानमा स्थापित गरिएको छ । शिक्षामा सबैको पँहुचका लागि राजनैतिक प्रतिवद्धताको कमी रहेको र गरिएका प्रतिवद्धताहरु पनि कार्यान्वयनमा आएको देखिदैन । शिक्षाले ज्ञान र सीपको प्रयोगात्मक परिवर्तन ल्याउने पिछडिएको विपन्न र अभावग्रस्त पक्षको पक्षपोषण गर्ने, अबोध बालबालिका एवं आवाजविहीनका पक्षमा रही शैक्षिक योजना बनाउने र ती समूहको समेत पहुँच बढाउन आवश्यक देखिन्छ । समाजका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, निरन्तर ता रुपले सिक्ने र सिकाउने प्रवृत्ति, सामाजिक र मानवीय मूल्य र मान्यता, आत्मविश्वास जगाउने जस्ता आधारभूत समग्र पक्षको विकास गराउन आवश्यक छ । एकातर्फ निर्दिष्ट सिकाइलाई मात्र स्तरीयता मान्ने र अर्कोतर्फ कागजी काम-कार्वाहीलाई मात्र आफ्नो जिम्मेवारी र दायित्व सम्झने स्थिति देखिइरहेको विद्यमान अवस्थामा व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, संस्कार र संस्कृतिप्रति लगाव, नैतिक आचरण र जिम्मेवारी, मौलिक रुपमा विज्ञानको उपयोग गर्न सक्ने स्तरीय शिक्षा शिखर नगरपालिकाको लागि आवश्यकता छ ।

### ३.२.२ वर्तमान अवस्था :

आधारभूत शिक्षालाइ गुणस्तरीय बनाउन यस शिखर नगरपालिकाले थुप्रै किसिमका प्रयत्न गरेको छ । स्थानीय तहहरुको शिक्षाको मुख्य कार्य क्षेत्र आधारभूत तथा माध्यमिक शिक्षा र आधारभूत तहको अन्त्यमा लिइने कक्षा ८ को परीक्षा व्यवस्थापन रहेकाले आधारभूत तहको शिक्षामा लगानी वढाइ गुणस्तर सुनिश्चित गुर्न स्थानीय तहरुको मुख्य कर्तव्य हो । यस शिखर नगरपालिकामा आधारभूत तहमा अध्ययन छात्रा ५०४७ र छात्र ४९९४ गरी जम्मा १००४१ रहको छन । आधारभूत तहको अन्य सूचकहरुलाइ निम्नानुसार उल्लेख गरिएको छ ।

आधारभूत तहका सूचकहरु

| **१. आधारभूत शिक्षा** | | **आधार वर्ष २०७७ को अवस्था** |
|---|---|---|
| १ | कक्षा १ मा कुल प्रवेशदर | १२५ |
| २ | कक्षा १ मा खूद प्रवेशदर | ९५ |
| ३ | कक्षा १-५ मा कूल भर्नादर | १२० |
| ४ | कक्षा १-५ मा खूद भर्नादर | ९६.५ |
| ५ | कक्षा १-८ मा कूल भर्नादर | १११ |
| ६ | कक्षा १-८ मा खूद भर्नादर | ९४ |
| ७ | कक्षा १-८ मा खूद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.०१ |
| ८ | कक्षा ८ मा टिकाउदर | ८२ |
| ९ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ८१.२ |
| १० | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ३.२ |

यस शिखर नगरपालिकामा (१ देखि ८) सञ्चालित सामुदायिक विद्यालयहरु

| क्र.स | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|
| १ | श्री शिवशक्ति आ.वि | शिखर १,गुठेउरी | १–८ | १२४ |
| २ | श्री दुर्गा देवी आ.वि | शिखर १,गुम | १–७ | १४० |
| ३ | श्री भगवती आ.वि. | शिखर १,सेरी | १–५ | ९२ |
| ४ | श्री चिमराडेश्वर आ.वि. | शिखर १,साफरीगाउ | १–३ | ३७ |
| ५ | श्री कलापतेश्वर आ.वि. | शिखर २,खचडा | १–५ | ४७ |
| ६ | श्री भागेश्वर आ.वि. | शिखर २,गैरेगडा | १–५ | २६ |
| ७ | श्री मलिका आ.वि. | शिखर २,पधेडा | १–५ | ५० |
| ८ | श्री भागेश्वर आ.वि. | शिखर २,कोटकटाली | १–५ | ६२ |
| ९ | श्री बालुका आ.वि. | शिखर २,मुडेगाउँ | १-२ | २३ |
| १० | श्री भवानी आ.वि. | शिखर ३,खन्याडी | १ -८ | १७२ |
| ११ | श्री कालिका आ.वि. | शिखर ३,जोरागाउ | १-५ | ८३ |
| १२ | श्री डाँडाबाग  अमरज्योती आ.वि | शिखर ३,अतुराली | १-५ | ५६ |
| १३ | श्री नकुराला आ.वि. | शिखर ३,नकुराला | १–३ | ३० |
| १४ | श्री पञ्चोदया आ.वि. | शिखर ४,धुर्कोट | १–८ | १९१ |
| १५ | श्री काफलेश्वर आ.वि. | शिखर ४,बनोली | १–८ | ७४ |
| १६ | श्री पशुपति आ.वि. | शिखर ४,मर्कट्टे | १–५ | ८२ |

| | | | | |
|---|---|---|---|---|
| १७ | श्री सरस्वति आ.वि. | शिखर ४,सेलपुङ्गा | १–५ | ८८ |
| १८ | श्री काफली आ.वि. | शिखर ४,धजडा | १–३ | ३२ |
| १९ | श्री जनज्योती आ.वि. | शिखर ४,द्याली | १–२ | २९ |
| २० | श्री कैलाश आ.वि. | शिखर ४,भडिपतल | १–२ | ४६ |
| २१ | श्री दुर्गा आ.वि. | शिखर ५,लेक | १–८ | ५७ |
| २२ | श्री सरस्वती आ.वि. | शिखर ५,ऐरीगाउ | १–५ | ४७ |
| २३ | श्री कालिका आ.वि. | शिखर ५,गैनीगाउ | १–५ | ४६ |
| २४ | श्री बि पि आ.वि. | शिखर ५,लुल्लेक | १–५ | ४५ |
| २५ | श्री पडाखेति आ.वि. | शिखर ५,पिडायल | १–३ | १६ |
| २६ | श्री सरस्वती आ.वि | शिखर ६,सुर्काल | १–८ | ९२ |
| २७ | श्री पञ्चशीला आ.वि. | शिखर ६,पचनाली | १–५ | ८० |
| २८ | श्री राधाकृष्ण आ.वि. | शिखर ६,रिटभुँवा | १–५ | ३७ |
| २९ | श्री महादेव आ.वि. | शिखर ६,कोट | १–५ | ६१ |
| ३० | श्री उग्रतारा आ.वि. | शिखर ६,कोटीगाउ | १–३ | १८ |
| ३१ | श्री गणेश आ.वि. | शिखर ७,विष्टै | १–८ | १३५ |
| ३२ | श्री इन्द्र आ.वि. | शिखर ७,सेटीगाउ | १–५ | ६३ |
| ३३ | श्री मष्टा आ.वि. | शिखर ७,बोहरागाउ | १–५ | ६३ |
| ३४ | श्री शारदा आ.वि. | शिखर ८,तिल्ताली | १–५ | ८७ |
| ३५ | श्री ज्ञानज्योति आ.वि. | शिखर ९,छोया | १–५ | ४८ |
| ३६ | श्री समैघढ ाान.वि. | शिखर ९,ढुँग | १–५ | ५८ |
| ३७ | श्री मलसीमी आ.वि. | शिखर ९,सुण्ड | १–५ | ४८ |
| ३८ | श्री ब्रहमबेताल आ.वि. | शिखर ९,जिजोडामाण्डौ | १–३ | १७ |
| ३९ | श्री भुमिराज आ.वि. | शिखर १०, थाप्सा | १–३ | ४९ |
| ४० | श्री भैरव आ.वि. | शिखर १०, गंगालेक | १–३ | ५४ |
| ४१ | श्री भवानी आ.वि. | शिखर १०,खन्नेखोला | १–३ | ४६ |
| ४२ | श्री काफलेश्वर आ.वि. | शिखर १०, लटौला | १–३ | २७ |
| ४३ | श्रीसरस्वति आ.वि. | शिखर १०, बडेखोला | १–३ | ११७ |
| ४४ | श्री आदर्श आ.वि. | शिखर १०, बानेडुग्रीसैन | १–३ | ६५ |
| ४५ | श्री भग्वति आ.वि. | शिखर ११, तल्लीसात | १–८ | २६१ |
| ४६ | श्री भुवनेश्वरी आ.वि. | शिखर ११, मल्लीसात | १–८ | २२७ |
| ४७ | श्री जनजाग्रीति आ.वि. | शिखर ११, सिमखोली | १–८ | ११९ |
| ४८ | श्री सिद्धनाथ आ.वि. | शिखर ११, बल्यागडा | १–८ | १७५ |
| ४९ | श्री कृष्णनगर आ.वि. | शिखर ११, बारपाटा | १–५ | ५३ |
| ५० | श्री सदिच्छा आ.वि. | शिखर ११, किमडा | १–५ | ९१ |
| ५१ | श्री अखण्डज्योति आ.वि. | शिखर ११, अमडोरा | १–५ | ८० |
| ५२ | श्री त्रिदेव आ.वि. | शिखर ११, सिमार | १–३ | ५० |

यस शिखर नगरपालिकामा (१ देखि ८) सञ्चालित संस्थागत तथा धार्मीक  विद्यालयहरु

| क.स | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|
| १. | श्री केदारेश्वर सरस्वति ई.बो.स्कुल | शिखर न.पा १ कपल्लेकी | १–५ | |
| २. | श्री केदार नमुना  ई.बो.स्कुल | शिखर न.पा. १ कपल्लेकी | १–५ | |
| ३. | हिलस्टोन  ई.बो.स्कुल | शिखर न.पा २ मुडेगाउँ | १–३ | |
| ४. | काफली  ई.बो.स्कुल | शिखर न.पा ४ मुडभरा | १–४ | |
| ५. | प्यारामाउण्ट  नेसनल ई.बो.स्कुल | शिखर न.पा ५ धामीगाउँ | १–३ | |
| ६. | युनिक एकेडेमी  ई.बो.स्कुल | शिखर न.पा ६ कोट | १–७ | |
| ७ | सेवा एकेडेमी  ई.बो.स्कुल | " | १–३ | |
| धार्मीक विद्यालय | | | | |
| १. | मष्टा गुरूकुल विद्‌यालय | शिखर न.पा ६ चुडी | मध्यमा | |

माथी दिईएको तालिकाको आधारमा शिखर नगरपालिकामा कक्षा १-३ सञ्चालित सामुदायिक विद्यालयहरु १६ र संस्थागत ३ गरी १९,  कक्षा १-५  सामुदायिक तर्फ २४ र संस्थागत ३ गरी २६ र कक्षा १-८ सञ्चलीत सामुदायिक विद्यालयहरु १२ र संस्थागत १ जम्मा १३ वटा विद्यालय र  १-८जम्मा विद्यालयहरु ५२ सामुदायिक ,७ संस्थागत र १ धार्मीक गरी जम्मा ६० रहेका छन् ।उपयुक्त र पर्याप्त संख्यामा कक्षा कोठा नहुनु, पर्याप्त शिक्षकदरबन्दीको कमि  बालमैत्री विद्यालय अवधारणालाई कार्यान्वयन गर्न नसक्नु, , अभिभावक शिक्षामा कमी, गुणस्तरीय,सरोकारवालाहरु जिम्मेवार नहुनु, व्यवहारिक, जीवनोपयोगी र रोजगारमुखी शिक्षा नहुनु पनि आधारभूत तहमा विद्यार्थी भर्नादरमा कमी, टिकाउदरमा कमी र भएका विद्यार्थी मध्ये कक्षा छाड्ने दर र कक्षा दोहाऱ्याउने दर बढी हुनु मुख्य कारण हुन् । । गुणस्तर र पहुँच सहितको शिक्षामा वृद्धि गर्नु आवश्यक देखिन्छ ।

### ३.२.३ उद्देश्यहरु:

यस योजनाले आधारभूत शिक्षा सम्बन्धि निम्नलिखित उद्देश्य राखेको छ ।

1. ५–१२ वर्ष उमेर समुहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको सुनिश्चितता गर्ने ।
2. आधारभूत तहको शिक्षालाई, निःशुल्क, अनिवार्य, बालमैत्री, समावेशी तथा पहुँच सुनिश्चित गर्ने ।
3. आधारभूत तहको शिक्षालाई व्यवहारिक, अनुसन्धानात्मक शिक्षण प्रक्रिया, सिकाइमैत्री तथा दण्ड र भय रहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्नें ।
4. कक्षा १ मा भर्ना भएका सबै बालबालिकालाई कक्षा ८ सम्मको शिक्षा अनिवार्य रूपमा पूरा गराउनु ।
5. निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीहरूलाई माध्यमिक शिक्षामा प्रवेशका लागि तयारी गराउनु ।
6. बालबालिकाको न्युनतम सिकाई उलब्धी रे टिकाउ दरमा वृद्धिको सुनिश्चित गर्नु ।
7. आधारभुत तहका विद्यालयहरुको भौतिक संरचना तथा शैक्षिक क्रियाकलाप बालमैत्री तथा समावेशी बनाउनु।

8. प्रारम्भिक कक्षामा कक्षा शिक्षणको आवधारण व्यवस्ध्द्दज्ञ ागर्नु।
9. पुर्व आधारभुत कक्षामा  पुस्तकालयको स्थापना गर्नु।
10. आधारभुत तहका सबै विद्यालयमा सुचना, प्रविधि तथा सञ्चारका पहुँच गर्नु।
11. विद्यालयमा विपद उत्थानशील भौतिक संरचना गर्नु

### ३.२.४ रणनीतिहरु

1. प्रचलित मापदण्ड बमोजिम आधारभुत तहको विद्यालयको पुनर्वितरण,समायोजन गरी सबै बालवालिकाको विद्यालयमा पहुँच सुनिश्चित गर्नु।
2. आधारभुत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षालाई प्रभावकारी कार्यान्वयन गरिने छ।
3. एक वडा एक नमुना आधारभुत बिद्यालय अवधारण कार्यान्वयनमा ल्याई कार्यान्वयन गरिनेछ ।
4. आधारभुत तहमा सघन भर्ना अभियान तथा अभिभावकत्व ग्रहण कार्यक्रम संचालन गरिने छन ।
5. आधारभुतको विद्यार्थी टिकाउ दर सुनिश्चित गर्न समता रणनीति लागु गर्ने, शैक्षिक सामग्री सहयोग तथा अन्य प्रात्सहनका कार्यक्रम संचालन गरिने छ।
6. विद्यालय छोडने दरलाई न्युनिकरण गर्न अभिभावक शिक्षा अभिभावक भेटघाट अर्न्तक्रिया कार्यक्रम तथा जीवन उपयोगी सीप सम्बन्धि कक्षा संचालन गरिनेछ ।
7. विद्यालय भन्दा बाहिर रहेका बालवालिकालाई विद्यालयको पहुँचमा ल्याई विद्यालयमा टिकाई रहन शैक्षिक सामग्री सहयोग तथा प्रोत्सहनका कार्यक्रम संचालन गरिनेछ।
8. जोखिम तथा अपाङता भएका बालवालिकाको विद्यालयको पहुँचमा ल्याईनेछ।
9. शिक्षकको पेशागत दक्षताका लागि आवश्यक तालिम, क्षमता अभिवृद्धिका लागि क्षमता विकास कार्यक्रम संचालन गरिने छ।
10. एकीकृत पाठ्क्रम प्रभावकारी कार्यान्वयनका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकलाई तालिम संचालन गरिने छ
11. कक्षा १ देखि ३ सम्मको बालवालिकाका लागि बालमैत्री बसाई व्यवस्थापन तथा छापामय कक्षाकोठाको व्यवस्था, सन्दर्भ सामग्रीका उपलब्धताको सुनिश्चि मिलाईने छ।
12. प्रारम्भिक कक्षामा मातृभाषा मार्फत कक्षा शिक्षण गरिने छ।
13. आधारभुत तहका लागी पाठयक्रममा आधारित रहि स्थानिय शैक्षिक सामग्री निर्माणमा जोड दिइने छ ।
14. गरीब जोखिमा रहेका तथा जेहेन्दार बालबालिकालाई छात्रवृत्ति सहयोग गरिने छ।
15. सबै आधारभुत विद्यालयमा सुचना, प्रविधि तथा सञ्चारको न्युनतम भौतिक संरचना निर्माण गरिने छ।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

गुणस्तरीय, अनिवार्य र निशुल्क आधारभूत शिक्षाको सुतिश्चि हुने र

#### ख) मुख्य नतिजाहरु

1. ५–१२ वर्ष उमेर समुहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको सुनिश्चितता हुने ।
2. आधारभूत तहको शिक्षा, निःशुल्क, अनिवार्य, बालमैत्री, समावेशी तथा पहुँच सुनिश्चित हुने ।

3. आधारभूत तहको शिक्षालाई व्यवहारिक, अनुसन्धानात्मक शिक्षण प्रक्रिया, सिकाइमैत्री तथा दण्ड र भय रहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान भएको हुने ।
4. कक्षा १ मा भर्ना भएका सबै बालबालिका कक्षा ८ सम्मको शिक्षा अनिवार्य रूपमा पूरा गर्ने ।
5. बालबालिकाको न्युनतम सिकाई उलब्धी रे टिकाउ दरमा वृद्धिको सुनिश्चित हुने ।
6. प्रारम्भिक कक्षामा कक्षा शिक्षणको आवधारण व्यवस्था भएको हुने ।
7. आधारभुत तहका सबै विद्यालयमा सुचना, प्रविधि तथा सञ्चारका पहुँच भएको हुने ।
8. विद्यालयमा विपद उत्थानशील तथा सिकाई क्रियाकलापको निरन्तरता भएको हुने ।

### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क स | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन,पुनर्वितरण तथा समायोजन | पटक | १ | | २ | | २ | ५ | ७ | |
| २ | शिक्षक योग्यताका मापदण्ड र दरवन्दी निर्धारणका मापदण्ड कार्यान्वयन | पटक | | १ | | | | १ | १ | |
| ३ | आधारभुत तहका सबै बालबालीकालाई विद्यालयमा भर्ना गर्ने | प्रतिशत | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० | १०० | |
| ४ | विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | विद्यालय वटा | ३ | ६ | ८ | ९ | १० | ३६ | ४० | |
| ६ | विद्यालयमा न्युनतम भौतिक पुर्वाधार विकास | विद्यालय वटा | २ | ३ | ४ | ५ | ६ | २० | २५ | |
| ७ | शिक्षक क्षमता विकास तालिम | शिक्षक सङ्ख्या | १० | २५ | ३० | ४२ | ४५ | १५२ | १८० | |
| ८ | प्रकोप सङ्कट तथा महामारीलगायतका परिस्थितिमा उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन | पटक | १ | | | | | १ | १ | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजा प्रवन्ध | विद्यालय वटा | ५ | ७ | १० | १२ | १५ | ४९ | ६४ | |
| १० | आधारभूत तहको परीषलाइ ब्यवस्थित | विद्यालय वटा | २४ | | २४ | | | ४८ | ६४ | |
| ११ | विद्यालय शैक्षिक मानवसंसाधन अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | अपाङ्गग, दलित, आर्थिक अवस्था कमजोर विद्यार्थी सहायता कार्यक्रम | विद्यार्थी सङ्ख्या | १५ | २५ | ३६ | ४० | ४५ | १६१ | २०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | विद्यालयहरुलाइ प्रविभिमैत्री बनाउने र इन्टरनेटको व्यवस्था गर्ने | विद्यालय संख्या | ५ | ५ | १० | १० | १० | ४० | ६४ | |
| १४ | विद्यालयमा सिकाइ सामग्री र सन्दर्भ सामग्रीहरुको उपलब्धता | विद्यालय प्रतिशत | २० | २० | २० | २० | २० | | १०० | |
| १५ | विद्यालय विकास प्रस्तावका आधारमा प्रधानाध्यापक नियुक्ति र करार सम्झौता | विद्यालय प्रतिशत | | ५० | ३० | १० | १० | १०० | १०० | |
| १६ | व्यवस्थित र वस्तुगत रुपमा विद्यालय अनुगमन र अनुगमनको प्रतिवेदनका आधारमा प्रोत्साहन प्रदान | विद्यालय प्रतिशत | | ५० | ५० | | | १०० | १०० | |

## ३.३ माध्यमिक शिक्षाः

### ३.३.१ परिचय

समयको परिवर्तन संगै नेपालको शिक्षाको तहगत संरचनामा पनि समय समय मा परिवर्तन भएको पाइन्छ । शिक्षा ऐन २०२८ ले माद्यामिक तह भनेर कक्षा ९ र १० लाई मान्यता दिएता पनि विभिन्न समयका  कार्यक्रम र योजनाको स्वीकृतिका आधारमा अहिले विद्यालय तहको संरचना आधारभुत तह र माध्यमिक तह गरी दुई भागमा  विभाजित  गरिएको छ । माध्यमिक तह कक्षा ९–१२ को सिकाई उपलब्धिलाई मापन गर्नका लागि राष्ट्रिय परीक्षा बोर्डको पनि गठन  भएको छ । माध्यमिक तहमा आत्मविश्वास, नैतिकवान चरित्रवान ,इमान्दारीता लोकतान्त्रीक आचरण भएका राष्ट्रिय एकता भाव ,बहुसाँस्कृतिक ,मुल्य,मान्यता, विविधता राष्ट्रिय आर्दश गर्न सक्ने ,शान्ति मानवअधिकार ,दिगोविकास पर्यावरणीय सन्तुलन द्वन्द व्यवस्थापन र विपत व्यवस्थापन  प्रति सचेत र जिम्मेवार सबै प्रकारका पेशाप्रति सम्मान गर्न सक्ने सीपयुक्त ज्ञान  प्रविधिले युक्त राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने व्यक्तिगत र राष्ट्रिय रुपमा आइपर्ने  समस्याहरु सँग जुध्न सक्ने ,अरुको विचार  र भावनाको सम्मान एवं कदर गर्न सक्ने , सकारात्मक सोच  सृजनशील नागरिक तयार पार्न माध्यमिक शिक्षाको उद्देश्य रहेको छ ।

### ३.३.२ वर्तमान अवस्था

हाल यस शिखर नगरपालिकामा १२ सामुदायिक र ३ संस्थागत गरी जम्मा १५ माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन । सामुदायिक र संस्थागत गरी १२०३ छात्रा र १२२० छात्र गरी जम्मा २४२३ विद्यार्थीहरु माध्यमिक तहमा अध्ययनरत छन । विषयगतरुपमा शिक्षकहरुको दरवन्दी अभाव भएका कारण गुणस्तरीय माध्यमिक शिक्षाको सुनिश्चित गर्न चुनौतीपूर्ण रहेको छ । यस नगरपालिकाको माध्यमिक शिक्षालाइ तलको तालिकामा हर्न सकिन्छ ।

| ३. माध्यमिक शिक्षा | | आधार वर्ष २०७७ को अवस्था |
|---|---|---|
| ३.१ | कूल भर्नादर कक्षा ९-१० | ८० |
| ३.२ | खूद भर्नादर कक्षा ९-१० | ६८ |
| ३.३ | खूद भर्नादर कक्षा ९-१२ | ४२ |
| ३.४ | कूल भर्नादर कक्षा ९-१२ | ६० |
| ३.५ | कूल भर्नादर कक्षा ११-१२ | ४५.७ |
| ३.६ | खूद भर्नादर कक्षा ११-१२ | ३० |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६७.५ |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | ३३ |
| ३.९ | कक्षा १-१२ मा खूद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | ०.९७ |

सामुदायिक माध्यमिक विद्यालयहरु

| क स | विद्यालयको नाम | ठेगाना | दरबन्दी | विद्यार्थी |
|---|---|---|---|---|
| 1 | श्री केदारेश्वर मा वि | कपल्लेकी | 15 | 853 |
| 2 | श्री महाकाली मा वि | मुडेगाउ | 11 | 442 |
| 3 | श्री शारदा मा वि | मुडभरा | 15 | 589 |
| 4 | श्री राधाकृष्ण मा वि | तिजाली | 14 | 348 |
| 5 | श्री सरस्वती मा वि | चुडी | 16 | 295 |
| 6 | श्री हरीहर मा वि | तलकोट | 13 | 347 |
| 7 | श्री लाटामाण्डौ मा वि | लाटामाण्डौ | 7 | 298 |
| 8 | श्री राधाकृष्ण मा वि | गोपघाट | 14 | 674 |
| 9 | श्री सिताराम मा वि | उच्चाकोट | 16 | 545 |
| 10 | श्री गणेश मा वि | जैनोली | 7 | 216 |
| 11 | श्री सिद्धेश्वर मा वि | बानेडुग्रीसैन | 13 | 715 |
| 12 | श्री बानेडुग्रा मा वि | बनलेक | 3 | 326 |
| जम्मा | | | 144 | 5648 |

संस्थागत माध्यमिक विद्यालयहरु

| क स | विद्यालयको नाम | ठेगाना | दरबन्दी | विद्यार्थी |
|---|---|---|---|---|
| 1 | श्री क्रिस्टल इ वो स्कुल | गोपघाट | | 255 |
| 2 | श्री जिनियस जेनेरेसन इ वा स्कुल | बानेडुग्रीन | | 256 |
| 3 | श्री सुनाखरी इ वो स्कुल | बानेडुग्रीन | | 424 |

### माध्यमिकत तहका विद्यमान चुनौतीहरु

1. माध्यमिक तहको तह पूरा गर्ने दर न्युन हुनु
2. सिकाई उलबब्धी न्युन हुनु
3. बिभिन्न कारणले कक्षा छोड्ने दर वढी हुनु
4. बालविवाहको कारण विद्यालय छोड्ने दर उच्च हुनु
5. माद्यामिक तहमा विषयगत शिक्षकको अभाव हुनु ।
6. विज्ञान प्रयोगशालाको अभाव हुनु ।
7. विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी नहुनु ।
8. विद्यार्थी उपस्थिति दरमा अनियमितता ।
9. विशेष वाल वालिका तथा अपांगता भएका वालवालिका विद्यालयको पहुँचमा नहुनु ।
10. शिक्षकहरु लाई समयानुकुल तालिम वा पेशागत सहगोय नहुनु ।
11. अभिभावकहरु आफ्नो वालवालिकाको शिकाई  प्रति उत्तरदायी नहुनु ।
12. समय समयमा अनुगमन तथा सुपरिवेक्षण नहुनु ।
13. माद्यामिक विद्यालयमा क्ष्त्रृत को पहुँचमा कमी ।
14. कक्षा कोठा,शौचालय,खानेपानी,खेलमैदानको अभाव हुनु ।

### ३.३.३ उद्धेश्यहरु:

यस योजनाका माध्यमिक शिक्षाका लागि उद्देश्यहरु देहाय अनुसार छन ।

1. माध्यमिक तहका विद्यार्थीहरुको पहुँच अभिवृद्धि गरि नैतिकवान व्यावहारीक सिपयुक्त र प्रतिस्पर्धी जनशक्ती उत्पादन गर्नु ।
2. माध्यमिक तहको शिक्षा अनिवार्य गरि प्रभावकारी कार्यान्यन गरी सबै बालबालिकाको गुणात्मक शिक्षामा पहुचको सुनिश्चित गर्नु ।
3. माध्यमिक तहको खुद भर्नादर तथा टिकाउमा वृद्धि गर्नु ।
4. सबै बालबालिकाको माध्यमिकतहको तह पुरा गर्ने दर सुनिश्चि गर्नु ।
5. बालबालिकाको न्युनतम सिकाई उलब्धी वृद्धिको सुनिश्चित गर्नु ।
6. विद्यालयको भौतिक संरचना तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी तथा सुरक्षित गर्नु।
7. माध्यमिक तह सम्मका सबै विद्यालयमा विज्ञान तथा क्ष्त्रृत्प्रयोग शालाको स्थापना गर्ने ।
8. गुणस्तरिय,प्राविधिक व्यावसायिक तथा वैज्ञानिक र सान्द्रर्भिक शिक्षाको सुनिश्चित गर्नु ।

### ३.३.४ रणनीतिहरु

1. माध्यमिक तहको शिक्षालाई अनिवार्य गरी सबै बालवालिकाको शिक्षामा पहुच भएको सुनिश्चित गरिने छ ।
2. दुर्गम तथा अपाङता भएका बालवालिकाहरुको लागि आवसीय विद्यालयको व्यवस्थापन गरी उनीहको पहुँच सुनिश्चित गर्नु।
3. आश्यकता रहेका विद्यालयमा बालमैत्री तथा समावेशी भौतिक संरचना निर्माण गरिनेछ।
4. बालवालिकाको टिकाउ दरमा वृद्धि गर्न अभिभावक शिक्षा, जीवनउपयोगी सीप तथा आवश्यक छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग गरिने छ ।
5. बालबालिकाको सिकाई उपलब्धी वृद्धि गर्नका लागि थप ट्युसन कक्षा संचालन गरिने छ।
6. शिक्षको पेशागत क्षमता अभिवृद्धि गरी कक्षा कोठा भित्रको शिक्षणमा सुधार गरिनेछ ।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

गुणस्तरीय, अनिवार्य र निशुल्क माध्यमिक शिक्षाको सुतिश्चि हुने

**ख) मुख्य नतिजाहरु**

1. माध्यमिक तहका विद्यार्थीहरुको पहुँच अभिवृद्धि गरि नैतिकवान व्यावहारीक सिपयुक्त र प्रतिस्पर्धी जनशक्ती उत्पादन भएको हुने ।
2. माध्यमिक तहको शिक्षा अनिवार्य गरि प्रभावकारी कार्यान्यन गरी सबै बालबालिकाको गुणात्मक शिक्षामा पहुचको सुनिश्चित भएको हुने ।
3. माध्यमिक तहको खुद भर्नादर तथा टिकाउमा वृद्धि भएको हुने ।
4. सबै बालबालिकाको माध्यमिकतहको तह पुरा गर्ने दर सुनिश्चि हुने ।
5. बालबालिकाको न्युनतम सिकाई उलब्धी वृद्धिको सुनिश्चित हुने ।

6. विद्यालयको भौतिक संरचना तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी तथा सुरक्षित हुने ।
7. माध्यमिक तह सम्मका सबै विद्यालयमा विज्ञान तथा ICT प्रयोग शालाको स्थापना भएको हुने
8. गुणस्तरिय,प्राविधिक व्यावसायिक तथा वैज्ञानिक र सान्द्रर्भिक शिक्षाको सुनिश्चित हुने ।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नि:शुल्क माध्यामिक शिक्षाको कार्यान्वयनका लागी आवश्यक पर्ने कानुन, कार्यविधि र निर्देशिका निमार्ण | पटक | १ | | | | | १ | १ | |
| २ | शिक्षक योग्यताका मापदण्ड र दरवन्दी निर्धारणका मापदण्ड कार्यान्वयन गर्ने | पटक | १ | | | | | १ | १ | |
| ३ | मापदण्डअनुसार विद्यायलमा आवश्यक विषय शिक्षक व्यवस्था | आवश्यकता अनुसार | | | | | | | | |
| ६ | विद्यालयमा न्युनतम भौतिक पुर्वाधार विकास | प्रतिशत | १० | १५ | २० | २५ | २५ | ९५ | १०० | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | प्रतिशत | | | | | | | | |
| ८ | प्रविधि तथा ब्यवहारकुशल सिपहरुको एकिकरण तथा विद्यार्थी मुल्याङकनसम्बन्धी शिक्षक क्षमता विकास | शिक्षक प्रतिशत | ५ | १० | २० | २५ | ४० | १०० | १०० | |
| ९ | वि.ब्य.स र शि.अ.संघका पदाधिकारीको क्षमता विकास | प्रतिशत | २५ | ३० | ३० | १५ | | १०० | १०० | |
| १० | विद्यालय शिक्षालाई प्रकोप सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक ब्यवस्थापन योजना तयार गरी कार्यान्वयन | पटक | १ | | | | | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | विद्यालय प्रतिशत | १५ | २० | २० | २५ | २० | १०० | १०० | |
| १२ | कक्षाकोठामा आधारित मुल्यांकनलाई शिक्षण तथा सिकाइ प्रक्रियामा एकिकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय प्रतिशत | ५ | १० | १५ | २० | २५ | ७५ | १०० | |
| १३ | सिकाइका लागि सुचना तथा सञ्चार प्रविधिको प्रयोग बृद्धि गर्न | प्रतिशत | १५ | | ३० | | ४५ | ९० | १०० | |
| १४ | अपाङ्गग, दलित, आर्थिक अवस्था कमजोर विद्यार्थी सहायता कार्यक्रम | विद्यार्थी सङ्ख्या | २० | २५ | ३५ | ४० | ४५ | १६५ | २०० | |
| १५ | शिक्षकहरुको विषयगत सिकाइ समुह गठन गरी अनुभव आदान प्रदान गर्ने । दक्ष शिक्षकलाइ प्रशिक्षकका रुपमा विकास गर्ने । | निरन्तर | | | | | | | सबै विषयका सबै शिक्ष | |

## ३.४ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध

### ३.४.१ परिचय

माध्यमिक शिक्षा समाप्त भएपछि आर्जन गरिने माथिल्लो तहको शिक्षा नै उच्च शिक्षा हो । उच्च शिक्षाले देशका लागि आवश्यक पर्ने विभिन्न विधाका जनशक्तिहरु उत्पादन गर्ने गर्दछ । विद्यालय शिक्षा पछिको स्नातक, स्नतकोत्तर, एम.फिल र पि.एच.डि. कार्यक्रमहरु उच्च शिक्षा अन्तर्गत पर्दछन् ।

### ३.४.२ वर्तमान अवस्था

उच्च शिक्षा अन्तर्गत यस नगरपालिकामा हाल १ वटा बहुमुखी क्याम्पस रहेको छ । श्री सीताराम बहुमुखी क्याम्पस रहेको छ । सुदुरपश्चिमाञ्चल विश्वविद्यालयको सम्बन्धनमा संचालित छ । वर्तमान समयमा कक्षा १२ सम्म विद्यालय शिक्षा रहेको अवस्था हो । विद्यालय शिक्षा पुरा गरेका विद्यार्थीहरुले यस नगरपालिका भित्रनै गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर पाउनु पर्दछ । यसका लागि उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुको माध्यमिक विद्यालयहरु सँग राम्रो सम्बन्ध हुन जरुरी देखिन्छ ।

उल्लेखित विश्लेषणका आधारमा उच्च शिक्षा र माध्यमिक शिक्षाको सम्बन्धमा निम्न लिखित **चुनौतीहरु** देखिन्छन् ।

1. माध्यमिक विद्यालयहरुसँग सुमधुर सम्बन्ध कायम गर्ने ।
2. विद्यालय शिक्षा सम्पन्न गरेका विद्यार्थीहरुलाई नगरपालिका भित्र नै गुणस्तरीय शिक्षा उपलब्ध गराउने ।

### ३.४.३ उद्देश्यहरु

1. उच्च शिक्षा प्रदायक संस्था र माध्यमिक विद्यालयहरु बिच सुमधुर सम्बन्ध कायम गर्नु ।
2. विद्यालय शिक्षा पुरा गरेका विद्यार्थीहरुलाई यस नगर भित्र नै गुणस्तरीय उच्च शिक्षाको व्यवस्था गर्ने ।

### ३.४.४ रणनितीहरु

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्न तपसिल बमोजिमका रणनितीहरु अवलम्बन गरिनेछ ।

1. शिक्षा प्रदायक संस्थाहरु बिच सुमधूर सम्बन्ध कायम गर्ने।
2. उच्च शिक्षा प्रदायक संस्थालाई आवश्यक अनुदान उपलब्ध गराई क्षमता अभिवृद्धि गर्ने ।
3. विद्यालय शिक्षामा उत्कृष्ट नतिजा प्राप्त गरेका विद्यार्थीहरुका लागि स्थानीय स्तर मै गुणस्तरीय उच्च शिक्षा उपलब्ध गराउन सहयोग गरी प्रतिभा पलायन रोक्ने ।
4. आवश्यक प्रोत्साहन र क्षमता विकास कार्यक्रम संचालन गर्ने ।

### ३.४.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलापहरु

#### क) उपलब्धि

1. सम्पूर्ण माध्यमिक विद्यालय र उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुका बिच सुमधूर सम्बन्ध कायम भएको हुनेछन् ।
2. यस नगरपालिकाबाट विद्यालय शिक्षा पुरा गर्ने विद्यार्थीहरु मध्ये कम्तीमा ६० प्रतिशतले नगर भित्रमा नै उच्च शिक्षा प्रदान गर्ने संस्थामा अध्ययन गरिरहेका हुनेछन् ।

### ख) नतिजाहरु

1. उच्च शिक्षा प्रदायक संस्थाहरु, विद्यालयशरु र स्थानीय सरकार गुणस्तरीय शिक्षाका लागि अन्तर सम्बन्धित भएका हुनेछन् ।
2. उच्च शिक्षा अध्यापन गर्ने अध्यापकहरुको पेसागत क्षमता विकास भएको हुनेछ ।

### ग) प्रमुख कृयाकलाप तथा लक्ष्य

1. विद्यालय र उच्च शिक्षण संस्थाहरुका बिच विभिन्न अन्तरकृयात्मक कार्यक्रमहरु संचालन गरिनेछन् ।
2. उच्च शिक्षामा अध्यापन गर्ने प्राध्यापकहरुलाई विभिन्न विद्यालयमा नमूना कक्षाको लागि आग्रह गरिनेछ र उचित प्रोत्साहन प्रदान गरिनेछ ।
3. हरेक माध्यमिक विद्यालयबाट विद्यालय शिक्षा पूरा गरेका विद्यार्थीहरुलाई शिखर नगरपालिका भित्र नै उच्च शिक्षा हासिल गर्ने व्यवस्था मिलाउन विभिन्न कि्रयाकलापशरु संचालन गरिनेछ ।

## ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.५.१ परिचय

कुनै निश्चित पेसा वा व्यवसायिक, ज्ञान सीप तथा प्रविधि प्रदान गर्ने शिक्षालाई प्राविधिक शिक्षा भनिन्छ । आजको समाज विज्ञान र प्रविधिको युगमा अडिएको छ । खाली कोरा पठाई र रटान शिक्षाको औचित्य माथि प्रश्न खडा भएको अवस्थामा प्राविधिक तथा व्यवसायिक शिक्षाको परिकल्पना गर्दै नेपालको संविधान, शिक्षा ऐन (नवौं संशोधन) २०२८ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले यो शिक्षालाई प्राथमिकतामा राखेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षाले दक्ष जनशक्ति जस्तै डाक्टर, डिजाइनर, नर्स, इन्जिनियर, पाईलट, सिलाई बुनाइ, एग्रोभेट आदिमा उत्पादन गर्ने गरेको छ ।

शिक्षाले गरीखाने सीप सिकाउन सकेन र शिक्षालयहरू बेरोजगार उत्पादन गर्ने थलोमात्र भए भन्ने गुनासो अहिले सर्वत्र सुनिने गरेको छ । यस्ता गुनासोहरूलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले एनेक्स कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरूमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । तर प्राविधिक तथा व्यावसायिक शिक्षाका यस्ता अवसरहरू सीमित भएको, उत्पादित जनशक्ति जागिर खोज्ने खालको मात्र भएको, आफैले केही गर्न पुँजी लगायत अन्य अवरोधहरू रहेको, रोजगारदाताको अभाव भएको जस्ता गुनासोहरू पनि सुनिन थालेका छन् । अर्कोतिर कक्षा ६-८ को पाठ्यक्रममा राखिएको पेसा, व्यवसाय र प्रविधि शिक्षाको पढाइलाई व्यवहारिक बनाउने र विद्यार्थीहरूमा पेसा, व्यवसाय र प्रविधिप्रति रुचि जगाएर नरम सिपको विकासमा जोड दिनुपर्ने कुराप्रति भने विद्यालयहरू त्यति सजग भएको देखिदैन । यस्तो अवस्थामा कक्षा ८ देखि १२

सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुची र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरू अलमलमा पर्ने गरेको देखिन्छ । त्यस्तै आवश्यकताका आधारमा व्यक्तिहरूका लागि नगरपालिकाले रोजगारमूलक सिप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ यस योजनामा कार्यक्रम राखिएको हो ।

### ३.५.२ वर्तमान अवस्था

यस शिखर नगरपालिकामा जम्मा १५ वटा माध्यमिक विद्यालयहरु सञ्चालन विद्यमान रूपमा यस नगरपालिकामा सञ्चालित...वटा प्राविधिक धार सञ्चालनमा रहेका विद्यालयहरूबाट स्थानीय आवश्यकतालाई समेटन सकेको छैन ।

### ३.५.३ उद्देश्य

1. माध्यमिक शिक्षा अनिवार्य बनाई सबै बालवालिकाको गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
2. प्रविधि, सीपयुक्त, नैतिकवान तथा स्वावलम्बी जनशक्ति उत्पादन गर्नु ।
3. छोटो तथा लामो अवधीका आयमुलक तालिमहरु संचालन गरि स्वरोजगार अभिवृद्धि गर्नु ।
4. माध्यमिक तहको कुल भर्नादर तथा खुदभर्ना दरमा वृद्धि भएको सुनिश्चित गर्नु ।
5. बालावालिकाको टिकाउ दरमा वृद्धि भएको सुनिश्चित गर्नु ।
6. गुणस्तरीय शिक्षा प्रदान गरी बालावालिकाको टिकाउ दर र सिकाई उपलब्धीमा वृद्धि भएको सुनिश्चित गर्नु ।
7. प्राविधिक शिक्षाको विस्तार गरी सबै बालवालिकाको प्राविधिक धारको शिक्षामा पहुँच भएको सुनिश्चित गर्नु ।
8. विद्यालय शिक्षाको माध्यमबाट योग्य मध्यम स्तरका जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षामा जोड दिने ।
9. माग र जनसंख्याको आधारमा थप प्राविधिक विद्यालयहरू स्थापना गर्ने ।
10. प्राविधिक धार अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको संस्थागत विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
11. माग र आवश्यकताका आधारमा छोटो अवधिका तालिम सञ्चालन गर्ने ।

### अवसरहरु

1. नपा.अर्न्तगत प्राविधिक धार संचालित विद्यालयहरुले प्राविधिक जनशक्ती उत्पादन गरिरहेका छन
2. प्राविधिक जनशक्ती उत्पादनका अवसरहरु न.पा. भित्रै रहेको छ ।
3. न.पा.ले प्राविधिक धार संचालित विद्यालयहरु लाई आर्थिक सहुलियत प्रदान गरिरहेको छ ।
4. प्राविधिक शिक्षा तथा व्यावसायिक सिप प्रर्वधनमा नगरपालिकाले १० वर्षे रणनैतिक योजना लागु गर्नु ।

### चुनौतीहरु

1. प्राविधिक शिक्षामा पर्याप्त लगानी नहुनु ।
2. प्राविधिक शिक्षाको स्पष्ट नीति तथा योजना अभाव ।
3. प्राविधिक शिक्षामा पँहुचको अभिवृद्धी हुन नसक्नु ।
4. प्राविधिक शिक्षातर्फ विद्यार्थीहरुको आकर्षण कम देखिनु ।

5. भौगोलिक विकटता तथा विपन्नताका कारणले प्राविधिक शिक्षामा सबैको पँहुच नहुनु ।
6. प्राविधिक जनशक्तीको बजारीकरण तथा उपयोगिताको कमी ।
7. व्यावस्थापनको लागी आर्थिक कठिनाई हुनु ।

### ३.५.४ रणनीतिहरु

1. यस न.पा.मा संचालित प्राविधिक शिक्षालयहरुलाई व्यवस्थित र गुणस्तरीय बनाइने छ ।
2. भौगोलिक अवस्थालाई मध्यनजर गरि विद्यालयहरुमा प्राविधिक शिक्षालय विस्तार गरिने छ ।
3. गरिब र पिछडिएको वर्गलाई प्राविधिक शिक्षाको अवसरमा पहुँच वृद्धि गरिने छ ।
4. भौगोलिक अवस्था, हावापानी र माटोको आधारमा कृषी विद्यालयहरु स्थापना गरिने छ ।
5. युवाहरुलाई प्राविधिक शिक्षा मार्फत स्वरोजगार सृजना गरि आयस्रोत बढाउने कार्यहरु संचालन गरिने छ ।
6. छोटो अवधिका विभिन्न किसिमका सिप मूलक तालिम प्रदान गरि गरिबी न्युनीकरण गर्ने कार्यक्रमहरु लागु गरिने छ ।
7. विश्व बजारमा प्रतिस्पर्धी र खपत हुने प्राविधिक जनशक्ती उत्पादनमा जोड दिइने छ ।

### ३.५.५ कार्यनीति र कार्यक्रम

| रणनीति र कार्यक्रम रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरूको थप व्यवस्थापन गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने । | ○ विद्यालयको विद्यमान अवस्थाको मूल्याङ्कन गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ ।<br>○ स्थानीय तहबाट बिभिन्न सहयोगको माध्यमबाट विद्यालयको विकासमा सहयोग पुर्‍याइनेछ । | १) भौतिक पूर्वाधार विकास<br>२) ल्यावको व्यवस्था<br>३) जनशक्ति व्यवस्थापन |
| प्रविधिमैत्री जनशक्ति तयार गर्ने । | ● विद्यालयमा अध्यापनरत जनशक्तिलाई अनिवार्य प्रविधिमैत्री बन्न र बनाउनका लागि कार्ययोजना तयार गरी कार्यन्वयनमा ल्याउनेछ | ४) तालिम सञ्चालन ।<br>५) प्राविधिक ज्ञानयुक्त शिक्षकलाई प्रोत्साहन कार्यक्रम । |
| थप प्राविधिक विद्यालय स्थापना गर्ने । | ○ जनसंख्या, माग र आवश्यकताको आधारमा उपयुक्त स्थानको पहिचान गरी (नदोहोरिने गरी) थप प्राविधिक विद्यालय विद्यालयहरूको स्थापना गर्न पहल गरिनेछ । | ६) प्राविधिक विद्यालय स्थापना गर्ने । |
| स्थानीय पाठ्यक्रम निर्माण गर्ने | ● समय सार्न्दभिकता र व्यावहारिक हुने गरी स्थानीय परिवेशसँग मेलखाने प्राविधिक विषयको पाठ्यक्रम निर्माण गरी स्थानीय कला संस्कृतिको संरक्षण एवं जगेर्ना गरिनेछ । | ७) पुर्व प्राथमिक तहका लागि<br>क) स्थानीय कृषि औजार र उत्पादन संग सम्बन्धीत चित्रहरू, वनजङ्गल ताल-तलैयाहरूको चित्रात्मक पाठ्य पुस्तक तयार<br>८) आधारभूत तहका लागि<br>क) स्थानीय तहमा रहेका धार्मिक, |

## ३.६ पाठ्यक्रम र मूल्याङ्कन
### ३.६.१ परिचय

पाठ्यक्रम भनेको शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक योजना हो । पाठ्यक्रममा सिक्ने व्यक्तिको मानसिक, शारीरिक, सामाजिक, नैतिक बिकासमा सहायता हुने विद्यालय भित्र  र बाहिरका समस्त अनुभवहरु एक कार्यक्रमका रुपमा समाबेश भएका हुन्छन् । पाठ्यक्रम समय अनुसार परिवर्तन एवं परिमार्जन हुदै जान्छ । त्यसै अनुसार नेपालको विद्यालय तहको पाठ्यक्रम परिवर्तन तथा परिमार्जन हुदै आएको छ । नेपालको संविधानको धारा ३१ को ब्याख्या र मर्म, विश्वमा भईरहेका नवीनतम शैक्षिक प्रर्वतन, प्रयोग तथा उपलब्धीहरु, राज्यको पुनः संरचनासँगै शैक्षिक रुपान्तरण अपरिहार्य भई पाठ्यक्रम विकास केन्द्रको नेतृत्वमा विद्यालय तहमा पाठ्यक्रम परिवर्तन तथा कार्यान्वयन प्रारम्भ गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार पाठ्यक्रम कार्यान्वयन गर्नु संघीय, प्रादेशिक र स्थानीय सरकारको प्रमुख जिम्मेवारी रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले स्थानीय पाठ्यक्रमको जिम्मेवारी स्थानीय तहलाई दिनुका साथै प्रथम पटक पाठ्यक्रममा कार्य घण्टा र पाठ्य घण्टाको ब्यवस्था गरिएको छ ।

यसै सन्दर्भमा शिखर नगरपालिकाले पनि आफ्नो १० बर्षे नगर शिक्षा योजना निर्माणको अभिन्न अंगका रुपमा स्थानीय पाठ्यक्रम निर्माण कार्यलाई महत्व दिएको छ । स्थानीय तहमा पाठ्यक्रम निर्माण गर्ने छुट्टै आधिकारिक संस्था नभएको बर्तमान अवस्थामा यस शिखर नगरपालिकाले पनि आफ्नो योजनामा पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी समाज सुहाउदो आवस्यकतामुखी स्थानीय पाठ्यक्रम निर्माण गरि पाठ्यपुस्तक बनाउन थालेको छ । जसमा स्थानीय भाषा, प्रकृति, संस्कृति र परम्परागत मूल्य मान्यताहरु, कला, रीतिरीवाज, पुरातात्विक महत्वका स्थल आदिलाई समाबेश गरि आफ्नो दिर्घकालीन योजना बनाएको छ । सोही अनुसार यस पालिकाले आगामी ५ बर्ष भित्र स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरि पूर्ण रुपमा लागु गर्नेछ ।

### ३.६.२ वर्तमान अवस्था

पाठ्यक्रम विकास केन्द्रले समय समयमा विद्यालय शिक्षाको पाठ्यक्रममा परिवर्तन र परिमार्जन गर्दै आइरहेको छ । यसै क्रममा वि स २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार गरी सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि स २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ मने वि स २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरुमा कार्यान्वयन हुने योजना छ । कक्षा १-८ मा एक विषयको स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयन गर्नु पर्ने दायित्व स्थानीय तहको छ । यस शिखर नगरपालिकामा पनि स्थानीय पाठ्यक्रम निमार्णको अन्तिम चरणमा रहेको र यसै शैक्षिक सत्र देखि कक्षा १-५ मा स्थानीय पाठ्यक्रम लागु गर्ने योजना रहेको छ । अर्को शैक्षिक सत्र देखि ६-८ को पनि पाठ्यक्रम निमार्ण गरी कार्यान्वयन गरिनेछ । हाल कक्षा १-३ मा एकीकृत पाठ्यक्रम लागु भइरहेको अवस्थामा विद्यार्थीहरुको मूल्याङ्कन पनि सोही पाठ्यक्रम बमोजिम निरन्तर रुपमा गरिदै आइरहेको छ । पाठ्यक्रम, पाठ्यसामग्री तथा मूल्याङ्कनमा निम्नलिखित चूनौतीहरु रहेका छन ।

1. पाठ्क्रम तथा पाठ्पुस्तक सम्बनि शिक्षकहरुलाइ उचित प्रबोधीकरणको व्यवस्था नहुनु ।
2. पाठ्यक्रम निमार्णमा सरोकारवालाहरुको सहभागिता नहुनु ।

3. स्थानीय पाठ्यक्रम अनुसारका पाठ्यपुस्तक तयार पार्न दक्ष जनशक्तिको अभाव हुनु ।
4. शिक्षकहरुमा स्रोत र सन्दर्भ सामग्री अध्ययन गर्ने बानीको विकास नहुनु ।
5. पर्याप्त मात्रामा सन्दर्भ सामग्रीको अभाव हुनु ।
6. तालिम प्राप्त दक्ष जनशक्तिको अभाव हुनु ।
7. मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाईसँग जोड्न सिकाई सहजीकरण र मूल्याङ्कन प्रक्रियामा सूचना प्रविधिको प्रयोग सहितको बैकल्पिक विधिको प्रयोग गर्न नसकिनु ।

### अवसर

1. समयमै पाठ्यक्रम र पाठ्यपुस्तक उपलब्ध हुनु ।
2. स्थानीय पाठ्यक्रम बनाई पाठ्यपुस्तक बनाउने क्रममा अघि बढ्नु ।
3. स्थानीय विज्ञता र दक्षता प्रयोग हुनु ।
4. पाठ्यक्रममा अपनत्वको भाव विकसित हुनु ।
5. स्थानीय स्रोत साधन र जनशक्तिको प्रयोग हुनु ।

### ३.६.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छ ।

1. पाठ्यक्रम तथा पाठ्पुस्तक सम्बन्धी प्रबोधीकरण गरी शिक्षकहरुलाइ दक्ष बनाउनु र शिक्षकहरुमा अध्ययन गर्ने बानीको विकास गर्नु
2. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण निमार्ण गरी कार्यान्वयन गर्नु।
3. प्रविधियुक्त पाठ्यसामग्री विकास गर्नु ।
4. पाठ्यक्रम पाठ्यबस्तुबारे प्रबोधिकरण गर्नु ।
5. समयमै पाठ्यपुस्तक पुर्‍याउनु ।
6. पाठ्यक्रम विकास केन्द्रद्धारा तोकिएको पाठ्यक्रम अनिवार्य लागू गर्नु
7. मूल्याङ्कन प्रक्रियालाइ व्यावहाररिक बनाउनु आदि

### ३.६.४ रणनीति

उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछः

1. स्थानीय आवस्यकतालाई सम्बोधन गर्ने खालको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गरिनेछ ।
2. समयमै पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरु उपलब्ध गराईनेछ ।
3. स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीहरु उत्पादन तथा प्रयोगमा जोड दिईनेछ ।
4. समयमै पाठ्यक्रम प्रबोधिकरण कार्य सञ्चालन गरिनेछ ।
5. पाठ्यक्रम  केन्द्रित शिक्षक तालिम सञ्चालन गरिनेछ ।
6. विद्यालय तहको परीक्षा तथा मूल्याङ्कन पद्धतिलाई क्रमशः सुधार गर्दै लगिनेछ ।
7. कक्षा ८ को आधारभूत तह परीक्षालाई थप प्रभावकारी र व्यवस्थित गर्दै लगिनेछ ।

### ३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलपाल तथा लक्ष्य

#### क) उपलब्धि (Outcomes)

विद्यालय तहको पाठ्यक्रमको प्रभावकारी मूल्याङ्कन तथा स्थानीय पाठ्यक्रम निमार्ण गरी बालबालिकाहरुको सर्वाङ्गिण विकासमा सहयोग हुने ।

#### ख) नतिजाहरु (Results)

1. पाठ्यक्रम तथा पाठ्पुस्तक सम्बन्धी प्रबोधीकरण गरी शिक्षकहरुलाइ दक्ष हुने र शिक्षकहरुमा अध्ययन गर्ने बानीको विकास हुने
2. स्थानीय पाठ्यक्रम र निर्माण गरी कार्यान्वयन हुने ।
3. प्रविधियुक्त पाठ्यसामग्री विकास भएको हुने ।
4. पाठ्यक्रम पाठ्यबस्तुबारे प्रबोधिकरण सरोकारवालालाइ जानकारी र ज्ञान हुने ।
5. पाठ्यक्रम विकास केन्द्रद्धारा तोकिएको पाठ्यक्रम अनिवार्य लागू हुने
6. मूल्याङ्कन प्रक्रियालाइ व्यावहाररिक हुने ।

### ग) प्रमुख क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| १ | स्थानीय स्तरमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण समिति गठन गरिनेछ । | | √ | | | | | | स्थानीय तह |
| २ | स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि कार्यशाला गोष्ठि सञ्चालन गरिनेछ । | | √ | | | | | | |
| ३ | सल्लाह सुझावका लागि परामर्श बैठक आयोजना गरिनेछ । | | √ | √ | √ | √ | √ | | |
| ४ | पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई अन्तिम रुप दिई अनुमती तथा प्रमाणीकरणका लागि कार्यपालिकाबाट स्वीकृत गरिनेछ । | | √ | √ | √ | √ | √ | | |
| ५ | शिक्षकलाई क्षमता विकासको लागि तालिम आयोजना गरिनेछ । | | √ | √ | √ | √ | √ | | संघ तथा प्रदेश, स्थानीय तह |
| ६ | समयमै बालबालिकाहरुलाई पाठ्यपुस्तक उपलब्ध गराउने । | | √ | √ | √ | √ | √ | | |
| ७ | स्थानीय स्तरका पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रभावकारिताको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन तयार पार्ने । | | √ | √ | √ | √ | √ | | |
| ८ | स्टेम शिक्षा सम्बन्धी अभिमुखीकरण गर्ने । | | √ | √ | √ | √ | √ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | विपदको समयमा विद्यालय तहमा प्रयोग गर्न सकिने सामग्रीहरु विकास गर्ने । | | √ | √ | √ | √ | √ | | |
| १० | अभिभावक शिक्षाको पाठ्यक्रमको विकास र कार्यान्वयन गर्ने । | | √ | √ | √ | √ | √ | | |

## ३.७ शिक्षक व्यवस्थापन र विकास

### ३.७.१ परिचय:

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षाको गुणस्तरकालागि शिक्षक योग्य, व्यवसायिक रुपमा दक्ष, पेसा प्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइ प्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकको लगनशीलता विना विद्यार्थीका सिकाइमा सुधारको अपेक्ष ागर्न सकिदैन । शिक्षामा लगानी लगाउनु पर्दा शिक्षकहरुमा लगानी लगाउनु पहिलो प्राथमिकता हुनु पर्छ । एक चोटी शिक्षक भइ सके पछि अध्ययन गर्नु नपर्ने संयन्त्रलाइ छिटो भन्दा छिटो अन्त्य गरिनु पर्छ शिक्षकहरुले गतिशील बन्ने र बन्नुपर्ने अवस्था सिर्नन ागर्नु जरुरी छ । हाल विभिन्न किसिमका शिक्षकहरु विद्यमान रहेका छन यसले पनि शिक्षाको गुणस्तरमा निकै नराम्रो असर पारेका हुन्छ । यस शिखर नगरपालिकामा पनि विद्यालयहरुमा स्थायी, अस्थायी, राहात, निजी जरु विभिन्न किसिमका शिक्षकहरु छन । विद्यार्थीको संख्या अनुसार दरबन्दी पुर्ति भएका विद्यालयहरु न्युन रहेका छन । प्राथमिक तहमा विद्यार्थी संख्याको आधारमा र निमावि तथा माध्यमिक तहमा विषयगत रुपमा विद्यमान मापदण्ड १:४० शिक्षक विद्यार्थी अनुपात मापदण्ड कायम गरिएको छ। शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरवन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ । शिक्षक पेशागत विकास कार्यक्रम (TPD) सम्म दरवन्दीका ९८.२ प्रतिशत शिक्षकहरुले प्रमाणिकृत तालिम प्राप्त गरेका छन ।

### ३.७.२ वर्तमान अवस्था

जब सम्म शिक्षणलाइ रोजाइको पेसा बनाउन सकिदैन तव सम्म दक्ष र सक्षम जनशक्ति शिक्षण पेसामा ल्याउन सकिदैन । दक्ष वा सक्षम शिक्षकहरुको अभावमा गुणस्तरीइ शिक्षा सम्भव हुदैन । हाल शिक्षकहरुको नियुक्ति र बढुवा सिफारिस का लागि शिक्षक सेवा आयोग कार्यरत रहेको छ । शिक्षक सेवा आयोगले पनि नियमित रुपमा आफ्नो कार्य गर्न नसकिरहेको अवस्थामा शिक्षक नियुक्तिमा असर परेको छ । आधारभूत र माध्यमिक सम्मको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने भए पनि शिक्षक व्यवस्थापनमा स्थानीय तहका लागि नीतिगत अस्पष्टता रहेकाले शिक्षक व्यवस्थापनमा समस्या देखिएको छ । तहगत र विषयगतरुमा दरवन्दी अभाव रहेको यस शिखर नगरपालिकामा गुणस्तरीय शिक्षाको सुतिश्चित गर्न चुनौतीपूर्ण रहेको छ । यस नगरपालिकामा हाल २९३ जना शिक्षक दरबन्दी र राहातमा रहेका छन भने अधिकाँस विद्यालयहरुले निजी स्रोतबाट पनि शिक्षक व्यवस्थापन गरेको अवस्था छ । यस नगरपालिका भित्र शिक्षक दरबन्दीको अवस्था निम्नानुसार रहेको छ ।

| क स | | विवरण | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तहगत | आधारभूत (१-५) | ५९ | ११८ | १७७ | |
| | | आधारभूत (६-८) | १२ | ४५ | ५७ | |
| | | माध्यमिक (९-१०) | ३ | ३८ | ४१ | |
| | | माध्यमिक (११-१२) | ० | १६ | १६ | |
| २ | आधारभूत (१-५) किसिम | स्थायी | २३ | ७८ | १०१ | |
| | | अस्थायी | ११ | १३ | २४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | राहात | २५ | २७ | ५२ | |
| | | निजी | १९ | २६ | ४५ | |
| | | अन्य | | | | |
| ३ | आधारभूत (६-८) किसिम | स्थायी | ४ | २४ | २८ | |
| | | अस्थायी | ६ | १२ | १८ | |
| | | राहात | २ | ९ | ११ | |
| | | निजी | ९ | १३ | २२ | |
| | | अन्य | | | | |
| ४ | माध्यमिक (९-१०) किसिम | स्थायी | १ | १८ | १९ | |
| | | अस्थायी | १ | ३ | ४ | |
| | | राहात | १ | १७ | १८ | |
| | | निजी | ० | ६ | | |
| | | अन्य | | | | |
| ५ | माध्यमिक (११-१२) किसिम | स्थायी | ० | ० | ० | |
| | | अस्थायी | ० | ० | ० | |
| | | राहात अनुदान | ० | १६ | १६ | |
| | | निजी | | | | |
| | | अन्य | | | | |
| ६ | शैक्षिक योग्यताका आधारमा | विद्याबारिधी | ० | ० | ० | |
| | | स्नात्तकोत्तर | ५ | ७० | ७५ | |
| | | स्नातक | २७ | १०८ | १३५ | |
| | | प्रविणता प्रमाणपत्र | ३४ | ३५ | ६९ | |
| | | प्रवेशिका प्रमाणपत्र | ८ | ६ | १४ | |
| ७ | आधारभूत | नेपाली | ६ | १३ | १९ | |
| | | अंग्रजी | २ | १८ | २० | |
| | | विज्ञान गणित | ० | १५ | १५ | |
| | | सामाजिक | २ | १० | १२ | |
| ८ | तालिमका आधारमा | १० दिने पेशागत तालिम | ६५ | ११० | १७५ | |
| | | ५ दिने पुनर्ताजगी तालिम | ६५ | ११० | १७५ | |
| | | EGRP तालिम | ३५ | २९ | ६४ | |
| ९ | तहगत रुपमा तालिम लिएका शिक्षक | आधारभूत (१-५) | ४० | १०१ | १४१ | |
| | | आधारभूत (६-८) | ८ | ३५ | ४३ | |
| | | माध्यमिक (९-१०) | २ | २९ | ३१ | |
| | | माध्यमिक (११-१२) | ० | ११ | ११ | |
| १० | कर्मचारी | संख्या | १ | ११ | ११ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | बालबालिस सहजकर्ता | संख्या | ६८ | २ | ७० | |
| १२ | कार्यालय सहयोगी | सख्या | १९ | ४७ | ६६ | |

विद्यालयमा जनशक्ति व्यवस्थापन निकै चूनौतीपूर्ण रहेको छ। शिक्षक सम्बन्धी चूनौतीहरु यस प्रकार छन ।

1. आवश्यक संख्यामा विषयगत दरबन्दी नहुनु ।
2. योग्यता र क्षमताका आधारमा प्र. अ. नियुक्ति नहुनु ।
3. विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलाउन नसक्नु ।
4. शिक्षकलाई समय-समयमा तालिमको व्यवस्थापन गर्न नसक्नु ।
5. विद्यालयमा सुपरीवेक्षण, अनुगमन र मूल्याङकनमा ध्यान नदिनु ।
6. कक्षा कोठाभित्र शिक्षकको प्रस्तुती कमजोर र फितलो रहनु ।
7. विद्यालयको आन्तरिक स्रोतबाट र गा.पा. ले दिएको अनुदानमा राखेका शिक्षकका साथै विद्यालय कर्मचारी र बालविकास सहजकर्ताको तलबमानमा कमि हुनु ।
8. शिक्षण सिकाइ कार्यमा सूचना तथा प्रविधि प्रयोग नहुनु ।
9. तालिमका विषयवस्तुलाई कक्षा कोठासम्म पुर्‍याउन नसक्नु ।
10. न्यून बेतनका कारण शिक्षकहरुमा कार्य चाख र उत्प्रेरणाको कमी ।
11. उपलब्ध दरबन्दीलाई विद्यार्थी संख्याका आधारमा पुनर्वितरण गर्न नसक्नु ।

### ३.७.३ उद्देश्य

१. आवश्यक सङ्ख्यामा विषयगत दरबन्दीको व्यवस्थापन गर्नु ।
२. विद्यार्थीको संख्या, भूगोललाई आधार मानी शिक्षक दरबन्दीमा हेरफेर गर्ने ।
३. योग्यता,क्षमता र कार्यदक्षताका आधारमा विद्यालयमा प्र.अ.को व्यवस्थापन गर्ने ।
४. आवश्यकता र मागको आधारमा शिक्षकलाई तालिम प्रदान गर्नु ।
५. शिक्षकलाई पेशाप्रति सुनिश्चतता गर्नु ।
६. विद्यालयमा अनुगमन र मूल्याकंनमा जोड दिने ।
६. विद्यालयमा राखिएका सम्पूर्ण शिक्षक कर्मचारीलाई आवश्यक थप सेवा सुविधा अवलम्बन गर्ने ।
७. शिक्षण सिकाइ क्रियाकलापमा सूचना र प्रविधिको अधिकतम प्रयोग गर्ने ।
८. प्रत्येक शिक्षकलाई शैक्षिक सामग्री निर्माण गर्नको लागि आवश्यक सामग्री उपलब्ध गराउने ।

### ३.७.४ रणनीति

1. सघंले पहिचान गरेका आवश्यक दरवन्दीको लागि सघींय तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य गर्ने,
2. नगरक्षेत्रका उपलब्ध दरवन्दीलाई हरेक बर्ष विद्यार्थी संख्याका आधारमा न्यूनतम कायम राखी पुर्नवितरण गर्ने,
3. विद्यालयमा शिक्षक भर्ना गर्दा अग्रेजी, गणित, विज्ञान र सूचना प्रविधिबारे जानकारलाई प्राथमिकतामा राख्ने,

4. विद्यालयले राख्ने निजी शिक्षकहरुको मापदण्ड र सेवा सर्त र पारिश्रमिकलाई एकरुपता कायम गर्ने,
5. न्यून शिक्षक दरवन्दी तत्कालका लागि परिपूर्ती गर्न हालको स्यंम सेवक शिक्षक परिचालनलाई बृद्धि गर्दै लैजाने,
6. विद्यार्थी संख्या, भूगोलको आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गरिनेछ ।
7. शिक्षकको पेशागत सहयोगका लागि आवश्यकता र मागको आधारमा तालिम प्रदान गरिनेछ
8. योग्यता, दक्षता र लगनशिलताका आधारमा विद्यालयमा प्र. अ. को व्यवस्था गरिनेछ ।
9. विद्यालयमा राखिएका सम्पूर्ण शिक्षक कर्मचारीलाई आवश्यक थप सेवा सुविधा अवलम्बन गरिनेछ ।
10. शिक्षकहरुको अभिप्रेरणा र मनोवललाई उच्च राख्न कार्यसम्पादन र प्राप्त नतिजाका आधारमा पुरस्कार र सम्मान गर्ने कार्यको थालनी गर्ने
11. Teacher Time and Task को परिपालन र कक्षा प्रवेश पूर्वको तयारी र योजनामा जोड दिइने,
12. मागमा आधारित तालिम, स्वअध्ययान र कार्यमूलक अनुसन्धानमा विषेश जोड दिइनेछ,
13. शिक्षकहरुलाई प्रविधिमैत्री बनाउन "एक शिक्षक एक ल्यापटप" कार्यक्रममा नगरपालिका, विद्यालय र शिक्षकबिच वित्तिय साझेदारी गरिनेछ,
14. प्रत्येक विद्यालयमा कम्तिमा एकजना शिक्षकलाई सूचना प्रविधिको आधारभूत सीपको विकास गरिनेछ ,
15. बर्षको कम्तिमा ७ दिन सकरात्मक सोच विकास, पेशागत सीप विकास र उन्नयनमा लगाउने गरी अवलोकन भ्रमण, क्षमता विकासका लागि विद्यालय तहदेखि कार्यक्रमको सूरुवाती गरिनेछ ।
16. विद्यालयमा नियमित अनुगमन र मूल्यांकंनमा जोड दिइनेछ ।
17. विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापको अनुगमन र मूल्याकंन गरिनेछ ।
18. शिक्षक तथा शिक्षण सिकाइ कार्यलाई सूचना तथा प्रविधिसँग जोडिनेछ ।

### ३.७.५ अपेक्षित उपलव्धि :

1. सघींय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारी र समन्वयमा न्यूनतम विषयगत
2. शिक्षकहरुको व्यवस्थापन भएको हुनेछ ।
3. स्यंम सेवक शिक्षकहरु परिचालन कार्यलाई नीतिगत रुपमा संस्थागत गरिनेछ ।
4. शिक्षकहरु प्रविधिमैत्री, पेशाप्रति सर्मपित हुनेछन ।
5. कार्यसम्पादन र प्राप्त नतिजाका आधारमा शिक्षकहरुलाई उत्प्रेरणाका कार्यहरु सञ्चालन गरिनेछ । शिक्षक (Time and Task) को परिपालन भएको हुनेछ ।
6. शिक्षकलाई समय सान्दर्भिक, पेशाप्रति उत्तरदायी,आकर्षित, शिक्षण क्रियाकलापमा प्रभावकारी र समावेशीकरण बनाउन शिक्षक व्यवस्थापन र तयारीको अहम भूमिका रहेको हुन्छ ।
7. यसै कुरालाई मध्यनजर गरी शिखर नगरपालिकाले दश वर्षे शैक्षिक रणनीतिक योजनामा शिक्षक व्यवस्थापन र तयारीका बारेमा रणनीतिक योजना बनाएको छ ।

## प्रमुख क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| १ | शिक्षक दरबन्दी मिलान गर्ने । | पटक | १ | | | | | २ | |
| | दरबन्दी अभाव भएका विद्यालयहरुमा नगर शिक्षकको व्यवस्थापन गर्ने | प्रतिशत | | २० | १० | १० | १० | १०० | |
| २ | शिक्षकहरुका विषयगत समुहहरु निमार्ण गरी अभिमुखीकरण | वर्ष | १ | १ | १ | १ | १ | १ | |
| ३ | विद्यार्थीहरुको सिकाइ उपलब्धि र अन्य मापदण्डका आधारमा शिक्षक सम्मान गर्ने | जना | १० | १० | १० | १० | १० | १० | |
| ४ | शिक्षक सक्षमता कार्यढाचाँ विकास गरी सबै शिक्षकलाइ वर्षमा एक पटक अनिवार्य कार्यशालामा सहभागी गराउने | पद्धति | १ | | | | | | |
| ५ | नीजि श्रोत शिक्षक नियुक्तिका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गर्ने | पद्धति | १ | | | | | | |
| ६ | शिक्षक सिकाइ समुह र विज्ञ समुह निर्माण गरी परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | |
| ७ | शिक्षक सक्षमता विकासका लागि शिक्षक पेसागत सहयोग कार्यविधिको कार्यान्वयनलाइ प्रभावकारी बनाई शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | २ | |
| ८ | कक्षा अवलोकन, सहपाठी अवलोकन लाइ व्यवस्थित र नियमित बनाउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | व्यवहारकुशल तथा एकाइसौं शताब्दी सिप र सूचना तथा सञ्चार प्रविधिकालागि अनलाइन तथा अफलाइन तालिम सञ्चालन गर्ने | जना | ५० | ५० | ५० | ५० | ५० | ३०० | |
| १० | शिक्षकले शिक्षणमा बिताउने समयमा प्रधानाध्यापकलाई जिम्मेवार बनाउने | प्र अ | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ११ | विद्यालय कर्मचारी र बालबिकास सहजकर्ताको क्षमता अभिवृद्धि गर्न कार्यशाला सञ्चालन गर्ने | जना | ७० | ७० | ७० | ७० | ७० | ७० | |

### ३.८ विद्यालय व्यवस्थापन (प्रधानाध्यापक व्यवस्थापन समेत)

### ३.८.१ परिचय

हालको विश्वमा शिक्षालाई विकासको प्रमुख पूर्वाधार मानिन्छ । यस्ले व्यक्ति, समुदाय र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । बाल बालिकाहरुलाई समय सापेक्ष गुणस्तरीय शिक्षा प्रदान गरी सभ्य, सु-संस्कृत समाजको विकास गर्नु आजको आवश्यकता हो । शिक्षा ऐन २०२८ को नवौं शंसोधन र शिक्षा नियमावली २०५९ले विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था गरेको छ । यसैले विद्यालय व्यवस्थापन महत्वपूर्ण पाटो हो । विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघको गठन, बैठक प्रक्रिया, सामाजिक परीक्षण, विद्यालय सुधार योजना निमार्ण, अभिभावक भेला, शिक्षक व्यवस्थापन जस्ता पक्षमा समयमै विचार पुऱ्याइ कार्यन्वयन पक्षमा ध्यान पुऱ्याउने हो भने शैक्षिक गुणस्तर अभिवृद्धि हुने देखिन्छ ।

शिखर नगरपालिकाका सवै सामुदायिक र संस्थागत विद्यालयहरुमा शिक्षा ऐन/नियम अनुसार वि.ब्य.स. र शिक्षक अभिभावक संघ गठन भएको र आफ्नो काम, कर्तव्य र अधिकार प्रयोग गरेको देखिन्छ । सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयहरुमा घरदैलो, अभिभावक भेला र नतिजा विश्लेषण बढिहुने गरेको देखिन्छ भने तथ्याङ्क रिपोटिङ्मा कमजोर अन्य सूचकहरुमा सामुदायिक विद्यालयहरु अगाडि देखिन्छन् । केहि समूदयिक विद्यालयहरुमा वि.व्य.स., शिक्षक अभिभावक संघको सकृयतामा कमि, सकृय बनाउने प्रयास प्रोत्साहन नहुँदा अपेक्षित सुधार हुन सकेको छैन । विद्यालयले सबैको विश्वास प्राप्त गर्न विद्यालयमा गरिने हरेक किृयाकलाप तथा कार्यक्रममा सक्रिय सहभागिता, निष्पक्षता तथा पारदर्शिता हुनु आवश्यक छ । बालबालिकाको सर्वाङ्गिण विकास, गुणस्तरीय शिक्षा प्रदानका लागि नेपालको संविधानमा भएको प्रावधानलाई लागू गरि शिक्षा क्षेत्रको समुन्नत र न्यायोचित विकासमा विद्यालय व्यवस्थापन पक्षको महत्वपूर्ण योगदान रहन्छ ।

विद्यालयको व्यवस्थापनका लागि विभिन्न संयन्त्रहरु निमार्ण गरिएका हुन्छन । ऐन मै व्यवस्था भएको विद्यालय व्यवस्थापन समितिको मुख्य कर्तव्य नै विद्यालयको रेखदेख, सञ्चालन र व्यवस्थापनका लागि गठन गरिएको हुन्छ । विद्यालय व्यवस्थापन र प्रशासनका लागि विद्यालयका प्रधानाध्यापकको पनि मुख्य भूमिका रहेको हुन्छ । विद्यालयका सबै क्रियाकलापहरुलाइ व्यवस्थित र पारदर्शी बनाउन शिक्षक अभिभावक संघको पनि व्यवस्था गरिएको हुन्छ । यस परिच्छेदमा विद्यालयको व्यवस्थापनमा रहेका वर्तमान अवस्था, चुनौती, उद्देश्य र मुख्य क्रियाकलापहरु समेटिएको छ ।

### ३.८.२ वर्तमान अवस्था

शिखर नगरपालिकामा शैक्षिक व्यवस्थापन अपेक्षाकृत राम्रो रहेको भएतापनि धेरै जसो सामुदायिक विद्यालयहरुमा भौतिक पूर्वाधारको कमी रहेको, तहगत प्रधानाध्यापकको नियुक्ति हुन सकेको छैन । हाल यस नगरपालिकामा ७० वटा बालविकास कैन्द्रहरु, ५ वटा सामूदायिक सिकाई केन्द्रहरु , ६६ वटा सामुदायिक विद्यालयहरु र १० वटा संस्थागत विद्यालयहरु रहेका छन् । जस्मा ७० जना बाल विकास शिक्षकहरु, ५ जना सामुदमयिक सिकाई केन्द्रका सहजकर्ताहरु, २९१ जना सामुदायिक विद्यमलयका शिक्षकहरु र ७७ जना विद्यालय कर्मचारी कार्यरत छन् । सामुदायिक विद्यालयमा जम्मा १२,९७० जना विद्यार्थीहरु र निजी विद्यालयमा जम्मा १५९६ जना विद्यार्थीहरु अध्ययनरत छन् । सबै जसो विद्यालयमा

शिक्षक विद्यार्थी अनुपात मिलेको छैन् । विद्यालयका पदाधिकारीहरुको क्षमता विकास गर्नु आवश्यक देखिन्छ ।

यस शिखर नगरपालिकामा सञ्चालित सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन र शिक्षक अभिभावक संघ गठन गरिएको अवस्था छ । जुन तहको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हुने हो सोही तहको योग्यता हुनु पर्ने कानूनी प्रावधान भए पनि सबै विद्यालयमा यस्को कार्यान्वयन गर्न कठिन रहेको छ । विद्यालयको सुधार तथा विकासका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ को महत्वपूर्ण भूमिका हुन्छ । यी संयन्त्रका साथसाथै विद्यालयको विकासकालागि प्रधानाध्यापकले सक्रिय र लगनशील हुनु जरुरी छ । प्रधानाध्यापक सबै भन्दा माथिल्लो तहको हुनु पर्ने भए पनि हाल सबै विद्यालयहरुमा तह अनुसार वरिष्ट शिक्षकहरुलाइ प्रधानाध्यापक बनाउन सकिएको छैन । ६४ वटा सामुदायिक, १ वटा धार्मिक र १० वटा संस्थागत गरी जम्मा ७५ विद्यालय भएको यस शिखर नगरपालिकामा हाल सबै विद्यालयमा व्यवस्थापनलाइ प्राथमिकतामा राखी विद्यालयको विकासमा प्रयत्न गरिदै छ । हाल विद्यालयको व्यवस्थापनका सन्दर्भमा रहेका प्रमुख समस्याहरु यसप्रकार रहेका छन ।

1. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु कानुनी प्रावधान अनुसार छनोट गर्नका लागि सबै विद्यालयका लागि नपाइनु ।
2. विद्यालय व्यवस्थापन समितिका पदाधिारीहरुमा विद्यालयका काम कारबाही प्रति धेरै कम ज्ञान हुनु ।
3. माथिल्लो तहको विद्यालयमा तल्लो तहको शिक्षकलाइ प्रधानाध्यापक बनाउनु पर्ने बाध्यता रहेको ।
4. शिक्षक अभिभावक संघ र समुदायको विद्यालय प्रतिको उदासिनता ।
5. विद्यालयलाइ नियमन गर्ने उचित संयन्त्रको अभाव ।
6. स्थानीय तहहरुमा जनशक्ति अभाव तथा दक्षताको कमी ।
7. विद्यालयमा अभिभावकको न्यून चासो रहेको ।
8. विव्यस गठनमा बदी चासो दिनु तर गठन पश्चात बैठकमा नियमित उपस्थित नहुनु ।
9. विव्यस बैठकमा विद्यालयको शैक्षिक भौतिक गुणस्तर, सिकाई उपलब्धि जस्ता विषयमा छलफल नहुनु तर विद्यालयको भौतिक पुर्वाधार निर्माणका लागि गठन हुने उपभोक्ता समति र शिक्षक नियुक्तिमा मात्र चासो बढ्नु ।
10. विव्यसले सबै अभिभावकको सहयोग र विश्वास प्राप्त गर्न नसक्नु ।
11. विव्यसका पदाधिकारीहरुमा आफ्नो काम, कर्तव्य र अधिकारका बारेमा जनकारी नहुनु ।
12. विद्यालयका हरेक गतिविधिमा राजनितिक प्रभाव रहनु ।
13. शिअसंको निष्कृयता हुनु ।
14. विद्यालयको सामाजिक परिक्षणमा चासो दिने तर सामाजिक परिक्षण प्रक्रिया बारे जानकारी नहुनु ।
15. प्रधानाध्यापक लामो अवधि सम्म एउटै विद्यालयमा रहनु, कार्य सम्पादन सम्झौता नहुनु ।
16. विद्यालयका सरोकारवाला संग न्यून छलफल हुने गरेको तर प्राय जसो कामकाज प्र.अ् स्वयमले गर्ने गरेको ।

### ३.८.३ उद्देश्य

यस योजनाको विद्यालय व्यवस्थापन सम्बन्धी उद्देश्यहरु यसप्रकार रहेका छन ।

1. विद्यालय विकास प्रस्तावका आधारमा प्र अ छनोटको व्यवस्था गर्नु ।
2. सबै विद्यालयहरुमा दक्ष, योग्य र सक्षम प्रधानाध्यापको व्यवस्था गर्नु ।
3. विद्यालय व्यवस्थापन समितिमा कानूनी प्रावधान अनुसार अक्ष्यक्षको छनोट गर्नु ।
4. वि व्य स लाइ सक्रिय र क्रियाशील बाउनु ।
5. शिक्षक अभिभावक संघलाइ अभिमुखीकरण गरी आफनो काम कर्तव्य र अधिकार प्रति सचेत बनाउनु ।
6. विद्यालयको व्यवस्थापन र प्रशासनलाइ चुस्त दुरुस्त बनाउनु ।
7. विद्यालयमा समुदायको चासो र सहभागिता बढाउनु ।
8. विद्यालयको भौतिक, प्रशासनिक तथा शैक्षणिक पक्षको व्यवस्थापन गर्नु ।
9. विद्यालयका सम्बद्ध पदनधिकारीहरुलाई विद्यालय प्रति जिम्मेवार बनाउनु
10. विद्यालय तहको शैक्षिक जनशक्तिको व्यवस्थापन गर्नु ।
11. विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउनु ।

### ३.८.४ रणनीतिहरु

1. विद्यालय विकास प्रस्ताव तयार गर्न लगाइ योग्यता पुगेका शिक्षकलाइ मात्र प्रधानाध्यापक बनाइनेछ ।
2. प्रधानाध्यापकको कार्य सम्पादनका आधारमा करार सम्झौता गरिनेछ र सन्तोषजनक कार्य सम्पादन नभएका विद्यालय प्रधानाध्यापकको स्थानमा अर्को शिक्षकलाइ प्रधानाध्याप बनाउन पहल गरिनेछ ।
3. विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा पूर्ण रुपमा कानूनी प्रावधान अपनाइने छ । र सो सम्भव नभएको विद्यालयमा सक्षम व्यक्तिलाइ अध्यक्ष बनाउन प्रयत्न गरिनेछ ।
4. शिक्षक अभिभावक संघका सबै पदाधिकारीह्ररुलाइ अभिमुखीकरण गरी विद्यालयका गतितिधिमा पारदर्शिता कायम गर्न पहल गरिनेछ ।
5. सबै विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाइ सक्रिय बनाउन तालिम तथा गोष्ठीको आयोजन ािगर्रिनेछ । र राम्रो विद्यालय व्यवस्थापनमा प्रयत्नरत विद्यालय व्यवस्थापनका पदाधिकारीहरुलाइ सम्मान गरिनेछ ।
6. विद्यालयका लागि अभिभाबकबाट सहयोग संकलन र नियमन तथा विद्यालयका गतिविधि प्रति रुचि राख्ने बनाइनेछ ।
7. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लोकतान्त्रिक वातावरणमा गठन गरि विद्यालयको सम्पूर्ण गतिविधि प्रति जिम्मेवार बनाइनेछ ।
8. विद्यालयको गुणस्तर सुधारका लागि प्रतिस्पर्धात्मक वातावरणको विकास गरिनेछ ।
9. पूर्ण सहभागितामा विद्यालय सुधार योजना र गुधारका योजना बनाई कार्यान्वयन गरिनेछ ।

10. बाल वालिकाहरुलाई घरमा पढ्ने वातावरण निर्माणका लागि Reading Corner को अनिवार्य व्यवस्थापन गर्न लगाइनेछ ।
11. विद्यालयका शिक्षक, कर्मचारी र व्यवस्थापकहरुको राजनिती प्रतिको आवद्धता हटाई विद्यालय प्रति निम्मेवार हुनुपर्ने कार्यनिति अवलम्बन गरिनेछ ।
12. प्रधानाध्यापकको सेवा सुविधा बढाई उपलब्धिका आधारमा नगरपालिका संग करार गरि थप जिम्मेवार बनाइनेछ ।
13. सरोकारवालाका गुनासो सुन्न नगरपालिकास्तरमा गुनासो सुन्ने संयन्त्रको व्यवस्था गरिनेछ ।
14. विद्यालयका लेखा कर्मचारी र प्रधानाध्यापकहरुका लागि लेखा व्यवस्थापन तालिमको व्यवस्था गरिनेछ ।
15. प्रधानाध्यापकहरुलाई दोहोरो जिम्मेवारीको बोझबाट मुक्त गरी प्रशासनिक र विद्यालयको सुधार कार्यमा मात्र विशेष जिम्मेवारी प्रदान गरिनेछ ।
16. नगरपालिकाले शिक्षकहरु संग कार्य सम्पादन सम्झौता गरी निश्चित समयवधिका लागि प्रधानाध्यापकको पदमा नियुक्ति गरि असल काम गर्नेलाई प्रशंसा र सम्मान गरिनेछ ।
17. बाल क्लब, रेडक्रस, इको क्लब, स्काउट जस्ता विद्यार्थीको सामूहिक समितिहरु गठन गरिनेछ ।

### ३.८.५ उपलब्धि, नतिजा र मुख्य क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

1. विद्यालयको व्यवस्थापनमा उल्लेख्य सुधार हुने र विद्यालयका सबै गतिविधि कानून संम्बत ढंगले सञ्चालन हुने ।

#### ख) प्रमुख नतिजाहरु

1. विद्यालय विकास प्रस्तावका आधारमा प्र अ छनोट हुने।
2. सबै विद्यालयहरुमा दक्ष, योग्य र सक्षम प्रधानाध्यापको व्यवस्था हुने ।
3. विद्यालय व्यवस्थापन समितिमा कानूनी प्रावधान अनुसार अक्ष्यक्षको छनोट भएको हुने ।
4. वि व्य स सक्रिय र क्रियाशील भएको हुने ।
5. शिक्षक अभिभावक संघ अभिमुखीकरण गरी आफनो काम कर्तव्य र अधिकार प्रति सचेत हुने।
6. विद्यालयको व्यवस्थापन र प्रशासनलाइ चुस्त दुरुस्त हुने।
7. विद्यालयमा समुदायको चासो र सहभागिता बढेको हुने ।
8. यस नगरपालिका सबै विद्यालयहरुमा नियमानुसार विव्यस, शिअसं गठन भएको हुनेछ ।
9. कम्तीमा ६० प्रतिशत विद्यालयमा नियमानुसार प्र.अ व्यवस्थापन भएको हुनेछ ।
10. हरेक सामुदायिक विद्यालयमा लेखा व्यवस्थापन भएको हुनेछ ।
11. सामुदायिक विद्यालयमा उद्यान निर्माण भई हरियाली विद्यालय निर्माण भएको हुनेछ ।
12. विव्यस र शिअसं जिम्मेवार भएका हुनेछन्

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| १ | निमित्त प्रधानाध्यापक रहेका विद्यालयहरुमा शिक्षा नियमावली २०५९ का आधारमा प्रधानाध्यापक को व्यवस्था गर्ने | जना | | १२ | १२ | १२ | १२ | ७४ | |
| २ | सबै प्रधानाध्यापकहरुको क्षमता विकासका लागि वर्षमा एक पटक अनिवार्य कार्यशाला, ३ पटक प्रअ बैठक र प्रत्येक महिना श्रोत विद्यालयका प्र अ हरुको समीक्षात्मक बैठक आयोजना गर्ने । | जना | ७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ | |
| ३ | विद्यालयमा शिक्षकको निरन्तर पेसागत विकास गर्न प्रधानाध्यापकलाइ जिम्मेवार बनाउने | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | प्रधानाध्यापकहरुको सेवा सुविधामा सुधार गर्ने | जना | | ६४ | | | | | |

## ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा

### ३.९.१ परिचय

नेपालको संविधान २०७२ को धारा ३९ (क) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्म शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म शिक्षा निःशुल्क पाउने हकको व्यवस्था सुनिश्चित गरिएको छ । औपचारिक शिक्षा बाट बंचित हुन पुगेका वा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न, जीविकोपार्जनमा सहयोग पुऱ्याउन साथै विश्व परिवेश सुहाउँदो मानव संसाधनको विकासका लागि निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा एक अनिवार्य शर्त हो । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाई अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक, निरन्तर, खुला एवं जीवयपर्यन्त शिक्षाले काम गर्दछ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अबलम्बन गरेको सिद्धान्त, दिगो विकास लक्ष्य तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा संगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । वि स २०८५ बैशाख १ गतेदेखि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्ने नपाउने व्यवस्था भएसँगै निरन्तर शिक्षा खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षाको भूमिका अझै अपर्पा/हार्य रहेको देखिन्छ ।

### ३.९.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२मा भएको संवैधानिक व्यवस्था अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित तथ्याङ्क, २०७६ अनुसार हालसम्म राष्ट्रिय युवा साक्षरता १५ देखि २४ वर्ष ९२ प्रतिशत र राष्ट्रिय प्रौढ साक्षरता ५८ प्रतिशत रहेको छ । यस शिखर नगरपालिकाको महिला साक्षरता दर ७७.४३ प्रतिशत रहेको छ भने पुरुष साक्षरता दर ९१.९४ प्रतिशत रहेको छ । नग/पालिकाको महिला निरक्षता दर २२.७ प्रतिशत रहेको छ भने पुरुष निरक्षता दर ८.९६ प्रतिशत रहेको छ । यसमा ५ वर्ष मुनिका बालबालिकालाई जोडिएको छैन । हाल यस नगरपालिकामा साक्षरता तथा निरन्तर शिक्षा सम्बन्धी काम गर्नका लागि पाँच वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन । ती सामुदायिक सिकाइ केन्द्रहरुले समय समयमा साक्षरता कक्षा देखि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेका छन । विगतका दिनमा सक्रिय नरहेका सामुदायिक सिकाइ केन्द्रहरुलाइ हाल चलायमान बनाउने प्रयास भइ रहेका छन । अवका दिनमा यी सामुदायिक सिकाइ केन्द्रहरुबाट थुप्रै कार्यक्रम सञ्चालन गरिनेछ । शिखर नगरपालकाको साक्षरतालाइ देहायअनुसार देखाउन सकिन्छ ।

| वार्ड नं. | साक्षरता प्रतिशत | | वार्डको साक्षरता | निरक्षरता प्रतिशत | | वार्डको निरक्षरता |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | | महिला | पुरुष | |
| 1 | 83.81 | 94.36 | 89.04 | 16.19 | 5.64 | 10.96 |
| 2 | 89.31 | 95.00 | 92.20 | 10.69 | 5.00 | 7.80 |
| 3 | 70.86 | 94.29 | 82.55 | 29.14 | 5.71 | 17.45 |
| 4 | 71.87 | 89.31 | 80.80 | 28.13 | 10.69 | 19.20 |
| 5 | 86.25 | 97.84 | 92.50 | 13.75 | 2.16 | 7.50 |
| 6 | 72.03 | 91.26 | 81.97 | 27.97 | 8.74 | 18.03 |
| 7 | 77.57 | 93.85 | 85.83 | 22.43 | 6.15 | 14.17 |
| 8 | 59.21 | 85.88 | 72.86 | 40.79 | 14.12 | 27.14 |
| 9 | 81.43 | 90.10 | 85.94 | 18.57 | 9.90 | 14.06 |
| 10 | 84.22 | 93.76 | 89.05 | 15.78 | 6.24 | 10.95 |
| 11 | 71.13 | 87.16 | 79.67 | 28.87 | 12.84 | 20.33 |
| **जम्मा** | 77.43 | 91.94 | 84.90 | 22.57 | 8.06 | 15.10 |

शिक्षा क्षेत्रको एउटा सिङ्गै पाटोको रूपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाईले न व्यक्तिगत रुपमा न त संस्थागत रुपमा र प्रणालीगत रूपमा नै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरिएका छन् ।

1. एक पटक साक्षर भएका व्यक्तिहरुलाई निरन्तर शिक्षाको कार्यक्रम दिन नसक्नु वा निरन्तर साक्षरोत्तर कार्उक्रम अगाडी नबढाइनु,
2. साक्षरता कार्यक्रममा सहभागि भएका व्यक्तिहरूले सिकेका ज्ञान र सीपलाई रोजगारसँग जोड्न नसक्नु,
3. अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा संचालन गर्ने संस्था र संयन्त्रको प्रयाप्त विकास र व्यवस्था र विकास नहुनु
4. साक्षर भएकाहरू सीपको प्रयोग र अभ्यास नहुँदा पुनः निरक्षर हुनु परेको,
5. शैक्षिक सत्र पुरा नगरी बिचैमा छोड्ने र नियमित नहुने बालबालिकाको संख्या समेत बढ्नु,
6. महिला, पछाडि परेका वर्गलाई लक्षित गरी जीवनोपयोगी सीप, लघु ऋण, अनुदान र रोजगारीको अवसर दिने जस्ता कार्यक्रमलाई एकिकृत रूपमा सञ्चालन गर्न नसक्नु,

### ३.९.३ उद्देश्यहरू

यस १० वर्षे योजनाले निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्धेश्यहरु तय गरेको छः

1. विभिन्न कारणले शिक्षाको उज्यालो घामबाट बंचित भई निरक्षर भएका व्यक्तिहरूलाई साक्षर बनाउनु,

2. सामुदायिक सिकाई केन्द्रको क्षमता विकास गरि सामुदायिक सिकाई केन्द्रलाई विद्यालय तहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्नु
3. शैक्षिक सूचना केन्द्रको रूपमा सामुदायिक सिकाइ केन्द्रलाई  विकास गर्नु
4. निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम सञ्चालन गरि व्यक्तिका दैनिक जीवनसंग सम्बन्धित आवश्यकताहरुको परिपूर्ति गर्नमा सहयोग गर्नु,
5. विभिन्न कारणले विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छोडेका बालबालिकाहरुलाई वैकल्पिक शिक्षा मार्फत सिकाई गरि साधारण विद्यालयको प्रवाहमा समाहित गर्नु,
6. प्रौढहरुलाई प्रौढ एवम् अनौपचारिक शिक्षा मार्फत शिक्षा र सिप संग जोडी साक्षर र सिपयुक्त जनशक्ति उत्पादनमा जोड दिनु

### ३.९.४ रणनीति

निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा सम्बन्धी उद्धेश्यहरु हासिल गर्न देहाए बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछन:

1. निरक्षर व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गर्न शिखर साक्षर कार्यक्रम अगाडी बढाउने ।
2. नगरपालिकाले प्रचलित ऐन कानूनमा आधारित भएर सामुदायिक सिकाई केन्द्र सञ्चालन सम्बन्धी कार्य विधि एवम् निर्देशिका तयार गर्ने ।
3. सिकाई केन्द्रका पदाधिकारीलाई सार्वजनिक ;ाम'दायिक शिक्षा ;िकाइ केन्द्र सञ्चालन गर्नकालागि क्षमता अभिवृद्धि गर्ने
4. प्रत्येक वडामा सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना गर्ने ।
5. अनौपचारिक शिक्षा र जिवनपर्यन्त शिक्षा संचालन गर्ने संघ संस्था बीच समन्वय कायम गरि :वयमे;वक परिचालन गर्ने ।
6. निरन्तर, जिवनपर्यन्त र खुला शिक्षा कार्यक्रम आयोजना गर्ने
7. स्थानीय आवश्यकता अनुसार आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने
8. सीप सिकेकाहरुलाई काम गर्न आर्थिक स्रोत जुटाउने कार्यक्रम सञ्चालन गर्ने ।
9. सबैलाई कक्षा ८ सम्मको निशुल्क आधारभूत शिक्षाको अवसर प्रदान गर्ने
10. विचमा विद्यालय छोड्ने दरमा न्यूनीकरण गर्ने
11. महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जीवनपयोगी शिक्षाको माध्यमबाट सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुर्‍याउने

### ३.९.५ उपलब्धि नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### क) उपलब्धि

1. १५ वर्षभन्दा माथिको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
2. ५ वर्षभन्दा माथिको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
3. १५ देखि २४ वर्षको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।

4. विद्यार्थीहरुको बीचमा विद्यालय छोड्ने दर २ प्रतिशतमा झ/को हुनेछ ।
5. आवश्यकता अनुसार सामुदायिक सिकाई केन्द्रको विस्तार भएको हुनेछ ।
6. आवश्यकता अनुसार समय समयमा स्वयमसेवक परिचालन गरि निरन्तर साक्षरोत्तर कार्यक्रम कार्यान्वयन हुनेछ .
7. आधारभूत तह र माध्यमिक तहको औपचारिक शिक्षाबाट बाहिर रहेका क्रमशः ०.४३ प्रतिशत र २.४१ प्रतिशतबाट शुन्य प्रतिशतमा झरेको हुनेछ .

## ख) नतिजा

1. नग/भित्रका सबै नागरिकहरुलाई साक्षरता, ऋर सिकाईको अवसर प्राप्त हुने
2. सामुदायिक सिकाई केन्द्रको संस्थागत संयन्त्र एवं सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्रको रूपमा विकास हुने
3. निरन्तर, खुला, अनौपचारिक जीवनपर्यन्त शिक्षा र सिकाइबाट सीपमुलक जनशक्ति उत्पादन हुने ।
4. विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको अवसर हुने ।

## ग) प्रमुख क्रियाकलाप / लक्ष्य

1. आवश्यकताको पहिचान गर्ने गरि प्रत्येक वडामा १) दिने लघु कक्षा सञ्चालन गरिनेछ ।
2. कक्षा १०, १२ र उच्च शिक्षाका परीक्षा दिएर बसेका विद्यार्थीहरूलाई स्वयं सेवकको रुपमा परिचालन गरिनेछ ।
3. सामुदायिक अध्ययन केन्द्र सञ्चालन सम्बन्धि कार्य विधि, निर्देशिका पारित गरि कार्यान्वयन गरिनेछ ।
4. तहगत रुपमा सिकाइ केन्द्रका पदाधिकारीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।
5. सिकाई शिविरको आयोजना गरिनेछ ।
6. सामुदायिक केन्द्र स्थापनाका लागि नगर तथा शिक्षा समितिले स्थलगत अध्ययन गरि आवश्यकता अनुसार स्थापना गर्न सोको जिम्मा शिक्षा ;मितिलाई दिइनेछ ।
7. स्थानीय स्रोतबाट बजेटको व्यवस्था गरि अल्पकालीन समयका लागि निरन्तर, खुला, अनौपचारिक, जीवनपर्यन्त शिक्षा शाखा कार्यालयको स्थापना गरिनेछ ।
8. सूचना प्रविधिमा दक्ष तथा सीपयुक्त जनशक्तिको व्यवस्था गरिनेछ ।
9. शैक्षिक सूचनाहरु नियमित रुपमा केन्द्रिय शैक्षिक सूचना तथ्याङ्क प्रणालिमा नियमित रुपमा अद्यावधिक गरिनेछ ।
10. सामुदायिक सिकाई केन्द्र र त्यस सँग काम गर्ने शैक्षिक संघ संस्थाहरूको समन्वय समिति बनाइनेछ ।
11. निरन्तर शिक्षा, लघु कक्षा सञ्चालन गर्दा घर, परिवार, समाज र जीवनोपयोगी विषयवस्तुहरुलाई जोड दिईनेछ ।
12. स्थानीय परिवेश अनुसारको सिपको लागि तालिम सञ्चालन गरि आयमूलक कार्यक्रम अगाडी बढाइनेछ ।

13. आर्थिक स्रोत जुटाउन जोडकोष स्थापनाको कार्यविधि बनाई, जोडकोषको स्थापना गरी सञ्चालन गरिनेछ ।
14. सामुदायिक सिकाई केन्द्रबाट कक्षागत विद्यार्थीको सर्वेक्षण गरी विद्यार्थीलाई विद्यालयको मूल धारमा सहभागि गराउन नगरभित्र अभियानको रूपमा प्रचार प्रसार गरिनेछ ।
15. उमेर र अवस्थाले मूल धारमा आउन नसक्नेहरूका लागि खुला विद्यालय तथा वैकल्पिक विद्यालय जस्ता कार्यक्रमहरू संचालन गरि मूल धारमा ल्याइनेछ ।
16. बीचमा विद्यालय छोइने विद्यार्थीहरूको पहिचान गरी पृष्ठपोषण कक्षा सञ्चालन गरीनेछ साथै समस्याको सम्बोधन गरि विद्यालयमा पुनः प्रवेश गराइनेछ ।
17. घर परिवारमा पढाइको वातावरण बनाउनका लागि अभिभावकहरुलाई सचेतनामुलक कार्यक्रमहरूको आयोजना गरिनेछ ।
18. महिला तथा पिछडिएका लक्षित समूहरुको पहिचान गरी दक्षता र मागका आधारमा सिप तथा तालिम प्रदान गरिनेछ ।
19. शिखर साक्षर अभियान कार्यक्रम अगाडि बढाइ कार्यान्वयन गरिनेछ ।

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| १ | निरक्षरको विवरण संकलन | पटक | १ | | | | | ७४ | |
| २ | साक्षरता कक्षा सञ्चालन | जना | निरक्षर सबै | ७५ | ७५ | ७५ | ७५ | ७५ | |
| ३ | वडाहरुमा लघु कक्षा सञ्चालन र अध्ययन पश्चात फुर्सदमा रहेका विद्यार्थीहरुलाइ स्वयम सेवकका रुपमा परिचालन | वडा | ४ | ८ | ११ | ११ | ११ | ११ | |
| ४ | सामुदायिक अध्ययन केन्द्र सञ्चालन सम्बन्धि कार्य विधि, निर्देशिका निमार्ण | पद्धति | १ | | | | | | |
| ५ | सामुदायिक सिकाइ केन्द्रहरु थप स्थापना | वटा | २ | २ | २ | | | | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरुका अध्यक्ष र परिचालकलाइ तालिम प्रदान | जना | १० | १४ | १४ | १४ | १४ | १४ | |
| ७ | अभिभावक सचेतना कार्यक्रम सञ्चालन | वडा | ५ | ७ | ९ | ११ | ११ | ११ | |
| ८ | विभिन्न सिप मुलक तालिम सञ्चालन | जना | १० | २० | ३० | ४० | ५० | १५० | |

## ३.१० गुणस्तरीय सार्वजनिक शिक्षा

### ३.१०.१ परिचय:

समाज परिवर्तनशिल छ । परिवर्तित समाज अनुसार शिक्षालाई हेर्ने दृष्टिकोण पनि फरक फरक हुन्छ । यसलाई सिमित घेराभित्र राखेर व्याख्या विश्लेषण गर्न सकिदैन । शिक्षा मानव समाजको अस्तित्व रहँदासम्म क्रियाशिल रहने हुनाले यसलाई जस्वन पर्यत्न र निरन्तर रुपमा चलिरहने प्रक्रियाको रुपमा लिइन्छ । जीवनलाई सफल रुपमा निर्वाह गर्नका लागि अहिलेको अव्श्थामा गुण्स्तरीय शिक्षाको अपरिहार्यता छ ।व्यक्तिले शिक्षा आर्जन गरे पश्चात स्वालम्वी, अनुशासित,आदर्श र चरित्रवानवन्नु अति आवश्यक छ । व्यक्तिलाई आत्मनिर्भर, आत्मसम्मान र सिपयुक्त वनाई देश निमार्णका लाथि सक्षम नागरिक उत्पादनमा केन्द्रित हुनु पर्दछ ।

### ३.१०.२ वर्तमान अवस्था तथा चुनौतीहरु :

1. आवश्यक प्राविधिक दक्ष जनशक्तिको अभाव
2. विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दीको अभाव
3. पेशा प्रति सम्पर्ण भावनाको अभाव
4. विपत तथा माहामारीको समयमा शिक्षाको चैन श्रृंखला टुट्नु
5. नतिजाको आधारमा दण्ड र पुरस्कारको व्यवश्था नगरिनु

### ३.१०.३ उद्धेश्यहरु

1. आवश्यक प्राविधिक दक्ष जनशक्तिको व्यवश्था गर्ने
2. विद्यार्थी संख्याको आधारमा शिक्षकको व्यवश्था मिलाउने
3. विषयगत शिक्षकको व्यवश्थामा पहल गर्ने
4. पेशाप्रति समपर्ण भावनाको विकासमा जोड दिने
5. विपदको समयमा शिक्षालिने लिदने व्यवश्था मिलाउने
6. नतिजाको आधारमा पुरस्कृत गर्ने व्यवश्था मिलाउने

### ३.१०.४ रणनितिहरु

1. विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी मिलाउने
2. विद्यार्थी मूल्याकंन प्रणालीलाई दैनिक जीवनसँग सम्वन्धित गरिने छ ।
3. विद्यालय अनुदान प्रणालीलाई नतिजामा आधारित वनाइने छ ।
4. सहकार्यमूलक, सहभागितामूलक, जीवनोपयोगी शिक्षाको विकासमा विशेष गरी महत्वका साथ कार्यानवयनमा ल्याइने छ ।
5. पेशाप्रति प्रतिवद्ध सिपयुक्त शिक्षकको व्यवश्था गरिने छ ।
6. जस्तोसुकै विपद⁄महामारीको समयमा पनि शिक्षा लिनेदिने श्रृंखलामा निरन्तरता दिइने छ ।
7. विद्यालयको अनुगमन पक्षमा जोड दिइने छ ।

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शैक्षिक वातावरण सुदृढीकरण | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| २ | क्षमता विकास कार्यक्रम | | | | | | | | | |
| ३ | शिक्षक दरबन्दी व्यवस्थापन | | | | | | | | | |
| ४ | अतिरिक्त क्रियाकलाप सञ्चालन | | | | | | | | | |
| ५ | शिक्षक पेसागत सहयोग | | | | | | | | | |
| ६ | प्रशंसा तथा प्रोत्साहन कार्यक्रम | | | | | | | | | |
| ७ | सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रम | | | | | | | | | |
| ८ | परीक्षण तथा अनुसन्धान | | | | | | | | | |
| ९ | सरोकारवालबीच निरन्तर अन्तरक्रिया | | | | | | | | | |
| १० | कार्यसम्पादन परीक्षण | | | | | | | | | |
| ११ | आवधिक समीक्षा तथा प्रतिवेदन | | | | | | | | | |

## ३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच र समावेशी शिक्षा

### ३.१३.१ परिचय

बषौ देखि राज्य र समुदायबाट ठूलो समूह विभेदमा परेको छ जसलाई समाजमा धनी र सम्पन्न अभिजात बर्गकाले शोषण, दमन, अन्याय र अत्याचार, भेदभाव गरिरहेका छन् । संघीय गणतन्त्र नेपालमा पनि कमजोर बर्गले सामाजिक न्याय पाउन सकेका छैनन् । राज्यका हरेक सेवा सुविधाबाट बञ्जित, शोषित, पिडित नागरिकलाई शोषण दमन अन्याय र अत्याचारबाट मुक्ति दिलाउनका लागि शिक्षामा कमजोर बर्गको पहुँच हुनु पर्दछ ।

कमजोर बर्गको विकास नहुनुका विभिन्न कारणहरु रहेका छन् ती मध्ये प्रमुख कारण निम्न बमोजिम छन् ।

1. सामाजिक न्यायमा विभेद
2. शिक्षाको न्यून स्तर
3. मादक पदार्थको सेवन,
4. संगठनको अभाव
5. राजनैतिक सचेतनाको अभाव
6. राज्यका प्रत्येक अंगमा समावेशिताको प्रतिनिधित्व अवलम्बन र कार्यान्वयन नहुनु ।

उपर्युक्त कारणले गर्दा राज्य र समाजमा कमजोर बर्ग अगाडि बढ्न सकिरहेका छैनन् । त्यसैले कमजोर बर्गलाई समाज र राज्यबाट प्रतिष्ठित र सम्मानपूर्वक बाँच्न सक्ने बनाउनका लागि कमजोर बर्गको जिवनस्तर लाई माथि उकास्ने, समानता र समावेसिताको सिद्धान्तलाई ब्यवहारिक रुपमा कार्यान्वयन गर्न सर्वप्रथम शिक्षामा पहुँच पुर्याउनु आवस्यक देखिन्छ । बर्तमान यथार्थ अवस्थालाई ध्यान दिई यस नगरपालिकाले कमजोर बर्गका बालबालिकाहरुको शिक्षामा पहुँच र समान सहभागिता सुनिश्चित गर्नका लागि आफ्नो दश बर्षे योजनामा समावेश गरेको छ । तथापी

यस नगरपालिकाको ११ नम्बर वडामा एउटा पनि माध्यमिक विद्यालय नहुँदा शिक्षामा सहज पहुँच पुर्‍याउन गाह्रो देखिन्छ । त्यसैले बालबालिका र समुदायमा पर्न गएको असरलाई नगर योजनामा समावेश गरि तुरुन्त समाधान गर्नुपर्ने देखिन्छ ।

### ३.११.२ चुनौती र अवसर

#### चुनौती

1. विद्यालय शिक्षामा कमजोर बर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु ।
2. विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरुलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग पुर्‍याउने प्रणालीको प्रभावकारी ब्यवस्थापन गर्नु ।
3. आवस्यक पर्ने स्रोत व्यवस्थापन गर्नु ।
4. विशेष शिक्षाको सुनिश्चितता गर्नु ।
5. विद्यालयको पूर्वाधारलाई छात्रामैत्री  र अपाङ्गमैत्री बनाउनु ।
6. स्रोत कक्षाको सञ्चालन गर्नू तथा ब्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्नु ।

#### अवसर

1. नेपालको संविधान २०७२ मा कमजोर बर्गका बालबालिकाहरुलाई आधारभूत र माध्यमिक शिक्षामा निशुल्क तथा अपाङ्ग बालबालिकाहरुलाई उच्च शिक्षासम्म निशुल्क शिक्षा दिने ब्यवस्था हुनु ।
2. छात्रा र दलित एवं सिमान्तकृत बर्गका बालबालिकाहरुका लागि छात्रवृति प्रदान गरिनु ।
3. आधारभूत तहको कक्षा  १ - ५ सम्मको दिवा खाजाको कार्यक्रम सञ्चालन हुनु ।
4. विद्यालय एवं कक्षाकोठामा विविधता ब्यवस्थापनको पाटो सुदृढ बन्दै जानु ।
5. हरेक पेशामा आरक्षणको ब्यवस्था लागू गरिनु ।

### ३.११.३ लक्ष्य

स्थानीय स्तरमा कमजोर बर्गका बालबालिकाहरुको शिक्षामा पहुँच विस्तार गरि गुणस्तर सुनिश्चित गर्नु ।

### ३.११.४ उद्देश्य

यस योजनाले शिक्षामा कमजोर बर्गको पहुँच पुर्‍याउनको लागि निम्न बमोजिमको उद्देश्य तय गरेको छ :

1. विभिन्न दृष्टिबाट पछि परेका कमजोर ब्यक्तिहरुलाई शिक्षाको अवसर सुनिश्चित गर्न आरक्षण, छात्रवृति, सकारात्मक विभेद, प्राथमिकता, प्रोत्साहनका उपायहरु अवलम्बन गर्ने ।
2. अपाङ्ता भएका बालबालिकाहरुका आवस्यकताको आधारमा विशेष शिक्षाको माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु उपलब्ध गराउनु ।

3. अपाङ्ता भएका बालबालिकाहरुको सिकाइ आवस्यकता पुरा गर्न विशेष शिक्षाको अवसर प्रदान गर्न र जीवनोपयोगी तथा ब्यवसायिक सीप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा अनुकुलन गर्नु ।

### ३.११.५.रणनीतिहरु

यस योजनाले शिखर नगरपालिकामा बसोबास गरेका र शिक्षामा कमजोर बर्गको पहुँच विस्तार गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गर्नेछ ।

1. नगरपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका, आर्थिक रुपले विपन्न, अपाङ्ग, असहाय र दलित बालबालिकाहरुलाई भर्ना गर्ने अभियानलाई स्थानीय राजनितीक दल, बुद्धिजिबीर, समाजसेवी, नगरपालिका तथा गैर सरकारी संस्थाहरुको साझेदारीमा सञ्चालन गरिनेछ ।
2. अपाङगता भएका बालबालिकाहरुको पहिचान लेखाजोखा गरि उचित शैक्षिक अवसरको सृजना गरिनेछ ।
3. आर्थिक रुपले विपन्न, असहाय र अपाङ्ग बालबालिकाहरुलाई प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछन् ।
4. शिक्षण संस्थाहरुमा बहुप्रकारका विपद प्रति सम्बेदनशील भई अपाङ्गमैत्री पूर्वाधारको निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
5. सबै किसिमका बालबालिकाहरुको शिक्षामा पहुँच पुर्याउन आवस्यक नितिगत ब्यवस्था गरिनेछ ।
6. असहाय, अपाङ्ग, द्वन्द्व पीडित, घाइते, बेपत्ता तथा शहिद परिवार एवं कोभिडका कारण अभिभावक गुमाएका बालबालिकाहरुका लागि बिशेष सुविधा तथा अवसर प्रदान गरिनेछ ।

### ३.११.६ उपलब्धि, मुख्य नतिजा

1. शिक्षामा कमजोर बर्गको समतामूलक पहुँच र गुणस्तरको सुनिश्चितता हुनेछ ।
2. नगर क्षेत्रभित्र विद्यालय बाहिर रहेका विभिन्न बालबालिकाहरुका लागि विद्यालय भर्ना गर्ने अभियान सञ्चालन हुनेछ ।
3. विपन्न लक्षित छात्रवृति, स्वास्थ्य केन्द्रमा आधारित स्वास्थ्य परीक्षण र उपचार जस्ता प्रोत्साहनमूलक अभियान सञ्चालन हुने ।
4. शिक्षण संस्थाहरु बहुप्रकारका विपदप्रति संवेदनशील र अपाङ्गमैत्री हुने ।
5. कमजोर बर्गका बालबालिकाहरुको शिक्षामा पहुँच पुर्याउन आवश्यक नितीगत ब्यवस्था हुने ।
6. लक्षित बर्ग विशेष सुविधा तथा अवसरहरु प्रदान गरिने ।
7. विशेष/समावेशी पाठ्यक्रम विकास हुने ।

***प्रमुख क्रियाकलाप र लक्ष्य***

| *क्र.सं.* | *प्रमुख क्रियाकलापहरू* | *इकाइ* | *भौतिक लक्ष्य (५ वर्ष)* | | | | | | *भौतिक लक्ष्य (१० वर्ष)* | *कैफियत* |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | *१* | *२* | *३* | *४* | *५* | *जम्मा* | | |
| *१* | *बालबालिकाहरूको अवस्था पहिचान* | *जना* | *५* | *५* | *५* | *५* | *५* | *२५* | | |
| *२* | *बैयक्तिक आवश्यकता अनुसारका शैक्षिक कार्यक्रम* | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | *विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याउन जनसहभागिता* | | | | | | | | | |
| ४ | *छात्रबृत्ति* | | | | | | | | | |
| ५ | *अपाङ्गता र लैङ्गिकमैत्री शैक्षिक पूर्वाधार* | | | | | | | | | |
| ६ | *प्रोत्साहन कार्यक्रम* | | | | | | | | | |
| ७ | *सिकाइ सामग्री व्यवस्था* | | | | | | | | | |
| ८ | *क्षमता विकास* | | | | | | | | | |
| ९ | *सूचना तथा सञ्चार प्रविधिको प्रयोग* | | | | | | | | | |
| १० | *पाठ्यक्रमको स्थानीयकरण* | | | | | | | | | |

## ३.१२ शिक्षामा सूचना तथा संचार प्रविधि

### ३.१२.१ परिचय :

सामान्यतया, कुनै पनि विषयका बारेमा खबर लिने र दिने प्रक्रियालाई सूचना भनिन्छ । आधुनिक समयमा परम्परागत सूचना प्रणालीको अन्त्य गर्दै नवीन सूचना प्रविधिको विकास भइसकेको छ । विशेष गरी आधुनिक समयमा इन्टरनेट , कम्प्युटर , मोबाइल, भिडियो कन्फेरेन्स आदिलाई प्रयोग गरी सूचना आदान प्रदान गरिने कार्यको विकास भइरहेको छ । वर्तमान समयमा सुचना तथा संचार प्रविधि वाट शिक्षण क्रियाकलापमा निकै सहज भएको छ साथै सिकाईको पहुँच, सुनिश्चितता र गुणस्तरमा वृद्धि भएको छ । विश्व प्रतिष्प्रधी, श्रमबजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाई सामग्रीको प्रयोगमा पहुँच वढाउन र शैक्षिक प्रशासन एवम व्यवस्थापनलाई सुदृढ तुल्याउन सूचना तथा सञ्चार प्रविधिको वढावा गर्नु अपरिहार्य रहेको छ । नेपालमा सर्वप्रथम २०६७ सालमा सूचना प्रविधि नीति र विद्यालय शिक्षामा सुचना र प्रविधिको प्रयोग निर्देशिका २०६९ जारी भएको थियो । जस अनुसार वर्तमान समयमा प्राय: सबै जसो विद्यालयमा क्ष्ऋत को प्रयोग वाट शिक्षण सिकाई क्रियाकलापलाई अगाडी बढाईरहेका छन । सूचना प्रविधिको महत्वलाई मध्यनजर गरि डोटी जिल्लाको शिखर न.पा.ले पनि शिक्षाको क्षेत्रमा सुचना र प्रविधिको विकास गर्नका लागि १० वर्षे रणनीतिक योजना तयार गरेको छ ।

### ३.१२.२ बर्तमान अवस्था

सूचना तथा सञ्चार प्रविधि नीति २०७२, ले सूचना सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षा तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना कार्यान्वयन गर्ने उल्लेख गर्ने भनेको छ । यस्तै, डिजिटल नेपालको कार्य ढाँचा २०७६, ले विद्यालय तथा क्याम्पसहरुमा शिक्षा तथा सूचना प्रविधि शिक्षा, जियो–स्प्यासल र जि.आइ.एस. ९न्भयकउबतष्बरिन्क्ष्क० शिक्षा प्रदान गर्ने, शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ । नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धक नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि नीतिहरु उल्लेख गरेको छ । उक्त नीतिमा सबै

विद्यालयमा सूचना तथा प्रविधि सम्बन्धी संरचना तयार गर्ने,इन्टरनेटको पहुँच पुऱ्याउने तथा सीपयुक्त जनशक्ति तयार पार्ने व्यवस्था गरेको छ। सूचना प्रविधिको प्रयोगबाट कामहरु छिटोछरितो, कम खर्चिलो र भ्रष्टाचार मुक्त हुने तथा चुस्त प्रशासन हुने गर्दछ।

शिखर नगरपालिकाका सम्पूर्ण माध्यमिक विद्यालयमा इन्टरनेटको सुविधा विस्तार तथा अधिकांस मा.वि.मा कम्प्युटर ल्याब र क्ष्न्त ल्याबको व्यवस्थापन भएको र आधारभूत विद्यालयमा क्ष्न्त तथा इन्टरनेटको सुविधा विस्तार भई राखेको छ। शिखर न.पा.का सामुदायिक विद्यालयहरुमा आधारभूत तह कक्षा ६ देखि ऐच्छिक विषयको रुपमा कम्प्युटर विषयको पठनपाठनको गरिएको छ। माध्यमिक तहका विद्यालयहरुमा प्रोजेक्टरको माध्यमले शिक्षण सिकाईमा प्रयोगको सुरुवाती गरिएको छ। आधारभूत विद्यालयहरुमा समेत कम्प्युटर ल्यावको स्थापनमा जोड दिइएको छ। विद्युत सुविधा पुगेका सबै मा वि हरुमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था समेत गरिएको छ।

**प्रमुख समस्या :**

1. आधारभूत संरचना विद्युत ,कम्प्युटर,प्रोजेक्टर तथा इन्टरनेटको समस्या तथा अभाव।
2. मा वि तहमा कम्प्युटर ल्यावको व्यवस्था गरिए पनि सबै विद्यार्थीलाई एकै पटक प्रयोगात्मक कार्यका लागि पुग्ने गरी क्षमता विकास गर्न सकिएको छैन।
3. विद्यालयहरुमा प्रविधिसँग साक्षात्कार गर्न सक्ने जनशक्ति र इच्छाशक्तिको अभाव तथा उपलव्ध स्रोत साधनहरुको पनि अधिकतम प्रयोग गर्न नसकिरहेको अवस्था भेटिन्छ।
4. भौगोलिक विकटता तथा आर्थिक अभाव।
5. इन्टरनेटको पहुँच सबै वडाका विद्यालयमा नहुनु।
6. प्रविधि सम्बन्धि ऐन नियम कानुनको अभाव।

## ३.१२.३ उदेश्य

1. सामुदायिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच वृद्धि गर्न।
2. सिकाईको गुणस्तर तथा सक्षमता वृद्धि गर्न।
3. स्थानीय ज्ञान सिपको विकास गर्न।
4. शिक्षामा नविनत्म प्रविधि मार्फत शैक्षिक स्रोत सामाग्रीको खोजी गरी शिक्षण गर्न।
5. विशेष परिस्थतिमा सुचना प्रविधि मार्फत शिक्षण सिकाई क्रियाकलाप लाई निरन्तरता दिन।
6. विद्यालयहरुमा सुचना प्रविधिको पहुँचको सुनिश्चितता गर्न।

## ३.१२.४ रणनीति र कार्यनीति :

1. ICT का पूर्वाधारहरु विद्युत,कम्प्युटर तथा इन्टरनेट प्रत्येक विद्यालयमा जडान गरिने छ।
2. प्रत्येक विद्यालयमा आधुनिक सुचना प्रविधिका साधनहरु उपलब्ध गराइ सूचना प्रविधिको पहुँचमा बृद्धि गरिने छ।
3. विद्यालयमा आधुनिक सुचना प्रविधिको प्रयोग गरि सिकाईको गुणस्तरमा वृद्धि गरिने छ।

4. सबै विद्यालयमा Internet सेवाको विस्तार गरि E-library तथा ICT ल्याबको स्थापना गरिने छ ।
5. आधुनिक सुचना प्रविधिका बारेमा सम्पुर्ण विद्यालयका सबै शिक्षकलाई तालिमको व्यवस्था गरि प्रविधिमैत्री जनशक्ति तयार गरिने छ ।
6. शैक्षिक व्यवस्थापन प्रणाली सुदृढीकरण गरि तथ्याङ्कहरु व्यवस्थापन गरिने छ ।

### ३.१२.५ अपेक्षित उपलव्धि र प्रमुख क्रियाकलापहरुः

#### क) अपेक्षित उपलब्धि

1. सबै मा वि तथा आधारभूत (६-८) विद्यालयहरुमा कम्प्युटर ल्याव र प्रोजेक्टरको माध्यमले शिक्षण सिकाई हुनेछ ।
2. प्रविधिमैत्री जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
3. माध्यमिक विद्यालयहरुमा वेभसाइट, प्रोटल र विद्युतिय पुस्तकालय (Digital Library) को व्यवस्था गरिएको हुनेछ । आधारभूत विद्यालयहरुमा समेत इन्टरनेट सुविधा उपलव्ध भएको हुनेछ ।
4. सूचनामा आधारित शैक्षिक प्रणाली IEMIS को अधिकतम प्रयोग हुनेछ ।

#### ख) प्रमुख क्रियाकलापहरु

1. विद्यालयहरुमा कम्प्युटर, प्रोजेक्टर र इन्टरनेट, स्मार्ट बोर्डको पहुँच तथा जडान र भर्च्युअल लर्निङको व्यवस्था गरिने छ ।
2. सम्पूर्ण माध्यमिक तथा आधारभूत( ६-८) विद्यालयमा इन्टरनेट जडान गरि ICT ल्याबको स्थापना गरिने छ ।
3. सूचना प्रविधिको प्रयोग गरि शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्ने, सिकाई सामग्रीमा पहुँच बढाउने, शैंक्षिक प्रशासन एवम व्यवस्थापनलाई प्रभावकारी र सक्षम बनाउदै लैजाने ।
4. विद्यालयमा कार्यरत जनशक्तिको क्षमता विकास तथा उपयोगका लागि शिक्षकहरुलाई सूचना तथा सञ्चार प्रविधि बारे प्रशिक्षित गर्ने र "एक शिक्षक एक ल्यापटप" कार्यक्रममा नगरपालिकाले साझेदारी कार्यक्रम गर्ने छ ।
5. शैक्षिक व्यवस्थापन प्रणाली सुदृढीकरण गर्न माध्यमिक विद्यालयहरुमा वेभसाइट, पोर्टल र विद्युतिय पुस्तकालय (Digital Library) स्थापना र प्रणालीको सुदृढिकरण तथा उपयोग ( छात्रवृत्ति, नतिजा, सिकाई उपलब्धि) गर्ने ।
6. शैक्षिक तथ्याङ्कहरु आर्थिक क्रियाकलाप तथा सिकाई क्रियाकलाप सूचना प्रविधिको माध्यमबाट हुनेछन् ।
7. बालबालिकाहरुको सिकाईलाई प्रवर्द्धन गर्न मोबाइल एप्स (Mobile Apps) तयार गर्ने ।

| क स | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | एउटा पनि कम्प्युटर, प्रिन्टर, प्रोजेक्ट, इन्टरनेट, स्मार्ट बोर्ड नभएका सबै विद्यालयहरुलाइ उपलब्ध गराउने | पटक | | १ | | | | १ | २ | |
| २ | प्रत्येक विद्यालयमा इन्टरनेटको व्यवस्था गर्ने | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ५ | २२ | |
| ३ | सबै शिक्षकहरुलाइ प्रविधिको प्रयोग सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | ५ | |
| ४. | विद्यालयमा ICT का सबै किसिमका संरचना विस्तार गर्ने | विद्यालय | | १० | १० | १० | १० | १० | १४ | |
| ५ | CEHRD को Learning Portal र अन्य Onlile Platform प्रयोग गर्न शिक्षकहरुलाइ तालिमको व्यवस्था गर्ने | शिक्षक | ५० | ५० | ५० | ५० | ५० | ५० | ३०० | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरुलाइ कम्प्युटर कक्षा संचालन गर्न लगाउने । | CLC | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| | IEMIS, EMAIL र पालिकाको Website लाइ व्यवस्थित गर्ने | पटक | १ | | | | | | | |
| | सबै शिक्षकहरुलाइ सबै विषयका | पटक | १ | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यक्रम, शिक्षक निर्देशिका र अन्य स्रोत सामग्रीहरु Soft Copy मा उपलब्ध गराइ अध्ययन गर्ने वातावरण बनाउने | | | | | | | | | |
| | बालबालिकाहरुका लागि Mobile App को व्यवस्था गरी प्रयोगमा ल्याउने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| | एक शिक्षक एक ल्यापटप कार्यक्रम प्रयोगमा ल्याउने । | शिक्षक | | १० | १० | १० | १० | १० | ५० | |

### ३.१३ शैक्षिक समता र समावेशीकरण

### ३.१३.१ परिचयः

नेपाल सामाजिक सांस्कृतिक रुपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरुको बसोबास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रुपमा लिने गरिन्छ भने अर्कातिर एतिहासिक रुपमा यहि भिन्नताका आधारकमा सामाजिक विभेदर बञ्चितिकरण परेको समुदायहरु पनि छन । उदाहरणका दलित तथा सीमान्तकृत समुदाय , नेपाली वाहेक अन्य मातृभाषी समुदाय, अल्पसंख्यक सांस्कृतिक समुदायहरु ऐतिहासिक रुपमा सामाजिक, आर्थिक तथा शैक्षिक बञ्चितिकरण पर्न गई अहिलेसम्म पनि यस्तो अवस्था देखिने गरेको छ । भौगोलिक क्षेत्रगत, आर्थिक स्तर तथा लैङ्गिक भिन्नताको प्रभावपनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैगरी विभिन्न किसिमका अपाङ्गता भएका बालवालिकाहरु त्था कठिन परिस्थितिमा रहेका बालवालिकाहरुमा शिक्षाको पहुँच पुर्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ ।

विविधतालाई पहिचान दिनु , सम्मान गर्नु , एकअर्कामा साटासाट गरि मनाउनु, ब्यक्तीगत विभिन्नताको कदर गरी विभिधतालाई प्रोत्साहन गनु आवश्यक छ । वालवालिकामा भएका उल्लिखित लगायतका भिन्नताले पहुँच, सहभागीता तथा नतिजामा फरक नपर्ने अवस्था सृजना गरी समता कायम गर्नु आवश्यक छ । शिक्षामा विविधता ,समता, र समावेशिता प्रवर्धन गरी सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपुर्ण र अत्यावश्यक छ । विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुच पुर्याई अर्थपुर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चिता गर्नका लागि यसका कारण तथा बाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ ।

### ३.१३.२ वर्तमान अवस्था :

नेपालको शिक्षामा वालिका तथा महिलाहरु र अपाङ्‌गता भएकाहरुका लागि केहि विशेष प्रवन्ध स्वरुप वि.सं. २००४ सालमा छात्राहरुका लागि छुट्टै विद्याश्रमको स्थापना , वि.सं. २०२१ म लेब्रोटरी स्कुलमा दृष्टिविहिन बालवालिकाका लागि एकिकृत विद्यालय शिक्षा प्रारम्भ सञ्चालित छ । त्यसै गरी वि.सं. २०२५ मा खगेन्द्रबहादुर बस्नेतको अगुवाईमा सुरुभएको नेपाल अपाङ्‌ग अन्ध सघं, पुरुष र महिला आवास गृह सुरुवात भएको थियो । शिक्षा नियमावली २०२८ अनुरुप २030 सालमा विशेष शिक्षा परिषद् गठन भई अपाङ्‌गता भएकाहरुको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ ।

उल्लिखित विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरिएको छ ।

१. सबै किसिमका अपाङ्‌गता भएकाहरुका लागि शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

२ लक्षित समुह महिला, दलित, जनजाति,आर्थिकरुपले विपन्न ब्यक्तिहरुका वालवालिकाहरुलाई शिक्षामा समतामुलक पहुँच पुर्याई विद्यालय शिक्षामा टिकाइ राख्ने ।

३.पाठ्यक्रम, पाठ्यसामाग्री,शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गर्ने ।

### ३.१३.३ उदेश्यहरु

१ लक्षित समुह महिला, दलित, जनजाति,आर्थिकरुपले विपन्न ब्यक्तिहरुका वालवालिकाहरुलाई शिक्षामा समतामुलक पहुँच पुर्‍याउने ।
२ पाठ्यक्रम, पाठ्यसामाग्री,शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाइ वालमैत्रि बनाउने ।
३ विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता गर्ने ।

### ३.१३.४ रणनितिहरु

१. स्थानिय तहमार्फत् घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रवन्ध मिलाइनेछ ।
२.आवश्यकतानुसार पोशाक,स्टेसनरी तथा सिकाइ सामाग्रीका लागि छात्रवृत्ति उपलब्धगराइने छ ।
३.विद्यालयका गतिविधिमा समावेशी सहभागीताको प्रबन्ध गरिने छ ।
४.औपचारिक विद्यालय शिक्षाबाट बञ्चितिमा परेका लक्षित समुहका वालवालिकाहरुको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र , गैर सरकारी संघ संस्था,निजि क्षेत्र र औपचारिक विद्यालयहरुलाई सहभागी गराइने छ ।

### ३.१३.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

विद्यालय तहको शिक्षामा समतामुलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

#### ख) नतिजा

१ लक्षित समुह महिला, दलित, जनजाति,आर्थिकरुपले विपन्न ब्यक्तिहरुका वालवालिकाहरुलाई शिक्षामा समतामुलक पहुँच हुने ।
२. लक्षित समुह महिला, दलित, जनजाति,आर्थिकरुपले विपन्न ब्यक्तिहरुका वालवालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसर पाउने छन् ।
३. विद्यालयका गतिविधिमा समावेशी सहभागीताको प्रबन्ध हुने ।

### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क स | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानिय तहहरुमा व्यक्तिको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने । | पटक | | १ | | | | १ | २ | |
| २ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरु तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ३ | विद्यालय बाहिर रहेका सबै बालवालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ४. | आधारभुत तह सम्मको शिक्षा मातृभाषामा पाउने व्यवस्था गर्ने तथा मातृभाषका पाठ्यपुस्तक विकास तथा निर्माण गर्ने | पटक | | १ | | | | १ | २ | |
| ५ | विद्यालयमा कुनै पनि प्रकारका विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न यस सम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना | पद्धति निमार्ण | | १ | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने । | | | | | | | | | |
| ६ | औपचारिक विद्यालय शिक्षाबाट बञ्चितिमा परेका लक्षित समुहका वालवालिकाहरुको शिक्षा पाउने हकको सुनिश्चिततताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र , गैर सरकारी संघ संस्था,निजि क्षेत्रबिच जवाफदेहिता सहितको कार्यगत समन्वय गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | |

## परिच्छेद ४: संस्थागत संरचना र क्षमता विकास

### ४.१ परिचय

हाल शिक्षा क्षेत्रको संरचना हेर्दा संघ अन्तरगत शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय,शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाई त्यसैगरी प्रदेश अन्तर्गत-सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र तथा सामाजिक विकास कार्यालय र स्थानीय तहमा सामाजिक विकास समिति अन्तरगत शिक्षा,युवा तथा खेलकुद शाखा रहेको छ । यस शिखर नगरपालिकामा ६४ वटा सामुदायिक विद्यालय जस मध्ये २ वटा प्राविधिक विद्यालय, १० वटा संस्थागत विद्यालय, ५ वटा सामुदायिक सिकाइ अध्ययन केन्द्र, ७० वटा बालविकास केन्द्रहरु मध्ये २२ वटा समुदायमा आधारित र ५० वटा विद्यालयमा आधारित बाल विकास केन्द्र रहेका छन् । प्रत्येक बाल विकास केन्द्र र विद्यालयहरूमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था गरिएकोछ । यस शिखर नगरपालिकाले विद्यालयको भौतिक पूर्वाधार विकास, शिक्षकको क्षमता विकास, बालबालिकाहरूका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन, सूचना सञ्चार प्रविधिका उपकरणको विस्तार र प्रयोग, विद्यार्थी सिकाइ सहजीकरण मूल्याङ्कनमा आधुनिकता र एकरूपता, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास र उत्तरदायित्व बोध तथा सरोकारवाला हरूलाई सक्रिय बनाइ विद्यार्थी सिकाइमा जिम्मेवार बनाउने गरी कार्यक्रम अगाडी बढाइ रहेकोछ ।

शिखर नगरपालिकाले शिक्षा क्षेत्रको समग्र क्षमता विकासका लागि संघीय र प्रदेश सरकारको सहकार्यमा देहाय बमोजिमका कार्यक्रमहरु प्राथमिकतामा राखेको छ :

1. विद्यालय तहवाट आवश्यकता महसुस भएका कुराहरुलाई प्राथमिकतामा राखि कार्यान्वयन गर्ने ।
2. समय समयमा प्रधानाध्यापक क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने । प्रधानाध्यापक छनौटमा आधुनिक सूचना सञ्चार प्रविधिको ज्ञान बाफत पनि अङ्क भारको विभाजन गरी गरी कार्यन्वयनमा ल्याइने ।
3. निर्धारित सूचकहरूका आधारमा विद्यालयको तथ्याङ्क संकलन र विश्लेषण गरेर शैक्षिक सुधार सहयोग योजना बनाइ कार्यान्वयन गर्ने ।
4. विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकास तालिमको व्यवस्था गरि विद्यालयमा सुशासनको प्रत्यभूति दिने ।
5. नयाँ बन्ने भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री वातावरणमैत्रि र दिगो विकासका अवधारणा अनुरूप विकास गर्ने ।
6. शिक्षक अभिभावक संघबाट विद्यालयको समग्र पक्षको विकास गराउन शिक्षक अभिभावक संघलाई प्राविधिक सहयोग उपलब्ध गर्ने।
7. हाम्रो विद्यालय राम्रो विद्यालय कार्यक्रम सञ्चालन गरी विद्यालय भित्र र समुदायमा शैक्षिक अनुकूल वातावरण तयार गर्ने गाँउपालिका भरिका वुद्धिजीवि नागरिक समाजको परिचालन गर्ने।
8. संस्थागत विकासका लागि स्थानीय प्रदेश र संघीय सरकारको मुख ताक्ने प्रवृतिको अन्त्य गर्दै आफ्नो विद्यालय आफै बनाऔं अभियान सञ्चालनमा ल्याइने ।

9. विद्यालयको सर्वपक्षीय विकासका लागि शैक्षिक जागरण अभियान सञ्चालन गर्ने र यसका लागि अभिभावकहरूलाई अग्रपङ्क्तिमा राख्ने ।
10. विद्यालयका सम्पूर्ण जिन्सी समानहरुको अभिलेख तयार गरी प्रत्येक चिजको सुरक्षाका लागि व्यवस्थापन समितिलाई जवाफदेही बनाउने ।
11. नगरपालिकाको शिक्षा शाखालाई साधनस्रोत सम्पन्न वनाउने ।
12. विद्यालयहरुको मागका आधारमा आवश्यक शैक्षिक समाग्री तथा अन्य व्यवस्थापन गर्ने ।
13. नतिजा केन्द्रित हुने गरी क्षमता विकासका कार्यक्रम अगाडी वढाउने ।
14. बालबालिका संग मेयर कार्यक्रम कार्यान्वयन गरि बालबालिकाको क्षमत विकास गरिनेछ .
15. प्रौढ महिला संग उप मेयर कार्यक्रम जोडी हरेक संघ संस्थाहरुमा महिला सशस्क्तीकरणका लागि विशेष कार्यक्रम अघी बढाइनेछ .
16. एक वडा एक नमूना विद्यालय कार्यक्रम कार्यान्वयन गरिनेछ .
17. प्रत्येक विद्यालयका सम्पूर्ण गतिविधि एवम् क्रियाकलापहरुलाई चुस्तदुरुस्त राख्न विद्यालयका कर्मचारी हरुलाई व्यवस्थापकीय तालिम उपलब्ध गराइनेछ ।

***४.२ वर्तमान अवस्था***

***४.३ लक्ष्य***

***४.४ उद्देश्य***

***४.५ रणनीतिहरू***

***४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य***

***उपलब्धि:***

***प्रमुख नतिजा:***

***प्रमुख क्रियाकलाप र लक्ष्य:***

| *क्र.सं.* | *प्रमुख क्रियाकलापहरू* | *इकाइ* | *भौतिक लक्ष्य (५ वर्ष)* | | | | | | *भौतिक लक्ष्य (१० वर्ष)* | *कैफियत* |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | *१* | *२* | *३* | *४* | *५* | *जम्मा* | | |
| *१* | *आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास* | | | | | | | | | |
| *२* | *संस्थागत संरचना निर्माण तथा क्षमता विकास* | | | | | | | | | |
| *३* | *प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण* | | | | | | | | | |
| *४* | *कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने* | | | | | | | | | |
| *५* | *शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन* | | | | | | | | | |
| *६* | *स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन* | | | | | | | | | |
| *७* | *अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने* | | | | | | | | | |
| *८* | *विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारीसम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने* | | | | | | | | | |

# परिच्छेद ५: लगानी र स्रोतव्यवस्थापन

## ५.१ परिचय

सामाजिक रुपान्तरणका लागि शिक्षामा लगानी लगाउनु पहिलो शर्त जस्तै हो । शिक्षामा हुने लगानीले सबै क्षेत्रकालागि पूर्वाधार तयार गर्दछ। सुसंस्कृत समाज र सभ्य नागरिक तयार भए पछि मात्रै राष्ट्रको सर्वाङ्गिण विकास सम्भव हन्छ। भविश्यमा दक्ष जनशक्ति तयार गर्नका लागि शिक्षा क्षेत्रमा लगानी वढाउनु पर्दछ । शिक्षामा लगानीको प्रभाव दीर्घकालिन हुन्छ तर त्यसले दिने प्रतिफल सर्वपक्षीय रुपमा फलदायी हुन्छ । समाजलाइ गोरेटो देखाउने काम शिक्षाले गर्दछ भने समाजका सबै पक्षले शिक्षामा प्रभाव पारेका हुन्छ । शिक्षा सम्बन्धि भएका कानूनी प्रावधानहरुले पनि शिक्षामा लगानी वढाउनु पर्छ भन्ने कुराको सिफारिस गरे पनि नेपालमा शिक्षामा लगानी बढेको भने देखिदैन। आधारभूत तथा माध्यमिक शिक्षालाइ संविधानतः निशुल्क भने पनि शुल्क र पाठ्यपुस्तकका लागि मात्र निशुल्क गरिएको छ। निशुल्क शिक्षालाइ स्पष्ट रुपमा परिभाषित गर्न सकिएको छैन। शिक्षामा राज्यले मात्र लगानी लगाएर शैक्षिक उन्नयन सम्भव छैन। सबै तहका सरकारका साथसाथै समुदाय र व्यक्तिले पनि शिक्षामा लगानी बढाउनु जरुरी छ। यस परिच्छेदमा शिक्षामा राज्यको लगानी, यस शिखर नगरपालिकाबाट शिक्षाको सुधारका लागि भएका प्रयास, अवको उद्देश्य र रणनीतिहरु उल्लेख गरिएको छ।

## ५.२ वर्तमान अवस्था

नेपालले शिक्षामा लगानी वढाउनु पर्छ भन्ने मान्यता राखी विभिन्न अन्तराष्ट्रिय दस्तावेजहरुमा हस्ताक्षर गरेको छ । संविधान देखि ऐन, नियमावलीहरुमा पनि शिक्षा लगाउनु पर्ने लगानीको बढोत्तरी दिनु पर्छ भन्ने छ। विभिन्न आयोगका प्रतिवेदनहरुले कम्तिमा २० प्रतिशत हुनै पर्छ भन्ने कुराको सिफारिस गरेको छ। यति हुदा हुदै पनि शिक्षामा यथेस्ट रुपमा लगानी बढेको देखिदैन। स्थानीय सरकारहरुको प्राथमिकतामा पनि शिक्षा क्षेत्र पर्न सकेको छैन । शिक्षालाइ तीनै तहका सरकारहरुको साझा अधिकार क्षेत्रमा राखिए पनि लगानी लगाउने बेला एकले अर्काको मुख हेर्ने प्रणाली विकास भएको देखिन्छ। चुनावी माहोलमा शिक्षामा लगानी बढाउने घोषणापत्रहरु प्रसस्त मात्रामा पढ्न मिले पनि चुनाव जिते पछि ती घोषणापत्रहरु कार्यान्वयनमा आएको सुन्न नपाइने अवस्था छ। हाल सम्म संघीय सरकारको बजेट हर्दा शिक्षामा लगानी १० प्रतिशतको आसपास नै देखिन्छ। र स्थानीय तहहरुको ५ प्रतिशत भन्दा कम देखिन्छ। शिक्षामा सबै तहहरुको उदासिनता नै देखिन्छ। समुदाय तथा व्यक्तिको सामुदायिक शिक्षामा लगानी झन घट्दोक्रममा देखिन्छ। यसरी अपेक्षाकृत उपलब्धि हासिल गर्न सकिदैन।

विगत पाँच वर्षको संघीय र शिखर नगरपालिकाको बजेट हेर्दा यसप्रकार रहेको छ।

| आर्थिक वर्ष | संघीय बजेट | | शिखर नगरपालिकाको बजेट | | कैफियत |
|---|---|---|---|---|---|
| | शिक्षामा बजेट रु हजारमा | कुल बजेतको शिक्षामा प्रतिशत | शिक्षामा बजेट रु हजारमा | कुल बजेतको शिक्षामा प्रतिशत | |
| २०७३/७४ | ११६३६००० | ११.१ | | | |
| २०७४/७५ | १२६६४००० | ९.९ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७५/७६ | १३४५१००० | १०.२ | | | |
| २०७६/७७ | १६३७६००० | १०.६ | ७००० | २.८ | |
| २०७७/७८ | १७१७१००० | ११.७ | १०००० | ४ | |

वर्तमान परिपेक्ष्यमा शिक्षामा लगानीको हकमा रहेका चुनौतीहरु यस प्रकार रहेका छन ।

१. नीति तथा कानून बमोजिम शिक्षा क्षेत्रमा लगानीको सुनिश्चितता गर्नु
२. नगर कार्यपालिकालाई शिक्षामा लगानी गर्न जिम्मेबार बनाउनु
३. विद्यालयमा रहेको भौतिक तथा शैक्षिक सामग्रीहरु व्यवस्थापनका लागि बजेट व्यवस्था गर्नु,
४. शिक्षालाई व्यावसायिक र प्राविधिक बनाउनु,
५. शिक्षामा विभिन्न संघ सस्थाहरु र निजी क्षेत्रलाइ लगानी लगाउने वातावरण बनाउनु
६. शैक्षिक जनशक्तिहरुको क्षमता अभिवृद्धि गर्नु
७. शिक्षा क्षेत्रमा वित्तिय अनुशासन कायम गर्नु
८. सबै वर्गको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु

## ५.३ उद्धेश्य

यस शिक्षा योजनाको शिक्षामा लगानीका सन्दर्भमा देहाएबमोजिमका उद्धेश्यहरु राखिएका छन ।

१. १० वर्षका लागि शिक्षामा लाग्ने लगानीको अनुमान गर्नु,
२. गुणस्तरीय शिक्षाका मुलभूत पक्षहरुको पहिचान गरी सो को लागि वित्तीय व्यवस्थापन गर्नु
३. शिक्षामा लगानी वृद्धि गर्नका लागि व्यवस्थित योजना तयार गर्नु
४. शिक्षामा हुने खर्चको प्रक्रिया, भूमिका र दायित्व स्पष्ट पार्नु

## ५.४ रणनीतहरु

यस योजनाको वित्तीय व्यवस्थापनको लागि देहाएबमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. शिक्षामा बजेटको उचित व्यवस्थापन गर्न बजेट निमार्ण प्रक्रियालाइ समाबेशी बनाइने,
२. नगर कार्यपालिका र नगर सभालाई शिक्षा क्षेत्र प्राथमिकतामा राखी कम्तिमा २० प्रतिशत शिक्षामा लगानी लगाउन प्रोत्साहित गर्ने
३. विद्यालयहरुका मुख्य समस्याहरुको पहिचान गरी प्राथमिकताका आधारमा बजेटको सुनिश्चितता गरी कार्यान्वयन गर्ने ।
४. विद्यालयमा रहेको दरबन्दी अभावको समस्या समाधान गर्न नगरपालिकाको श्रोत बाट शिक्षक व्यवस्थापन गरिने ।
५. शिक्षकहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु ल्याउने र व्यवस्थित अनुगमनको संयन्त्र विकास गर्ने
६. शिक्षकहरुको तलब भत्ता मासिकरुपमा निकासा गर्ने व्यवस्थाको थालनी गर्ने,
७. प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात गर्न यथेस्ट बजेटको व्यवस्था गर्ने
८. विद्यालयको भौतिक पक्ष सुधारका लागि संघीय, प्रदेश सरकार र संघ संस्थाहरुसंग समन्वय गर्ने ।
९. विद्यालयमा प्रदान गरिने अनुदानको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण तयार गर्ने
१०. विद्यालयको लेखा प्रणालीलाइ सफ्टवयरमा आधारित बनाउने

११. शिक्षा क्षेत्रको वित्तीय अनुशासन कायम गर्न सम्बन्धित सरोकारवालाहरुलाइ जिम्मेवार बनाउने ।

## ५.५ प्रस्तावित कार्यक्रम तथा बजेट

शिक्षा क्षेत्र आफैमा बृहत क्षेत्र भएकाले सोही अनुरुपको लगानी लगाउनु जरुरी हुन्छ । विद्यालयका सबै पक्षहरु एक अर्का संग अन्तरसम्बन्धित भएकाले सबै पक्षको सन्तुलित विकासले मात्र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सकिन्छ । विद्यालयको भौतिक निमार्ण देखि क्षमता विकासका कार्यक्रमहरुमा समेत बजेट आवश्यक पर्ने भएकाले शिक्षा क्षेत्रमा यथेस्ट बजेटको आवश्यकता पर्दछ । तुलनात्मक रुपमा शिक्षाको बजेट बढी देखिए पनि संघीय सरकार देखि स्थानीय सरकार सम्म कुनै पनि सरकारले शिक्षामा नीतिगत व्यवस्था अनुसार बजेट छुट्याउन नसकिरहेको अवस्थामा गुणस्तरीय शिक्षा प्रदान गर्न सकस परिरहेको छ । सबै तहका सरकारहरु शिक्षा क्षेत्रमा लगानी लगाउन तत्पर नभए सम्म शैक्षिक सुधार सम्भव छैन । शिक्षालाइ एकाइसौं शताव्दी सुहाउदो बनाउन शिक्षामा लगानीको एकदमै बढोत्तरी जरुरी छ । प्रविधिमैत्री शैक्षिक प्रणाली विकास नभए सम्म शिक्षाले एकाइसौं शताव्दीका मागहरु सम्बोधन गर्न नसकिने भएकाले शिक्षामा प्रविधिकरण अपरिहार्य भैसकेको छ । आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क हुने संबैधानिक व्यवस्था भइ सके पछि सो को पूर्ण कार्यान्वयनका लागि र निशुल्क शिक्षा लाइ पूर्ण रुपमा निशुल्क गर्न शिक्षामा लगानी बृद्धि गर्नुको विकल्प छैन । विद्यालयका विविध पक्षहरु, शिक्षकको क्षमता अभिवृद्धि र बालबालिकाको सहभागिता सहितको गुणस्तरीय शिक्षाका लागि योजनावद्ध तरिकाले शिक्षामा लगानी बढाउनु जरुरी छ । यस शिखर नगरपालिकाले शिक्षामा हुने लगानीलाइ व्यवस्थित बनाउन र आगामी १० वर्ष भित्र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न देहायबमोजिम शिक्षामा लगानी लगाउने छ ।

| शिखर नगरपालिकाको शिक्षा क्षेत्रमा आगामि १० वर्षको लागी प्रस्तावित बजेट (२०७८/७९-२०८७/८८) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र स | उप क्षेत्र | आर्थिक वर्षहरु र प्रस्तावित बजेट रु हजारमा | | | | | | | | | | कैफियत |
| | | ७८।७९ | ७९।८० | ८०।८१ | ८१।८२ | ८२।८३ | ८३।८४ | ८४।८५ | ८५।८६ | ८६।८७ | ८७।८८ | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | १६५०० | १७५०० | १८५००० | १९५०० | २०५०० | २१५०० | २२५०० | २३५०० | २४५०० | २५५०० | |
| २ | आधारभुतशिक्षा | १२५००० | १२६००० | १२७००० | १२८००० | १२९००० | १३०००० | १३१००० | १३२००० | १३३००० | १३४००० | |
| ३ | माध्यमिकशिक्षा | ४०००० | ४१००० | ४२००० | ४३००० | ४४००० | ४५००० | ४६००० | ४७००० | ४८००० | ४९००० | |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ३००० | ३२०० | ३५०० | ४००० | ४५०० | ५००० | ५५०० | ६००० | ६५०० | ७००० | |
| ५ | पाठ्यक्रमर पाठ्यसामग्री | १००० | ११०० | १२०० | १३०० | १४०० | १५०० | १२०० | १३०० | १४०० | १५०० | |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ४०० | ४१० | ४२० | ४३० | ४४० | ४५० | ४६० | ४७० | ४८० | ४९० | |
| ७ | विद्यालयव्यवस्थापन | १०० | ११० | १२० | १३० | १४० | १५० | १६० | १७० | १८० | १९० | |
| ८ | अनौपचारीक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा | ३५० | ३६० | ३७० | ३८० | ३९० | ४०० | ४१० | ४२० | ४३० | ४४० | |
| ९ | गुणस्तरीय सार्वजनिक शिक्षा | ३०० | ३१० | ३२० | ३४० | ३५० | ३६० | ३७० | ३८० | ३९० | ४०० | |
| १० | समावेशी शिक्षा | १५० | १६० | १७० | १८० | १९० | २०० | २१० | २२० | २३० | २४० | |
| ११ | शिक्षामा सुचना प्रविधि | ३०० | ३१० | ३२० | ३३० | ३४० | ३५० | ३६० | ३७० | ३८० | ३९० | |
| १२ | शिक्षामाकमजोर वर्गको पहुँच | १५० | १६० | १७० | १८० | १९० | २०० | २१० | २२० | २३० | २४० | |
| १३ | संस्थागत संरचनार क्षमता विकास | २०००० | २१००० | २२००० | २३००० | २४००० | २५००० | २६००० | २७००० | २८००० | २९००० | |
| १४ | कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन, समन्वय र सहजिकरण | ४०० | ४२० | ४३० | ४४० | ४५० | ४६० | ४७० | ४८० | ४९० | ५०० | |
| **जम्मा** | | **२०७६५०** | **२१२०४०** | **३८३०२०** | **२२१२१०** | **२२५८९०** | **२३०५७०** | **२३४८५०** | **२३९५३०** | **२४४२१०** | **२४८८९०** | |

**५.६ अपेक्षित उपलब्धि**

वि स २०८७ सम्म शिक्षा क्षेत्रमा देहायबमोजिमको उपलब्धि हासिल भएको हुनेछ ।

१. आधारभूत तह सम्मको शिक्षा पाउन बाट कोही पनि बञ्चित भएको हुने छैन
२. माध्यमिक सम्मको शिक्षा पूर्ण रुपमा निशुल्क भएको हुनेछ
३. शिक्षामा नगरपालिकाको २० प्रतिशत बजेटको व्यवस्था भएको हुनेछ
४. विद्यालयहरुका भैतिक समस्या समाधान भएका हुनेछन
५. सबै विद्यालयहरुलाइ प्रविधिमैत्री बनाइएको हुनेछ ।
६. शिक्षकहरु आफनो पेशामा दक्ष र योग्य हुनेछन ।
७. शिक्षा क्षेत्रको वित्तीय अनुशासन कायम भएको हुनेछ ।
८. बालबालिकाहरुको क्षमता प्रदर्शन गर्ने अवसरहरुको सुनिश्चित भएको हुनेछ ।
९. आधारभूत तथा माध्यमिक शिक्षा गुणस्तरीय, व्यावहारिक, प्राविधिक र उपलब्धिमुलक भएको हुनेछ ।

## परिच्छेद ६ : कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ६.१ परिचय

कार्यक्रम कार्यान्वयनको समय पश्चात अनुगमन तथा मूल्याङ्कन गनु जरुरी हुन्छ । शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको विनियोजित तथा खर्च सही ठाउँ तथा प्रतिफल दिने खालको छ कि छैन भनि अनुगमन तथा मूल्याङ्कन गर्न जरुरी छ । यसले कार्यक्रमहरुको वर्तमान अवस्था र प्रगतिको स्थितिको बारेमा जानकारी दिन्छ। अनुगमन तथा मूल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई पारदर्शि, नतिजामुखि, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछ।

**६.२ *वर्तमान अवस्था*..........................**

**६.३ *लक्ष्य*...............**

### ६.४ उद्देश्यहरु

- शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको उपयुक्त प्रयोग तथा प्रतिफल मापन गर्नु।
- अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखि बनाउनु।

### ६.५ कार्यनीतिहरु/ रणनीतिहरू

- संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार बिच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागू गरि शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिनेछ।
- नगर शिक्षा ऐन, नियमावली तथा अन्य आवश्यक कार्यविधिहरु निमार्ण गरी कार्यान्वयन गरिनेछ।
- नगरपालिका स्तरमा नगर प्रमुखको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ।
- बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि अभिमुखीकरण गरिनेछ।
- शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि गरिनेछ।
- स्थानीय पाठ्यक्रम निमार्ण गरी सो का आधारमा कार्य पुस्तक तयार गरी पठनपाठन गरिनेछ।
- विद्यालय संग सरोकार राख्ने सबै सरोकारवालाहरुका लागि सचेतना अभियान सञ्चालन गरिनेछ।
- विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरुलाइ जिम्मेवार बनाइने छ।
- विद्यालयहरुमा प्रत्येक महिना बैठक बस्ने र समीक्षा गरी सो को प्रतिवेदन शाखामा पेश गर्ने संयन्त्र तयार गरिनेछ।
- वडाहरुमा पनि वडा स्तरीय शिक्षा समिति बनाइ विद्यालयहरुको अनुगमन निरन्तर गरिनेछ ।

- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरि आवश्यक सूचक सहित कार्यान्वयन गरिनेछ ।
- वर्षको कम्तीमा २ पटक जननिर्वाचित पदाधिकारीबाट विद्यालयको अनुगमन गरिनेछ भने शिक्षा युवा तथ खेलकूद शाखाबाट नियमित रुपमा अनुगमन गरिनेछ ।
- विद्यालय तहमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरि कार्यान्वयन गरिनेछ ।
- नगर शिक्षा योजनाको कार्यान्वयन प्रभावकारीता अध्ययन तथा प्रतिवेदन प्रकाशित गरिनेछ । यसका लागि नगरपालिका स्तरमा विज्ञको अध्ययन समूह गठन गरि परिचालन गरिनेछ ।
- शैक्षिक सुधारका लागि संघ, प्रदेश, संघ संस्थाहरु संग समन्वय गरी अगाडि बढिने छ।

## ६।६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धि:

***प्रमुख क्रियाकलाप र लक्ष्य:***

| *क्र.सं.* | *प्रमुख क्रियाकलापहरू* | *इकाइ* | *भौतिक लक्ष्य (५ वर्ष)* | | | | | | *भौतिक लक्ष्य (१० वर्ष)* | *कैफियत* |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | *१* | *२* | *३* | *४* | *५* | *जम्मा* | | |
| *१* | *अनुगमन पद्धति विकास तथा कार्यान्वयन* | *पटक* | | | | | | | | |
| *२* | *अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक* | *पटक* | | | | | | | | |
| *३* | *अनुगमन* | | | | | | | | | |
| *४* | *चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन* | | | | | | | | | |
| *५* | *स्थिति प्रतिवेदन तयारी* | | | | | | | | | |
| *६* | *विद्यार्थी सिकाइ उपलब्धि परीक्षण* | | | | | | | | | |
| *७* | *विद्यालयको कार्यसम्पादन परीक्षण* | | | | | | | | | |
| *८* | *क्षमता विकास* | | | | | | | | | |
| *९* | *सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने* | | | | | | | | | |
| *१०* | *विद्यालयको लेखा परीक्षण* | | | | | | | | | |
| *११* | *अध्ययन तथा अनुसन्धान* | | | | | | | | | |

## परिच्छेद ७: मुख्य मुख्य क्रियाकलाप र उपलब्धि सूचकहरु

### ७.१ परिचय

यस परिच्छेदमा माथि उल्लेखि सबै परिच्छेदहरुको विश्लेषणबाट अवको दश वर्षमा कुन कुन सूचकमा यस शिखर नगरपालिकाले के के उपलब्धि हासिल गर्ने छ भन्ने कुरा उल्लेख गरिएको छ । यस शिखर नगरपालिकाको आधार वर्षको अवस्था र अवक १० वर्षको लक्ष्य यसप्रकार रहेको छ ।

| क स | सूचकहरु | आधार वर्ष (२०७७) | लक्ष्य | | | | सुचकको श्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | २०८९ | २०८२ | २०८५ | २०८७ | |
| **१. प्रारम्भिक बालबिकास तथा शिक्षा** | | | | | | | |
| १.१ | कूल भर्नादर | ९० | ९५ | ९८ | १०० | १०२ | |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | ७०.२ | ९० | ९५ | ९८ | १०० | |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९८ | ९९ | १०० | १०० | १०० | |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९४.५ | ९८ | १०० | १०० | १०० | |
| १.५ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालबिकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ७० | ८० | ८५ | ९५ | १०० | |
| **२. आधारभूत शिक्षा** | | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | १२५ | ११८ | ११० | १०५ | १०० | |
| २.२ | कक्षा १ मा खूद प्रवेशदर | ९५ | ९६ | ९८ | ९९ | १०० | |
| २.३ | कक्षा १-५ मा कूल भर्नादर | १२० | ११५ | ११० | १०८ | १०५ | |
| २.४ | कक्षा १-५ मा खूद भर्नादर | ९६.५ | ९७ | ९८ | ९९ | १०० | |
| २.५ | कक्षा १-८ मा कूल भर्नादर | १११ | १०८ | १०६ | १०४ | १०२ | |
| २.६ | कक्षा १-८ मा खूद भर्नादर | ९४ | ९५ | ९६ | ९७ | ९८ | |
| २.७ | कक्षा १-८ मा खूद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | १.०० | १.०० | १.०० | १.०० | |
| २.८ | कक्षा ८ मा टिकाउदर | ८२ | ८४ | ८८ | ९० | ९५ | |
| २.९ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ८१.२ | ८३ | ८५ | ८९ | ९२ | |
| २.१० | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ३.२ | २ | १ | ० | ० | |
| **३. माध्यमिक शिक्षा** | | | | | | | |
| ३.१ | कूल भर्नादर कक्षा ९-१० | ८० | ९० | १०० | १०२ | १०५ | |
| ३.२ | खूद भर्नादर कक्षा ९-१० | ६८ | ७५ | ८५ | ९० | ९५ | |
| ३.३ | खूद भर्नादर कक्षा ९-१२ | ४२ | ५० | ६० | ६५ | ७० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.४ | कूल भर्नादर कक्षा ९-१२ | ६० | ७० | ८० | ८५ | ९० | |
| ३.५ | कूल भर्नादर कक्षा ११-१२ | ४५.७ | ५५ | ६५ | ७५ | ८५ | |
| ३.६ | खूद भर्नादर कक्षा ११-१२ | ३० | ४० | ५० | ६० | ७० | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६७.५ | ७० | ७५ | ८० | ८५ | |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | ३३ | ४० | ५० | ५५ | ६० | |
| ३.९ | कक्षा १-१२ मा खूद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | ०.९७ | ०.९९ | १.०० | १.०० | १.०० | |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ८४.९ | ८८ | ९२ | ९५ | ९८ | |
| ४.२ | १५-२४ वर्षको साक्षरता दर | ९५ | ९७ | ९८ | ९९ | १०० | |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ८० | ८५ | ९० | ९२ | ९५ | |
| **५. महिला शिक्षक प्रतिशत** | | | | | | | |
| ५.१ | आधारभूत तह | ४३.५६ | ४५ | ४८ | ५० | ५० | |
| ५.२ | माध्यमिक तह | ५.५६ | ८ | १० | १२ | १५ | |
| **६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पुरा गरेका विद्यालय प्रतिशत** | | | | | | | |
| ६.१ | प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द्र | २० | ३० | ५० | ८० | १०० | |
| ६.२ | आधारभूत विद्यालय | १० | २० | ४० | ६० | ८० | |
| ६.३ | माध्यमिक विद्यालय | ५ | १० | २५ | ३५ | ६० | |
| **७. नगरको बजेटमा शिक्षा क्षेत्रको बजेट प्रतिशत** | | ३.६८ | ५ | ८ | १० | १५ | |

## सन्दर्भ सामग्रीहरु


शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२, लेखक : केशरमहल, काठमाण्डौं।
अर्थ मन्त्रालय (२०७१), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७०/२०७१, लेखक: सिंहदरबार, काठमाण्डौं।
अर्थ मन्त्रालय (२०७२), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७१/२०७२, लेखक: सिंहदरबार, काठमाण्डौं।
अर्थ मन्त्रालय (२०७४), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७३/२०७४, लेखक: सिंहदरबार, काठमाण्डौं।
अर्थ मन्त्रालय (२०७५), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७४/२०७५, लेखक: सिंहदरबार, काठमाण्डौं।
अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७५/२०७६, लेखक: सिंहदरबार, काठमाण्डौं।
राष्ट्रिय योजना आयोग (२०६८),त्रिवर्षीय योजना२०६७/६८–२०६९/७०, लेखक: सिंहदरबार, काठमाण्डौं।
राष्ट्रिय योजना आयोग (२०७१), तेहौं योजना२०७०/७१–२०७२/७३, लेखक: सिंहदरबार, काठमाण्डौं।
राष्ट्रिय योजना आयोग (२०७३) चौधौं योजना २०७३/७४–२०७५/७६, लेखक: सिंहदरबार, काठमाण्डौं।
Department of Education (2016), FLASH II Report 2072 (2015-16), Author: Sanothimi, Bhaktapur.
Department of Education (2017), FLASH I Report 2074 (2017-18), Author: Sanothimi, Bhaktapur.

नेपाल कानून आयोग (२०७७), नेपालको संविधान, लेखक: www.lawcommission.gov.np
शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४२०७९-/८०,लेखक: सिंहदरबार, काठमाण्डौं।

## अनुसूचीहरु

### अनुसूची नं. १ कार्यपालिका पदाधिकारीहरुको विवरण

| क स | नाम | दर्जा | मोबाइल न | ठेगाना |
|---|---|---|---|---|
| १ | सीताराम जोशी | कार्यापालिका अध्यक्ष | ९८५८४२००७१ | शिखर नगर पालिका ४, मुडभरा, डोटी |
| २ | धौली देवी रावल | कार्यापालिका सदस्य | ९८५८४२००७२ | शिखर नगर पालिका, ८, तिलताली, डोटी |
| ३ | खडक वहादुर शाही | " | ९८६८४३०३२५ | शिखर नगर पालिका १, कपल्लेकी, डोटी |
| ४ | ऋषि राज जोशी | " | ९८५८४८८२२२ | शिखर नगर पालिका २, मुडेगाउँ, डोटी |
| ५ | प्रेम बहादुर जोरा | " | ९८१०७५५७०२ | शिखर नगर पालिका ३, जोरा गाउँ, डोटी |
| ६ | तेज बहादुर महरा | " | ९८५८४८०६७५ | शिखर नगर पालिका ४, मुडभरा |
| ७ | पदम बहादुर बोहरा | " | ९८५८४८०६०६ | शिखर नगर पालिका ५, तिजाली, डोटी |
| ८ | तेज बहादुर साउँद | " | ९८५८४८४८९८ | शिखर नगर पालिका ६, सुरखाल, डोटी |
| ९ | नर बहादुर बलायर | " | ९८४८६४१७३७ | शिखर नगर पालिका ७, बैरकोट, डोटी |
| १० | शिद्ध बहादुर बलायर | " | ९८५८४९०७०७ | शिखर नगर पालिका ८, गोपघाट, डोटी |
| ११ | कृष्णलाल विष्ट | " | ९८४८६५५३६४ | शिखर नगर पालिका ९, ढुङ्ग, डोटी |
| १२ | मिन बहादुर बलायर | " | ९८५८४४२२११ | शिखर नगर पालिका १०, बानेडुग्रीसैन, डोटी |
| १३ | भिष्म बहादुर बलायर | " | ९८४८४३४४०६ | शिखर नगर पालिका ११, अमडुग्रा, डोटी |
| १४ | विष्ना देवी दमाई | " | ९८४०३९५८३८ | शिखर नगरपालिका २, डोटी |
| १५ | यसोदा पार्की | " | ९८११६६९७५१ | शिखर नगर पालिका ३, डोटी |
| १६ | रमा कुमारी रावल (साउँद) | " | ९८६५६२९५२१ | शिखर नगरपालिका ५, डोटी |
| १७ | बलबीर टमटा | " | ९८४८४५५३५९ | शिखर नगर पालिका ६, डोटी |
| १८ | कुन्ती देवी बलायर | " | ९८४३२४७९४७ | शिखर नगरपालिका ७, डोटी |
| १९ | जमुना भट्ट (पन्त) | " | ९८६०१३९९४५ | शिखर नगरपालिका ९, डोटी |
| २० | भक्ति देवी बलायर | " | ९८४८८७२७२४ | शिखर नगरपालिका १०, डोटी |
| २१ | गणेश वि.क. | " | ९८५११५३११८ | शिखर नगर पालिका ११, डोटी |

## अनुसूची न २.

## नगर शिक्षा समितिका पदाधिकारीहरु

| क्र स | पदाधिकारीको नाम | पद | किसिम | मोबाइल न. | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिताराम जोशी | अध्यक्ष | नगर प्रमुख | ९८५८४२००७१ | |
| २ | मिनबहादुर बलायर | सदस्य | वडा अध्यक्ष | ९८५८४४२२११ | |
| ३ | रमा साउँद | " | महिला वडा सदस्य | ९८६५६२९५२१ | |
| ४ | सिद्धराज जोशी | " | वि.व्य.स. अध्यक्ष | ९८६६१०६०४० | |
| ५ | गगन कार्की | " | प्रधानाध्यापक | ९८४८६१७४११ | |
| ६ | घण्टेश्वरी जोशी | " | महिला प्रधानाध्यापक | ९८४८६७११४० | |
| ७ | जानकी धामी | " | शिक्षा प्रेमी महिला | ९८४७११७६२७ | |
| ८ | हिरा ताम्रकार | " | शिक्षा प्रेमी महिला | ९८६४३२०७६० | |
| ९ | राम दमाई | " | शिक्षा प्रमी दलित | ९८४२१७६९३९ | |
| १० | शेरबहादुर कार्की | सदस्य सचिव | शिक्षा अधिकृत | ९८५८४८०८२८ | |

## अनुसूची ३

## नगर शिक्षा योजना सल्लाहकार र कार्यदलका सदस्यहरु

### नगर शिक्षा योजना निमार्ण सल्लाहाकार समितिका पदाधिकारीहरु

| क स | नाम | दर्जा | पद |
|---|---|---|---|
| १ | सिताराम जोशी | संयोजक | नगर प्रमुख |
| २ | धौलीदेवी रावल | सदस्य | नगर उपप्रमुख |
| ३ | परमानन्द शर्मा | सदस्य | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४ | खडकबहादुर शाही | सदस्य | सामाजिक विकास समिति संयोजक |

### नगर शिक्षा योजना निर्माण कार्यदलका पदाधिकारीहरु

| क स | नाम | दर्जा | कैफियत |
|---|---|---|---|
| १ | शेरबहादुर कार्की | संयोजक | शिक्षा अधिकृत, शिखर नगरपालिका |
| २ | गगन कार्की | सदस्य | प्र अ, श्री केदारेश्वर मा वि कपल्लेकी |
| ३ | गिरीराज अवस्थी | " | प्र अ, श्री गणेश मा वि जैनोली |
| ४ | मुरलीधर भट्ट | " | शिक्षक, श्री राधाकृष्ण मा वि गोपघाट |
| ५ | कृष्णराज पाठक | " | प्र अ, श्री महाकाली मा वि मुडेगाउँ |
| ६ | चन्द्रराज जोशी " | " | प्र अ, श्री शारदा मा वि मुडभरा |
| ७ | उद्दवबहादुर मल्ल | " | प्र अ, पूर्व शिक्षा इकाइ प्रमुख शि न पा |
| ८ | लक्ष्मी शर्मा | " | शिक्षक, श्री राधाकृष्ण मा वि तिजाली |
| ९ | केशर सिंह विष्ट | " | प्र अ, सिताराम मा वि उच्चाकोट |
| १० | महेश भट्ट | " | प्र अ, श्री सिद्देश्वर मा वि बानेडुग्रीसैन |

अनुसूचि ४

शिखर नगरपालिका अन्तर्गत सञ्चालित शैक्षिक संस्थाहरु

सामुदायिक विद्यालयहरु

| क्र.स. | विद्यालयको नाम | वडा न. | ठेगाना | rn]sf] slff |
|---|---|---|---|---|
| १. | श्री केदारेश्वर माध्यमिक विद्यालय | १ | कपल्लेकी | १–१२ |
| २. | श्री शिवशक्ति आधारभूत विद्यालय | " | गुठेउरी | १–८ |
| ३. | श्री दुर्गा देवी आधारभूत विद्यालय | " | गुम | १–७ |
| ४. | श्री भगवती आधारभूत विद्यालय | " | सेरी | १–५ |
| ५. | श्री चिमराडेश्वर आधारभूत विद्यालय | " | साफरीगाउँ | १–३ |
| ६. | श्री महाकाली माध्यमिक विद्यालय | २ | मुडेगाउँ | १–१२ |
| ७. | श्री कलापतेश्वर आधारभूत विद्यालय | " | खचडा | १–५ |
| ८. | श्री भागेश्वर आधारभूत विद्यालय | " | गैरगडा | १–५ |
| ९. | श्री मलिका आधारभूत विद्यालय | " | पधेडा | १–५ |
| १०. | श्री भागेश्वर आधारभूत विद्यालय | " | कोठकठाली | १–५ |
| ११. | श्री बालुका आधारभूत विद्यालय | " | मुडेगाउँ | १-२ |
| १२. | श्री भवानी आधारभूत विद्यालय | ३ | खन्याडी | १ -८ |
| १३. | श्री कालिका आधारभूत विद्यालय | " | जोरागाउँ | १ –५ |
| १४. | श्री डाँडाबाग अमरज्योती आ.वि | " | आली अतुराली | १——५ |
| १५. | श्री नकुराला आधारभूत विद्यालय | " | नकुराला | १–३ |
| १६. | श्री शारदा माध्यमिक विद्यालय | ४ | मुडभरा | १–१२ |
| १७. | श्री पञ्चोदया आधारभूत विद्यालय | " | धुर्कोट | १–८ |
| १८. | श्री काफलेश्वर आधारभूत विद्यालय | " | बनली | १–८ |
| १९. | श्री पशुपति आधारभूत विद्यालय | " | मर्कट्टे | १–५ |
| २०. | श्री सरस्वति आधारभूत विद्यालय | " | सेल्पुङ्गा | १–५ |
| २१. | श्री काफली आधारभूत विद्यालय | " | धजडा | १–३ |
| २२. | श्री जनज्योती आधारभूत विद्यालय | " | द्याली | १–२ |
| २३. | श्री कैलाश आधारभूत विद्यालय | " | भडिपतल | १–२ |
| २४. | श्री राधाकृष्ण माध्यमिक विद्यालय | ५ | तिजाली | १–१२ |
| २५. | श्री दुर्गा आधारभूत विद्यालय | " | लेक | १–८ |
| २६. | श्री सरस्वती आधारभुत विद्यालय | " | ऐरीगाउँ | १–५ |
| २७. | श्री कालिका आधारभूत विद्यालय | " | गैनीगाउँ | १–५ |
| २८. | श्री बि पि आधारभूत विद्यालय | " | लुल्लेक | १–५ |
| २९. | श्री पडाखेति आधारभूत विद्यालय | " | पिडायल | १–३ |
| ३०. | श्री हरिहर माध्यमिक विद्यालय | ६ | तल्कोट | १–१२ |

| | | | | |
|---|---|---|---|---|
| ३१. | श्री सरस्वती माध्यमिक विद्यालय | " | चुडी | १–१२ |
| ३२. | श्री सरस्वती आधारभूत विद्यालय | " | सुर्काल | १–८ |
| ३३. | श्री पञ्चशीला आधारभूत विद्यालय | " | पच्नाली | १–५ |
| ३४. | श्री राधाकृष्ण आधारभूत विद्यालय | " | रिटभ्वाँ | १–५ |
| ३५. | श्री महादेव आधारभूत विद्यालय . | " | कोट | १–५ |
| ३६. | श्री उग्रतारा आधारभूत विद्यालय | " | कोटीगाउँ | १–३ |
| ३७. | श्री लाटामाण्डौ माध्यमिक विद्यालय | ७ | लाटामाण्डौ | १–१० |
| ३८. | श्री गणेश आधारभूत विद्यालय | " | विष्टैं | १–८ |
| ३९. | श्री इन्द्र आधारभूत विद्यालय | " | सेटीगाउँ | १–५ |
| ४०. | श्री मष्टा आधारभूत विद्यालय | " | बोहरागाउँ | १–५ |
| ४१. | श्री राधाकृष्ण माध्यमिक विद्यालय | ८ | गोपघाट | १–१२ |
| ४२. | श्री शारदा आधारभूत विद्यालय | " | तिल्ताली | १–५ |
| ४३. | श्री सिताराम माध्यमिक विद्यालय . | ९ | उच्चाकोट | १–१२ |
| ४४. | श्री गणेश माध्यमिक विद्यालय . | " | जैनली | १–१० |
| ४५. | श्री ज्ञानज्योति आधारभूत विद्यालय | " | छोया | १–५ |
| ४६. | श्री समैजी आधारभूत विद्यालय | " | ढुगँ | १–५ |
| ४७. | श्री मलसीमी आधारभूत विद्यालय | " | सुन्ड | १–५ |
| ४८. | श्री ब्रहमबेताल आधारभूत विद्यालय | " | जिजोडा | १–३ |
| ४९. | श्री सिद्धेश्वर माध्यमिक विद्यालय | १० | बानेडुग्रीसैन | १–१२ |
| ५०. | श्री बानेडुग्रा माध्यमिक विद्यालय | " | बन्लेक | १–१० |
| ५१. | श्री भुमिराज आधारभूत विद्यालय | " | थाप्सा | १–३ |
| ५२. | श्री भैरव आधारभूत विद्यालय | " | खन्नेखोला | १–३ |
| ५३. | श्री भवानी आधारभूत विद्यालय | " | गंगालेक | १–३ |
| ५४. | श्री काफलेश्वर आधारभूत विद्यालय | " | लटौला | १–३ |
| ५५. | श्रीसरस्वति आधारभूत विद्यालय | " | बडेखोला | १–३ |
| ५६. | श्री आदर्श आधारभूत विद्यालय | " | बानेडुग्रीसैन | १–३ |
| ५७. | श्री भग्वति आधारभूत विद्यालय | ११ | मल्लिसात | १–८ |
| ५८. | श्री भुवनेश्वरी आधारभूत विद्यालय | " | तल्लीसात | १–८ |
| ५९. | श्री जनजाग्रीति आधारभूत विद्यालय | " | अमडोरा | १–८ |
| ६०. | श्री सिद्धनाथ आधारभूत विद्यालय | " | सिमखोली | १–८ |
| ६१. | श्री कृष्णनगर आधारभूत विद्यालय | " | बारपाटा | १–५ |
| ६२. | श्री सदिच्छा आधारभूत विद्यालय | " | किमडा | १–५ |
| ६३. | श्री अखण्डज्योति आधारभूत विद्यालय | " | अमडोरा | १–५ |
| ६४. | श्री त्रिदेव आधारभूत विद्यालय | " | सिमार | १–३ |

## संस्थागत विद्यालयहरु

| क स | विद्यालयको नाम | वडा न | ठेगाना | संचालित कक्षा |
|---|---|---|---|---|
| १. | श्री केदारेश्वर सरस्वति ई.बो.स्कुल | १ | कपल्लेकी | १–५ |
| २. | श्री केदार नमुना ई.बो.स्कुल | १ | कपल्लेकी | १–५ |
| ३. | हिलस्टोन ई.बो.स्कुल | २ | मुडेगाउँ | १–३ |
| ४. | काफली ई.बो.स्कुल | ४ | मुडभरा | १–४ |
| ५. | प्यारामाउण्ट नेसनल ई.बो.स्कुल | ५ | धामीगाउ | १–३ |
| ६. | युनिक एकेडेमी ई.बो.स्कुल | ६ | कोट | १–७ |
| ७. | क्रिस्टल ई.बो.स्कुल | ८ | गोपघाट | १–१० |
| ८. | सुनाखरी ई.बो.स्कुल | १० | बानेडुग्रीसैन | १–१० |
| ९. | जिनियस जेनेरेसन ई.बो.स्कुल | १० | बानेडुग्रीसैन | १-१० |
| १०. | सेवा एकेडेमी ई.बो.स्कुल | १० | बानेडुग्रीसैन | १–३ |

## गुरुकुल/धार्मिक विद्यालय

| क स | विद्यालयको नाम | वडा न | ठेगाना | संचालित कक्षा |
|---|---|---|---|---|
| १. | श्री मष्टा गुरुकुल विद्याश्रम | ६ | चुडी | १–८ |

## क्याम्पस

| क स | क्याम्पसको नाम | वडा न | ठेगाना | संचालित तह |
|---|---|---|---|---|
| १. | सिताराम बहुमुखी क्याम्पस | ९ | उच्चाकोट | स्नातक |

## सामुदायिक सिकाइ केन्द्रहरु

| क स | विद्यालयको नाम | वडा न | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | कपल्लेकी सामुदायिक सिकाइ केन्द्र | १ | कपल्लेकी | |
| २ | सालमुनी सामुदायिक सिकाइ केन्द्र | २ | मुडेगाउँ | |
| ३ | मुडभरा सामुदायिक सिकाइ केन्द्र | ४ | मुडभरा | |
| ४ | जिजोडामाण्डौ सामुदायिक सिकाइ केन्द्र | ९ | जैनोली | |
| ५ | बारपाटा सामुदायिक सिकाइ केन्द्र | ११ | बारपाटा | |

## समुदायमा आधारित बालबिकास केन्द्रहरु

| क स | बालबिकास केन्द्रको नाम | वडा न | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | विद्याज्योती वालविकास केन्द्र | | | |
| २ | आली वालविकास केन्द्र | | | |
| ३ | सृजना वालविकास केन्द्र | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | तेडेश्वर वालविकास केन्द्र | | | |
| ६ | चेतना वालविकास केन्द्र | | | |
| ६ | उग्रतारा वालविकास केन्द्र | | | |
| ७ | काफली वालविकास केन्द्र | | | |
| ८ | निलपाल कैलपाल वालविकास केन्द्र | | | |
| ९ | शिलाशक्ति वालविकास केन्द्र | | | |
| १० | भगवती वालविकास केन्द्र | | | |
| ११ | बन्थडी  वालविकास केन्द्र | | | |
| १२ | कालिका वालविकास केन्द्र | | | |
| १३ | केदारेश्वर वालविकास केन्द्र | | | |
| १४ | भगवती वालविकास केन्द्र | | | |
| १५ | महादेवस्थान वालविकास केन्द्र | | | |
| १६ | सरस्वती वालविकास केन्द्र | | | |
| १७ | सिद्धनाथ वालविकास केन्द्र | | | |
| १८ | गौरीशंकर वालविकास केन्द्र | | | |
| १९ | भैरब वालविकास केन्द्र | | | |
| २० | वन्थडी वालविकास केन्द्र | | | |
| २१ | भवानी वालविकास केन्द्र | | | |
| २२ | नकुराला वालविकास केन्द्र | | | |

# अनुसूची ५
## आ व २०७८।७९ का लागि नगरपालिकाबाट शिक्षामा विनियोजित बजेट

| क स | कार्यक्रम | बजेट |
|---|---|---|
| १ | मेयर शैक्षिक सुधार | 1200000 |
| २ | नगर शिक्षा समिति  बैठक | 200000 |
| ३ | साझेदारीमा आधारित साक्षरता तथा साक्षर नगर घोषणा कार्यक्रम | 350000 |
| ४ | वि.व्य.स र शि.अ.सं. अध्यक्ष अभिमुखीकरण | 100000 |
| ५ | विद्यालय प्र.अ. क्षमता विकास कार्यशाला | 100000 |
| ६ | विद्यालय प्र.अ. बैठक | 400000 |
| ७ | शिक्षक विषयगत समुह निमार्ण, विषयगत शिक्षक तालिम र अनुभव आदान प्रदान | 200000 |
| ८ | विद्यालय कर्मचारी, बालबिकास सहजकर्ता तालिम तथा अभिमुखीकरण | 150000 |
| ९ | एकीकृत पाठयक्रम र NEGRP अभिमुखीकरण तथा पढाइ मेला कार्यक्रम | 150000 |
| १० | मेशनरी सामगी खरिद | 250000 |
| ११ | स्थानीय पाठ्यक्रम निमार्ण तथा परिमार्जन | 300000 |
| १२ | वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन र वितरण | 75000 |
| १३ | नगर शिक्षा पाश्वचित्र, शिक्षा योजना | 300000 |
| १४ | श्रोत विद्यालय व्यवस्थान खर्च | 110000 |
| १५ | विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | 400000 |
| १६ | नगर स्तरीय कक्षा ८ र अन्य कक्षाको वार्षिक परीक्षा सञ्चालन | 500000 |
| १७ | नगर भित्रका उत्कृष्ट प्र.अ. तथा शिक्षक, विद्यालय कर्मचारी र बालविबास सहजकर्ता सम्मान | 80000 |
| १८ | बालबालिका प्रतिभा पहिचान, विकास र प्रोत्साहन | 150000 |
| १९ | कक्षा ८ सर्वोउत्कृष्ट नतिजा ल्याउने छात्रा छात्र सम्मान | 30000 |
| २० | बाइक मर्मत | 40000 |
| २१ | ाविविध | 45000 |
| २२ | विद्यालय तथा बालबिकास केन्द्र र शैक्षिक कार्यक्रम सुपरीवेक्षण तथा अनुगमन | 200000 |
| २३ | सामुदायिक सिकाइ केन्द बैठक तथा व्यवस्थापन | 50000 |
| २४ | नीजी श्रोत शिक्षक पोशाक कार्यक्रम | 120000 |
| २५ | दरबन्दी मिलान र विद्यालय तथा बालबिकास केन्द्र समायोजन | 150000 |
| २६ | मेयर कप खेलकुद | 700000 |
| २७ | बालबिकास तथा विद्यालय कर्मचारी पोत्साहन अनुदान | 1800000 |

| | |
|---|---|
| जम्मा | 8150000 |